# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **तेजेश्वरबाबु ग्वंगःको 'अवकाशपछिको आकाश' कृतिको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषयपरिचय

वि. सं. १९९२ कार्तिक कृष्ण द्वादशीका दिन भक्तपुर जिल्लाको बज्रलाल खौमामा जन्मी वि. सं. २०१० देखि नेपाली साहित्यमा कलम चलाउन थालेका साहित्यकार तेजेश्वरबाबु ग्वंगः कवि, निबन्धकार, समालोचक, गीतकार, समाजसेवी, धार्मिक, व्यक्तित्वका साथै बहुमुखी व्यक्ति प्रतिभा हुन् । २०१० सालमा 'प्रेम' शीर्षकको निबन्ध 'परोपकार' पत्रिकामा प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका बहुमुखी प्रतिभा ग्वंगःले नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाए तापनि उनको प्रमुख विधा चाहिँ निबन्ध नै हो । यिनका निबन्धहरू विविध विषयमा रचिएका छन् । नेपाली सामाजिक परम्परामा प्रचलित विभिन्न धर्मसँग सम्बद्ध सांस्कृतिक पक्षलाई **संस्कृतिका आयाम** (२०५२) निबन्ध सङ्ग्रहमार्फत प्रस्तुत गरेका छन् । त्यसै गरी ग्वंगःले विविध विषयलाई आधार मानेर लेखेका निबन्धहरूलाई **अवकाशपछिको आकाश** (२०६७) मा सङ्गृहीत गरेका छन् । उनका निबन्धहरू अधिकतम नेपाली परिवेशमा लेखिएका छन् । नेपाली समाजमा रहेका विविध संस्कृति, संस्मरण, चिन्तन आदि विषयलाई यस निबन्धमा ग्वंगःले समेटेका छन् । ग्वंगःको पूर्व प्रकाशित निबन्ध सङ्ग्रहको अध्ययनका साथै उनका निबन्धमा व्यक्त सांस्कृतिक पक्षको अध्ययन भइसके तापनि **अवकाशपछिको आकाश** (२०६७)

मा सङ्कलित निबन्धहरूको अध्ययन नभएकाले यस शोधपत्रमा यस सङ्ग्रहको अध्ययन, विश्लेषण गरिएको छ ।

## १.४ समस्या कथन

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको गहन अध्ययन विश्लेषण यस शोधपत्रको समस्या रहेकाले ती समस्याहरूलाई विशिष्टीकरणका रूपमा निम्नलिखित बुँदामा समेटिएको छ :

(क) तेजेश्वरबाबु ग्वंगःको साहित्यिक जीवनी र व्यक्तित्व केकस्तो छ ?

(ख) तेजेश्वरबाबु ग्वंगःको रचनाधर्मिता केकस्तो छ ?

(ग) विधागत तत्त्वका आधारमा तेजेश्वर ग्वंगःको **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको स्वरूप केकस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

तेजेश्वरबाबु ग्वंगः को **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको अध्ययनमा केन्द्रित रहेको यस शोधपत्रमा निम्नलिखित उद्देश्य राखेर शोधकार्य गरिएको छ :

क) तेजेश्वर ग्वंगःको साहित्यिक जीवनी र व्यक्तित्वको पहिचान गर्नु,

ख) तेजेश्वर ग्वंगको रचनाधर्मिता पहिल्याउनु,

ग) विधागत तत्त्वका आधारमा तेजेश्वर ग्वंगःको **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको स्वरूपको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

वि.सं. २०१० मा **परोपकार** पत्रिकामा 'प्रेम' शीर्षकको निबन्ध प्रकाशित गरेर साहित्य यात्राको थालनी गरेका तेजेश्वरबाबु ग्वंगःका हालसम्म **संस्कृतिका आयाम** (२०५२), **अवकाशपछिको आकाश** (२०६७) र नेवारी भाषाको **संस्कृतिया पलं** गरी तीन वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । यसै गरी उनका कतिपय निबन्धहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका पनि छन् । नेपाली साहित्यका एक मूर्धन्य निबन्धकारका

रूपमा सुपरिचित भइसकेका ग्वंगःका बारेमा केही शोधपत्र र केही पत्रपत्रिकामा चर्चा-परिचर्चा र अध्ययन विश्लेषण भए तापनि उनको **अवकाशपछिको आकाश** (२०६७) निबन्धात्मक कृतिका निबन्धहरूको विश्लेषण भएको पाइँदैन । उनका बारेमा केही लेखक, पत्रकार, साहित्येतिहासकार, साहित्यकार, शोधार्थीहरूद्वारा गरिएका चर्चा परिचर्चा तथा अध्ययनलाई पूर्वकार्यका रूपमा कालक्रमिक ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ :

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०२७) मा सरल र आकर्षक शैलीमा निबन्ध लेख्ने निबन्धकारका रूपमा तेजेश्वरबाबु ग्वंगःलाई चिनाएका छन् ।

राजेन्द्र सुवेदीले **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि** (२०४३) मा ग्वंगः लाई **संस्कृतिका आयाम** (२०५२) सङ्ग्रहलगायत निबन्धका माध्यमबाट सांस्कृतिक भावना व्यक्त गर्ने र हास्यव्यङ्ग्यमूलक प्रवृत्ति अँगालेर निबन्ध सिर्जना गर्ने निबन्धकारका रूपमा चिनाउँदै उनका दुई ओटा हास्यव्यङ्ग्यात्मक निबन्धहरूको नाम उल्लेख गरेका छन् ।

भैरव अर्याल (सम्पादक) ले **साझा निबन्ध** सा. सं., (२०४९) पुस्तकको भूमिका लेखनका क्रममा तेजेश्वरबाबु ग्वंगःलाई हास्यव्यङ्ग्यात्मक निबन्धहरू लेखनमा संलग्न रहिरहेका निबन्धकारहरूमध्येका एक प्रतिभा मानेका छन् ।

जयदेव भट्टराई (सङ्कलक-सम्पादक) ले **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) मा ग्वंगः को जीवनीका विभिन्न पक्षको चिनारी दिँदै उनले समातेका साहित्य साधनाको मूल विधा निबन्ध भएकाले विभिन्न पत्रपत्रिकाहरूमा उनका निबन्ध, लेख आदि प्रकाशित भएको कुरा उल्लेख छन् ।

देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली निबन्ध** (२०५४) आधुनिक नेपाली निबन्धको तेस्रो चरण (२०१७) मा निबन्ध लेखनमा क्रियाशील अनेकौँ निबन्धकारहरूका लहरमा देखापरेका निबन्धकारका रूपमा तेजेश्वरबाबु ग्वंगः लाई चिनाएका छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) मा **सांस्कृतिक आयाम** नामक निबन्धसङ्ग्रह प्रकाशित गर्ने साहित्यकार तेजेश्वरबाबु ग्वंगःलाई निबन्धकारका रूपमा बढी चर्चित भएका प्रतिभा भनेका छन् ।

कृष्णविलास पौड्यालले **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला** (२०५८) मा निजात्मक ढङ्गमा कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने निबन्धकारका पङ्क्तिमा राखेर तेजेश्वरबाबु ग्वंग:को निबन्धकार व्यक्तित्वको परिचय दिएका छन् ।

विष्णु प्रभातले **एघारौं अवतार** (२०५८) मा नेपाली साहित्यका विविध विधाका सिर्जना र साधनामा हास्यव्यङ्ग्य शैली अँगालेर आफ्नो परिचय दिने लेखकहरूको ताँतीमा उभ्याई तेजेश्वरबाबु ग्वंग:को चिनारी गराएका छन् ।

उपेन्द्र के.सी. ले **छलफल** (साप्ताहिक : २०५९ वैशाख ८) पत्रिकामा 'भाषा साहित्य र संस्कृतिका साधक तेजेश्वर बाबु ग्वंग:' शीर्षकको लेखमा अन्य व्यक्तिहरूले गरेका भन्दा बढी मात्रामा विमर्श गरी ग्वंग : को जीवनी, घरपरिवार, दृष्टिकोण , पेसा वा व्यवसाय, लेखन - पठन, प्रकाशित पुस्तक तथा फुटकर रचनाहरूको नालीबेली विस्तारमा प्रस्तुत गरेका छन् । यस क्रममा भाषा साहित्यसेवी एवम् संस्कृतिविद्का रूपमा उभिएर नेपाली र नेवारी भाषामा हास्यव्यङ्ग्य कविता, निबन्ध तथा लेख आदि र अङ्ग्रेजी भाषामा समेत लेख -निबन्ध समीक्षा आदि लेख्ने एक विशिष्ट प्रतिभाका रूपमा ग्वंग:लाई उनले चिनाएका छन् । उनका रचनाहरू चिन्तन -दर्शन, संस्कृति, समाज, शिक्षण- प्रशिक्षण, प्रशासन-सुशासन र हास्यव्यङ्ग्यमा आधारित विषयसँग सम्बद्ध हुन्छन् अनि तिनले व्यापक मानवीय मूल्य, मान्यता र भाषा-साहित्य संस्कृतिप्रतिका संवेदनशील पक्षलाई छरितो शैलीमा प्रकट गरेका हुन्छन् । ग्वंग:को जीवन, उनको व्यक्तित्व र भाषा-साहित्य सस्कृतिको सेवाका मूलभूत पक्षको जानकारी दिएको उक्त लेखले ग्वंग: लाई चिनाउन निकै मद्दत गरेको छ ।

भोलानाथ गुरागाईंले **तेजेश्वरबाबु ग्वंग: नेपाली निबन्धहरूको अध्ययन** (२०५९) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा उनका २०५९ सालसम्म प्रकाशित भएका निबन्धहरूको विश्लेषण गर्दै ग्वंग: एक चिन्तनशील निबन्धकार हुन् । उनका निबन्धको मूल विषय संस्कृति र संस्कारको चिनारी गराउनु हो । नेपाली राष्ट्रिय संस्कृतिको संरक्षण र संवर्द्धनमा उनका निबन्धहरूले विशिष्ट भूमिका खेलेका छन् । नेपाली धर्म, संस्कृति, चाडपर्व, जात्रा, प्रथा, जीवन संस्कार, राजनीति, प्रशासन, पर्यटन, अर्थनीति, शिक्षा, पर्यावरण आदि अनेक विषयहरूमा उनका निबन्धहरू वस्तुपरक र आत्मपरक शैलीमा प्रस्तुत छन् । उनका निबन्धको भाषाशैलीगत प्रवृत्ति हेर्दा उनी सरल, सहज, प्रवाहमय, कवितात्मक, भावात्मक,

हास्यव्यङ्ग्यात्मक, चिन्तनपरक, गम्भीर र बौद्धिक एवम् प्रभावशाली भाषाशैलीगत विशेषताका निबन्ध लेख्ने निबन्धकार देखिन्छन् । उनका निबन्धमा राष्ट्र, राष्ट्रियता, देशप्रेम, जातिप्रेम, संस्कृतिप्रेम, आत्मगौरव, शान्ति, सद्भाव, समाजसुधार, अस्तित्वबोध, प्रकृतिप्रेम, मानवता र नेपालीत्व जस्ता भावनाहरू छचल्किएका छन् । उनी नेपाली साहित्यका एक उत्तम निबन्धकारमा गणना गर्न सकिन्छ भनी उल्लेख गरेका छन् ।

टेकिन्द्र अधिकारी (क्षेत्री) ले **तेजेश्वरबाबु ग्वंगः का नेपाली निबन्धमा सांस्कृतिक पक्षको अध्ययन** (२०६५) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा वि.सं. २०३६ पछिको नेपाली निबन्धको समसामयिक चरणमा सांस्कृतिक विश्लेषकका रूपमा ग्वंगःले आफूलाई सशक्तताका साथ उभ्याएका छन् । उनले आफ्ना निबन्धमा संस्कार, देवदेवी, कला, धार्मिक स्थल, पर्यावरण, पहिरन, चाडपर्व, जात्रा, प्रथा तथा अन्य संस्कृतिका विविध पक्षको रहस्यलाई विश्लेषण गर्ने प्रयत्न गरेका छन् । उनका निबन्धहरूले संस्कृतिका विभिन्न पाटाहरूलाई पहिल्याएका छन् । संस्कृतिभित्रका विविध पक्षमा केन्द्रित रहेर त्यसका सफलता र प्रभावलाई खुट्याउनुमै उनी बढी केन्द्रित भएकाले ग्वंगःलाई आधुनिक नेपाली निबन्धले एक कुशल संस्कृतिवेत्ताका रूपमा चिनाएको छ भनी बताएका छन् ।

गोविन्दराज भट्टराईले **अवकाशपछिको आकाश** (२०६७) कृतिको भूमिकामा 'अवकाशपछिको आकाशमा स्वच्छन्द भई उडेका तेजेश्वरका निबन्ध प्रवाहमा' शीर्षकको लेखमा **अवकाशपछिको आकाश** नेपाली साहित्यको पुरानो साधकले सिर्जना गरेका निबन्धहरूको नवीन सङ्ग्रह हो । यस सङ्ग्रहले तेजेश्वरलाई एक विशिष्ट निबन्धकारका रूपमा प्रस्तुत गरेको छ । उनका सिर्जनाको पृष्ठभूमि र प्रमुख स्रोत उनको जीवनशैली, संस्कार, दीक्षाशिक्षा, चेतना र परिवेश हो । उनी काठमाडौं उपत्यकाका एक शिक्षित र पठित व्यक्ति हुनु, अझ भक्तपुरको प्राचीन संस्कृतिको महान् परिवेशमा हुर्कनु, संस्कृतिका अध्येता, चिन्तक र मर्मज्ञ हुनु, जागिरे जीवनमा टेक्तै दुःखसुखका अनेक पर्वत र उपत्यका नाघ्दै जीवन बिताउनु, देशविदेशको भ्रमण गर्न पाउनुले नै उनलाई सिञ्चित चेतना प्रवाह गर्ने कारक हुन् । उनले यस निबन्ध सङ्ग्रहका निबन्धहरूमा एक दीर्घ साधकको प्रेम, निष्ठा र कर्तव्यका पथहरू झल्मलाएका छन् । उनका यस

सङ्ग्रहमा सांस्कृतिक, आध्यात्मिक चेतना, आत्मपरकता, संस्मरणात्मकता जस्ता विषयहरूले स्थान पाएका छन् । सूक्ष्म चिन्तन, विचार र निरीक्षण शक्ति आदिका कारणले उनी सम्पूर्ण रूपले एक जीवनवादी निबन्धकार हुन् भनी भनेका छन् ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले ग्वंगःका निबन्धका बारेमा परिचयात्मक रूपमा जानकारी गराए तापनि उनको **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यस शोधकार्यमा ग्वंगःको **अवकाशपछिको आकाश** कृतिको विस्तृत विश्लेषण गरी उनलाई विचारात्मक निबन्धकारका रूपमा चिनाउने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली भाषासाहित्यको सेवामा झन्डै ६० वर्षअगिदेखि निरन्तर साधनमा संलग्न तेजेश्वरबाबु ग्वंगः नेपाली साहित्यका एक राष्ट्रिय प्रतिभा हुन् । आफ्नै विशेषता र मौलिकता लिएर नेपाली साहित्यमा नौलो प्रवृत्तिसमेत अँगाल्ने उनका निबन्धहरू नेपाल राष्ट्रको सेवामा समर्पित छन् । विम्ब र प्रतीकको आकर्षक एवम् रसपूर्ण व्याख्या गर्ने निबन्धकार तेजेश्वरबाबु ग्वंगः का निबन्धहरूको अध्ययन विश्लेषण गर्नु भनेको नेपालका विशिष्ट साहित्यसेवीलाई राष्ट्रिय स्तरमै परिचित गराएर सम्मान गर्ने महत्त्वपूर्ण अवसर पाउनु हो । त्यसैले यस शोधपत्रको औचित्य र महत्त्व स्वतः स्पष्ट छ । यस शोधपत्रमा ग्वंगःका **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहभित्र निबन्धहरूको सूक्ष्म एवम् विस्तृत अध्ययन गरेर उनलाई परिचित गराउनु नेपाली साहित्यको अध्ययन परम्पराको एउटा महत्त्वपूर्ण पक्ष हुँदै हो । ग्वंगःको निबन्धात्मक कृतिका अध्ययनमा केन्द्रित भई **अवकाशपछिको आकाश** कृतिका निबन्धहरूको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनको यस निबन्ध सङ्ग्रहका निबन्धहरूका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनको **अवकाशपछिको आकाश** निबन्धात्मक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली निबन्धको इतिहास लेखनको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले ग्वंगलाई

निबन्धकारका रूपमा स्थापित गराउन सहयोग पुऱ्याउनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

निबन्धकार तेजेश्वरबाबु ग्वंगः समसामयिक आधुनिक निबन्धका क्षेत्रमा पूर्ण परिचित नाम हो । वि.सं. २०१० बाटै निबन्ध लेखनमा हात हालेका तेजेश्वरबाबु ग्वंगः ले वि.सं. २०३६ पछिको निबन्धयात्रामा आफूलाई सशक्तताका साथ उभ्याएका छन् । अनेकानेक विषयलाई निबन्धमा समाती त्यसको उत्पत्तिको कथा, विकास, परम्परा तथा प्रथालाई पहिल्याउने काम उनले गरेका छन् । हाम्रो सभ्यता र प्राचीन आचारलाई जीवन्त राख्न यसलाई निरन्तरता दिने संस्कृतिको संरक्षण र संवर्द्धन गर्नुपर्ने विचार उनका निबन्धमा पाइन्छ । संस्कृतिभित्रका मूल्यहरूका अनेकतामा भावनात्मक एकता कायम राखी सहिष्णु जीवनव्यवहार सञ्चालन गर्न उनका निबन्धले सिकाएका छन् । उनी संस्कृतिभित्रका रहस्यहरूलाई तथ्यपरक ढङ्गमा पहिल्याउने प्रयत्न गर्दछन् र यसमा सफलतासमेत प्राप्त गर्दछन् । यसैले सांस्कृतिक निबन्धहरूको सिर्जना गर्ने सर्जकका उनी अब्बल दर्जामा रहन पुगेका छन् ।

तेजेश्रबाबु ग्वंगः ले संस्कृतिदेखि बाहेकका अन्य विषयवस्तुलाई समेत निबन्धमा अटाएका छन् । राजनीतिक, सामाजिक, आर्थिक आदि पक्षमा देखिने विसङ्गतिका धर्सालाई हटाउने प्रयत्न स्वरूप उनले हास्यव्यङ्ग्यात्मक शैली अपनाएर निबन्ध लेखेका छन् । तेजेश्वरबाबु ग्वंगःले नेपाली भाषाइतर नेवारी र अङ्ग्रेजी भाषामा पनि निबन्ध रचना गरेका छन् । यसै गरी उनका कतिपय निबन्धहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा समेत छरिएर रहेका छन् । यसैले यो शोधपत्र उनको **अवकाशपछिको आकाश** (२०६७) कृतिमा मात्र केन्द्रित रही अन्य फुटकर निबन्धहरूलाई विश्लेषणको आधार नबनाउनु पनि यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ शोधविधि र सामग्री सङ्कलन विधि

शोधकार्यका लागि विशेष गरी पुस्तकालय, पत्रपत्रिकाको प्रयोगबाट सामग्री सङ्कलन गरिएको छ । यसरी नै उनका बारेमा भएका शोधग्रन्थहरूबाट पनि उचित सामग्री लिइएको छ । यसरी प्राप्त सामग्रीलाई निबन्धका सिद्धान्तका आधारमा विश्लेषण गरेर शोधपत्र तयार पारिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यसका साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | तेजेश्वरबाबु ग्वंगःको साहित्यिक जीवनी र व्यक्तित्व |
| तेस्रो परिच्छेद | : | तेजेश्वरबाबु ग्वगःको रचनाधर्मिता |
| चौथो परिच्छेद | : | निबन्ध सिद्धान्त र 'अवकाश पछिको आकाश' निबन्ध सङ्ग्रहका निबन्धहरूको अध्ययन |
| पाँचौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

# तेजेश्वरबाबु ग्वंग:को साहित्यिक जीवनी र व्यक्तित्व

## २.१ तेजेश्वरबाबु ग्वंग: को जीवनी

### २.१.१ जन्म र पुर्ख्यौली

वि.सं. १९९२ कार्तिक कृष्ण द्वादशीका दिन वाग्मती अञ्चल अन्तर्गत भक्तपुर जिल्लाको बज्रखाल खौमा टोलमा तजेश्वरबाबुको जन्म भएको हो (गुरागाइँ; २०५९ : ६) । पिता निरञ्जनलाल ग्वंग: र माता शारदादेवी मल्ल ग्वंग:का तीन सन्तानमध्ये जेष्ठ सुपुत्रका रूपमा जन्मिएका तेजेश्वरबाबुका एक भाइ र एक बहिनी रहेका छन् (गुरागाइँ; २०५९ : ६) । तेजेश्वरबाबुको पुर्ख्यौली थर राठौर थियो (गुरागाइँ; २०५९ : ६) । उनका पुर्खाहरू मल्लकालसम्म यही थरले परिचित थिए तर तत्कालीन मल्ल राजाहरूकहाँ बिहान जतिखेर पनि कुखुराको भालेझैँ चाँडै उठेर भक्तपुर मल्ल राजदरबारमा हाजिरी हुने परम्परा भएकाले 'ग्वंग:' बन्न पुगेका देखिन्छ (गुरागाइँ; २०५९ : ६) । नेवारी भाषामा 'ग्वंग:' शब्दको अर्थ 'कुखुराको भाले' हुन्छ (प्रधान, २०५४ : ६४) । वास्तवमा कुखुराको भालेको डाकसँगै भक्तपुरको मल्ल राजदरबारमा सेवामा हाजिर हुन पुग्ने जाँगरिलो परिवार भएकैले 'ग्वंग:' थरको परिचय दिन थालेको बुझिन्छ । यस थरलाई अँगाल्नुभन्दा पहिले उनीहरू 'राठौर' तथा 'राइठोर' नामले चिनिने गर्दथे । राणालीन समयमा अहिलेको अन्त: शुल्क विभागजस्तै एउटा अड्डा थियो । त्यही अड्डामा ग्वंग:का पिता जागिरे भएकाले उनको बाल्यकाल सुखद् किसिमले बित्यो (गुरागाइँ; २०५९ : ६) ।

### २.१.२ शिक्षादीक्षा

तेजेश्वरबाबुको शिक्षादीक्षाको क्रमलाई हेर्दा उनले ५ वर्षको उमेरदेखि अक्षरारम्भ गरेको देखिन्छ । भक्तपुरमा अवस्थित श्री पद्म स्कुलबाट उनले अध्ययनको सुरूआत गरेका हुन् । एक कक्षादेखि चार कक्षासम्म यस स्कुलमा पढेपछि उनी वि.सं. २००५ देखि काठमाडौँको जेपी स्कुलमा भर्ना भए । जेपी स्कुलमा पाँच कक्षादेखि नौ कक्षासम्म पढेर दस कक्षा पढ्दापढ्दै आमा बिरामी भएकाले उनले २००९ एस्.एल्.सी.को जाँच दिन पाएनन् । पछि वि.सं. २०१०

मा उनले भक्तपुरकै शारदा रात्री विद्यालयमा भर्ना भई रातिराति पढेर एस्.एल्.सी. परीक्षामा सामेल भए, जुन परीक्षामा त्यस स्कुलबाट परीक्षार्थीका रूपमा ग्वंगः मात्र थिए । यही सालमा नै तेस्रो श्रेणीमा एस्.एल्.सी. परीक्षा पास गरे । यसरी उनले केही कठिनाइका साथ माध्यमिक तहसम्मको शिक्षाको अध्ययन पूरा गरेको देखिन्छ (गुरागाईं; २०५९ : ७) ।

उनको उच्चशिक्षाको अध्ययन सुचारु रूपले अगाडि बढ्न सकेन । उनी शिक्षण पेसामा संलग्न भए । फुर्सदको समयको सदुपयोग गर्दै र काम पनि गर्दै उनले अध्ययनलाई अघि बढाउँदै लगे । उनले आई. ए. तहको अध्ययन पहिले त्रिचन्द्र कलेजबाट सुरु गरी भक्तपुर कलेजबाट २०१७ सालमा इतिहास, नेपाली र अङ्ग्रेजी विषय लिई उत्तीर्ण गरेका हुन् । स्नातक तह भने उनले प्राइभेट विद्यार्थीका रूपमा सम्मिलित भई दोस्रो श्रेणीमा उत्तीर्ण गरे । स्नातक तहमा मूल विषय नेपाली र अङ्ग्रेजी साहित्य थियो । यस प्रकारले विभिन्न बाधा र समस्याहरू झेल्दै उनको उच्च शिक्षायात्रा सुस्तरी अगि बढेको पाइन्छ । अझ उनको एम्.ए. अध्ययनले निकै लामो अन्तराल पर्खिनु परेको देखिन्छ । उनी राप्ती एकीकृत ग्रामीण विकास परियोजनामा सरकारी जागिर खाइरहेका थिए । त्यसबेला उनले एम्.ए. अध्ययन गर्नका लागि अमेरिका जाने अवसर पाए । यसै क्रममा उनले अमेरिकाको मेसिगन स्टेट युनिभर्सिटीबाट प्रौढ तथा निरन्तर (Adult and Continuing Education) र सांस्कृतिक नृतत्त्वशास्त्र (Cultural Anthropolgy) विषयमा प्रथम श्रेणीमा सन् १९८० (वि.सं. २०३७) मा एम्.ए. उत्तीर्ण गरेका थिए । यसरी प्रौढ तथा निरन्तर शिक्षाजस्तो अनौपचारिक शिक्षामा र सांस्कृतिक मानवशास्त्रमा अध्ययन गरेकाले नै उनको लेखनमा सांस्कृतिक विषयवस्तुले प्रभाव पारेको देखिन्छ । पाँच वर्षको उमेरदेखि प्रारम्भ भएको उनको औपचारिक शिक्षाको क्रम ४५ वर्षमा आइपुगेर टुङ्गिएको देखिन्छ । वि.सं. १९९७ देखि सुरु भई अघि बढेको उनको जीवनको औपचारिक शिक्षायात्राले एस्.एल्.सी. २०१०, आई.ए. २०१७, स्नातक २०२२ मा र एम्.ए. २०३७ मा पूरा गरेको तथ्य पाइन्छ ( गुरागाईं; २०५९ : ७) ।

## २.१.३ आजीविका आर्थिक अवस्था, विवाह र सन्तान

ग्वंगः को जागिरतर्फको कुरा गर्दा सर्वप्रथम उनले शिक्षण पेसा अँगाली शिक्षकका रूपमा काम गरेको पाइन्छ । २०१० सालमा एस्.एल्.सी. पूरा गर्ने बित्तिकै उनले शारदा रात्री मा.वि. भक्तपुरमा शिक्षक भएर काम गर्न थाले । उनले ऐँसेलुखर्क नि.मा.वि.मा २०१३ सालदेखि

२०१६ सालसम्म अध्यपान गरे । यस्तै गरी २०१६ सालपछि सरस्वती विद्यालयमा शिक्षण कार्य गरे भने २०१९ सालदेखि २०२१ सालसम्म नेपाल शिक्षा परिषद्सँग संलग्न रही शिक्षण पेसामा सहभागी रहे । उनले दरबार हाइस्कुलमा आंशिक शिक्षकका रूपमा पनि कार्य गरे । उनले शिक्षण पेसामा शिक्षक र प्रधानाध्यापकका रूपमा रही काम गरेको देखिन्छ (गुरागाईं; २०५९ : ८) ।

उनी सरकारी जागिरमा २०१७ सालदेखि प्रवेश गरेका हुन् । उनी पहिले जिल्ला विकास समिति अन्तर्गतको लेखापाल वा क्यासियर भएर सरकारी जागिर खान थालेका हुन् । २०१८ सालमा उनले त्रिभुवन ग्राम तथा जिल्ला विकास विभागमा रहेर जागिरे जीवन बिताए भने २०१८ सालमा उनी गृह पञ्चायत तथा स्थानीय विकास मन्त्रालयमा जागिरे हुन पुगे । उनी त्यस बखत सुब्बा थिए पछि शाखा अधिकृत भए र यसरी उनले झन्डै ३४ वर्षसम्म तत्कालीन श्री ५ को सरकारका विभिन्न प्रशासनिक पदमा रहेर कार्य गरेको देखिन्छ । उनले खासगरी ग्रामीण विकास योजना, अनुगमन तथा मूल्याङ्कन ग्रामीण विकास प्रशिक्षण, शैक्षिक तथा अनौपचारिक शिक्षामूलक अध्ययन प्रशिक्षण कार्यमा विशेषज्ञका रूपमा कार्य गरेको पाइन्छ । उनी १५ वर्षसम्म ग्रामीण विकास प्रशिक्षण कार्यमा प्रशिक्षक रहे भने कर्णाली भेरी एकीकृत ग्रामीण विकास परियोजनाका कोअर्डिनेटर बनेर पनि सरकारी सेवा गरे । श्री ५ को सरकारका प्रथम श्रेणीको कोअर्डिनेटर भएर कार्य गर्न सफल भएका ग्वंगः २०४९ सालमा सेवा अवधि पूरा गरी सरकारी सेवाबाट निवृत्त भए । सरकारी सेवा निवृत्त जीवन पुनः शिक्षण पेसाबाटै गुज्रिरहेको छ । हाल उनी भक्तपुरको जेसिस स्कुलमा प्रधानाध्यापकका रूपमा कार्य गरिरहेका छन् (गुरागाईं, २०५९ : ८) ।

उनको आर्थिक र पारिवारिक स्थिति हेर्दा उनी निम्न मध्यम वर्गीय जीवन बिताइरहेका छन् । उनको पैतृक तथा आफूले आर्जन गरेको सम्पत्तिबाट व्यक्तिगत र पारिवारिक जीवन सञ्चालन भइरहेको छ । वि.सं. २०२४ सालमा ध्रुवेश्वरी कायस्थसँग विवाह गरी दाम्पत्य जीवनको सुरुआत गरेका ग्वंगःका परिवारमा जम्मा पाँचजना सदस्यहरू रहेका छन् । उनका तीनजना छोराछोरी छन् । उनका जेठा सन्तानका रूपमा २०२६ सालमा जन्मेका छोरा सञ्जीवबाबु ग्वंगः हुन् । त्यस्तैगरी उनका २०३२ सालमा जन्मेकी छोरी मन्तला ग्वंगः र २०३४ सालमा जन्मेकी छोरी भिन्तुना ग्वंगः गरी दुई छोरी छन् । घरका सबै सदस्यहरू अर्थोपार्जन गर्ने

कुनै न कुनै पेसामा संलग्न भएकाले उनको परिवार राम्रोसँग सञ्चालन भइरहेको छ । छोराले भक्तपुर चेम्बर अफ कमर्सका अधिकृतको काम सम्हालेका छन् । जेठी छोरीको विवाह भइसकेको र कान्छी छोरी भिन्तुना फर्ममा काम गर्छिन् साथै ग्वंगःकी श्रीमती पनि पसल चलाएर बसेकी छन् । हाल छोराको विवाह भइसकेको र बुहारी पनि अर्थोपार्जन कार्य गरिरहेकी छन् । त्यसैले ग्वंगःले पारिवारिक सन्तुष्टि प्राप्त गरेका छन् (गुरागाइँ, २०५९ : ९) ।

## २.१.४ साहित्यिक लेखन र प्रेरणा र उनका निबन्धात्मक कृतिहरू

ग्वंगः को साहित्यिक जीवनको औपचारिक प्रारम्भ २०१० सालदेखि भएको हो । यसभन्दा पहिले २००९ सालमा लक्ष्मीप्रसाद देवकोटासित भेट गरी उनलाई **सपना** शीर्षकको निबन्ध सुनाएका थिए रे ! त्यो निबन्ध सुनेर देवकोटा निकै प्रसन्न भएका थिए, तर त्यो निबन्ध हराइसकेको कुरा ग्वंगः बताउँछन् (के. सी., २०५९, ५) । ग्वंगःले नेपाली साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिह प्रधान, शङ्कर लामिछाने, कृष्णचन्द्रसिंह प्रधान आदिबाट साहित्य लेखनका लागि प्रेरणा लिएका थिए भने पाश्चात्य साहित्यकारहरू फ्रन्सिस बेकन, रवर्ट लिन्वड, स्टेफन लिकक, हेनरी भाइक्स, जीके चेस्टरटर आदिका कृतिहरूबाट पनि उनी प्रभावित रहेको पाइन्छ । यी व्यक्ति तथा कृतिबाहेक संस्कृतिको अध्ययन गर्ने सांस्कृतिक नृतत्त्वशास्त्र, अनौपचारिक शिक्षा, हिन्दू धर्म र दर्शन र नेपाली राष्ट्रिय सु-संस्कृति र संस्कार आदिले उनको साहित्य सिर्जनामा प्रशस्तै प्रभाव पारेको स्पष्ट देखिन्छ । यिनै पक्षले उनका निबन्ध रचनामा सांस्कृतिक चिन्तन दर्शन आदि सरल मार्मिक रूपमा प्रस्तुत भएका छन् । उनको साहित्य लेखनमा प्रभाव पार्ने अन्य तत्त्वहरूमा नेपाली प्रकृति, नेपाली समाज र जीवन, नेपाली कला तथा विविध व्यक्ति, व्यक्तित्वहरू पनि रहेका छन् । उनले सर्वप्रथम कथा लेख्ने अभ्यास गरेको भए पनि पछि निबन्ध लेखनतर्फ नै सक्रिय देखिए (के. सी., २०५९ : ५) ।

तेजेश्वरबाबु ग्वंगःले २०१० सालमा **परोपकार** पत्रिकामा प्रकाशित 'प्रेम' शीर्षकको निबन्ध प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका हालसम्म नेपालीमा दुई वटा निबन्ध सङ्ग्रह **संस्कृतिका आयाम** (२०५२) र **अवकाशपछिको आकाश** (२०६७) प्रकाशित भएका छन् भने असङ्ख्य फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिका तथा सामयिक प्रकाशनमा छरिएर रहेका छन् । उनले नेपाली, अङ्ग्रेजी, नेवारी गरी तीनओटा भाषामा प्रशस्तै निबन्धहरू लेखेका छन् । उनको नेवारी भाषामा एउटा **संस्कृतिया पलँ** (ने.सं. ११११९) भन्ने निबन्ध सङ्ग्रह

प्रकाशित छ । उनका अङ्ग्रेजी भाषा पनि धेरै निबन्धहरू भए तापनि सङ्ग्रहहरू प्रकाशित नभएकाले ती निबन्धहरू पनि अनेकौं पत्रपत्रिकामा छरिएर रहेका देखिन्छन् । साहित्यकार ग्वंगः निबन्धका अतिरिक्त कविता लेख्छन् । उनको कविता झापाबाट प्रकाशित हुने **युगवाणी** पत्रिकामा 'जिन्दगी पसिना पसिना !' २०३०-३१ मा पहिलो पटक प्रकाशित भएको देखिन्छ । उनका हालसम्म दुई दर्जनभन्दा बढी कविताहरू नेपाली र नेवारीमा भाषामा प्रकाशित भइसकेका छन् । उनका निबन्धका तुलनामा कविताहरू कम भएकाले उनको प्रमुख साहित्यिक व्यक्तित्वमा निबन्धकार व्यक्तित्व नै प्रबल रहेको स्पष्ट हुन्छ (गुरागाईं; २०५९ : १०) ।

### २.१.५ यात्रा

साहित्यकार ग्वंगः भ्रमणमा रूचि लिने व्यक्ति हुन् । यस क्रममा उनले विभिन्न अवसरमा नेपालका ६६ ओटा जिल्लाहरू भ्रमण गरेका छन् भने विदेश भ्रमणमा उनले भारत, पाकिस्तान, थाइल्यान्ड, हङकङ, कोरिया, जापान, फिलिपिन्स, अमेरिका, बेलायत, जर्मनी आदि देशहरूको भ्रमण गरेका छन् (गुरागाईं, २०५९ : १०) ।

### २.१.६ संलग्नता

ग्वंगः आफ्ना जीवनमा अनेकौं सङ्घसंस्थाहरूसँग संलग्न रहेका देखिन्छन् । उनी नेपाली साहित्य मन्दिर भक्तपुरका संस्थापक सदस्य तथा कार्यकारी सदस्य सचिवका रूपमा अटुट रूपमा आफ्नो जिम्मेवारी पूरा गरिरहेका छन् । यसरी नै उनी सिद्धिचरण प्रतिष्ठानका सदस्य सचिव, नेपाली शिक्षा परिषद्का कार्यकारी सदस्य, हेमराज पाण्डे गुठीका सदस्य, नेपाली भाषा परिषद् (चित्तधर हृदयवाला) का कार्यकारी सदस्य, रेडक्रस भक्तपुरका सदस्य, नेवा गुठी भक्तपुरका सल्लाहकार, रेयुकाई भक्तपुरका सल्लाहकारका रूपमा संलग्न भएका देखिन्छन् । यसरी ग्वंगः साहित्यिक र सामाजिक सेवामा सक्रिय रूपमा लागेर साहित्यसेवा र समाज सेवाका क्षेत्रमा उल्लेखनीय योगदान दिइरहेका छन् (अधिकारी, २०६५ : ३३) ।

### २.१.७ पुरस्कार, प्रशंसा र सम्मान

साहित्यकार तेजेश्वरबाबु ग्वंगः लाई उनले गरेका उल्लेखनीय देशसेवाका कार्यहरूको कदर गरेर सम्मान गर्दै विभिन्न पदक, पुरस्कार तथा सम्मानद्वारा विभूषित गरिएको छ । उनले हालसम्म गो.द.वा. चतुर्थ पदक, ठाकुरलाल सिरपा राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८),

सिद्धिचरण श्रेष्ठ पुरस्कार (२०६९) आदिद्वारा सम्मानित हुने अवसर पाएका छन् (अधिकारी, २०६५ : ३३) ।

## २.२ तेजेश्वरबाबु ग्वंगःको व्यक्तित्व

साहित्यकार तेजेश्वरबाबुको जीवनयात्रालाई हेर्दा उनका विविध व्यक्तित्वका पाटाहरू देखिन्छन् । उनले जीवनमा अनेकौँ कार्यहरू गरेका छन् । तिनै कार्यहरूबाट उनका विविध व्यक्तित्वका पाटाहरू देखापरेका छन् । मोटामोटीमा उनका व्यक्तित्वका पाटा निम्नलिखित छन् :

- शिक्षक-प्रशिक्षक व्यक्तित्व
- समाजसेवी व्यक्तित्व
- सांस्कृतिक व्यक्तित्व
- बौद्धिक व्यक्तित्व
- साहित्यकार व्यक्तित्व
- जागिरे व्यक्तित्व
- सङ्गठक/संस्थापक व्यक्तित्व
- धार्मिक व्यक्तित्व
- अनुवादक व्यक्तित्व

### २.२.१ शिक्षक-प्रशिक्षक व्यक्तित्व

तेजेश्वरबाबु ग्वंगः लामो समयदेखि शिक्षण पेसामा संलग्न रहँदै आएका छन् । उनले साधारण शिक्षक र प्रधानाध्यापक भई विभिन्न विद्यालयमा शिक्षणकार्य गरेका छन् । त्यस्तै गरेर सरकारी जागिर खाँदा विभिन्न समयमा प्रशिक्षक भएर प्रशिक्षण दिएका छन् । यिनै आधारमा उनको शिक्षक-प्रशिक्षक व्यक्तित्वलाई देखाउन सकिन्छ ।

### २.२.२ समाजसेवी व्यक्तित्व

ग्वंगः एक समाजसेवी व्यक्ति हुन् । उनले रेयुकाई, जेसिस गुठी आदिमा रहेर अनेकौँ सामाजिक हित र कल्याणका कार्य गरेका छन् । उनी यस्ता संस्थाहरूमा अझै पनि संलग्न भई

काम गरिरहेका छन् । यी उनका समाजसेवी व्यक्तित्वलाई चिनाउने प्रसङ्ग बनेका छन् । उनले समाज सुधारका लागि गरेका कामहरूले पनि उनलाई सच्चा समाजसेवीका रूपमा चिनाएको छ ।

### २.२.३ सांस्कृतिक व्यक्तित्व

ग्वंगः सांस्कृतिक मानवशास्त्रको उच्च अध्ययन गर्ने व्यक्ति हुन् । उनले नेपाली संस्कृतिका बारेमा सांस्कृतिक विम्ब र प्रतीकहरूको व्याख्या गरेर तिनमा पाइने जीवनदर्शन र समाजबोधलाई स्पष्ट रूपमा आफ्ना निबन्धहरूमा व्यक्त गरेका छन् । उनी नेपाली संस्कृतिको जीवनमूलक व्याख्या गर्ने एक ठूला विद्वान् हुन् । हाम्रा धर्म, संस्कार, चाडपर्व, जात्रा, कला रीतिरिवाज, चालचलन आदिलाई सांस्कृतिक मूल्यका दृष्टिले र मानवीय सृष्टिका दृष्टिले व्याख्या गर्ने एक विशिष्ट सांस्कृतिक निबन्धकार पनि हुन् । यी प्रसङ्गले संस्कृतिविद्का रूपमा र सांस्कृतिक व्यक्तित्वका रूपमा उनलाई चिनाउन सकिन्छ ।

### २.२.४ बौद्धिक व्यक्तित्व

ग्वंगः तीक्ष्ण बुद्धि भएका शिक्षक, प्रशिक्षक, व्याख्याता, चिन्तक पनि हुन् । त्यसैले उनका साहित्यिक कृतिहरू उच्च बौद्धिकता, ज्ञान, दर्शन, विचारधारा र दृष्टिकोणले भरिएका छन् । उनी जहिले पनि विविध विषयका गम्भीर प्रवचन दिने गर्छन् भने कतिपय संस्थाका सल्लाहकार भएर कार्य पनि गरिरहेका छन् । अनौपचारिक शिक्षा र सांस्कृतिक मानवशास्त्रजस्ता विषयमा एम्.ए. अध्ययन गरिसकेको उनको व्यक्तित्व स्वतः बौद्धिक देखिन्छ भने उनका लेखन सिर्जना र बौद्धिक कार्यहरूले उनलाई एक गम्भीर अध्येता तथा बुद्धिजीवीका रूपमा चिनाएकै देखिन्छ ।

### २.२.५ साहित्यकार व्यक्तित्व

तेजेश्वरबाबु ग्वंगः को सबैभन्दा प्रभावशाली राष्ट्रिय व्यक्तित्व साहित्यकार व्यक्तित्व नै हो । उनी नेपाली साहित्यकार विशिष्ट निबन्धकार हुन् । यस्तै गरी उनी नेवारी, अङ्ग्रेजी भाषाका उत्कृष्ट साहित्यकार पनि हुन् । उनले नेपाली भाषा, नेवारी र अङ्ग्रेजी तीनै भाषामा सिर्जनात्मक योगदान दिएका छन् । उनको साहित्यकार व्यक्तित्वका दुई पाटा छन् । स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व उनले निबन्ध र कविताहरू सिर्जना गरेर स्रष्टा व्यक्तित्वको परिचय

दिएका छन् भने अनेकौँ व्यक्ति व्यक्तित्वका र कृति कृतित्वका बारेमा समीक्षात्मक टिप्पणी लेखेर द्रष्टा व्यक्तित्वको पनि परिचय दिएका छन् । यस्तै गरी उनले नेपाली र नेवारी भाषामा विभिन्न हास्यव्यङ्ग्यात्मक निबन्धहरूको सिर्जना गरेर हास्यव्यङ्ग्यकार व्यक्तित्वको परिचय दिएका छन् । समीक्षा लेख्ने भएकाले उनलाई एक समालोचकका रूपमा पनि चिनाउन सकिन्छ भने अनेकौँ नेपाली, नेवारी र अङ्ग्रेजीमा लेखिएका उनका लेख निबन्धहरू र कविताहरूले उनलाई लेखक व्यक्तित्वका स्वरूप बोकेको व्यक्तित्वका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## २.२.६ जागिरे व्यक्तित्व

ग्वंगः ३४ वर्षसम्म सरकारी सेवामा संलग्न रहेका छन् । उनले लेखापालको जागिरदेखि लिएर सुब्बा, शाखा अधिकृत, कोअर्डिनेटर वा कार्यक्रम संयोजकजस्ता पदमा रही आफ्नो कुशल कार्यक्षमता देखाएका हुनाले उनलाई एक सफल जागिरे व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

## २.२.७ सङ्गठक/संस्थापक व्यक्तित्व

ग्वंगःले आफ्नो जीवनलाई विभिन्न सङ्घ सङ्गठन एवम् संस्थाहरू खोल्ने र तिनमा रहेर नेतृत्व दिने कार्य पनि गरेका छन् । उनले खास गरी नेपाल साहित्य मन्दिर, सिद्धिचरण प्रतिष्ठान, नेपाली शिक्षा परिषद्, नेपाली भाषा परिषद्, रेयुकाई, जेसिस, गुठी आदि साहित्यिक तथा सामाजिक सङ्घसंस्थालाई हुर्काउने, बढाउने, अगुवाइ गर्नेजस्ता सङ्गठक संस्थापकको भूमिका निर्वाह गरेका छन् । त्यसैले उनी लगनशील र कुशल सङ्गठक/संस्थापक व्यक्तित्वका रूपमा देखिन्छन् ।

## २.२.८ धार्मिक व्यक्तित्व

तेजेश्वरबाबु कतिपय धार्मिक संस्था र धार्मिक क्षेत्रका संरक्षण गर्ने कार्यमा लागेर अनि धर्मकर्ममा विश्वास राखी भक्ति भावना प्रकट गर्ने कार्य गरेर आफूलाई धार्मिक व्यक्तित्वका रूपमा चिनाएका छन् ।

## २.२.९ अनुवादक व्यक्तित्व

ग्वंगः बहुभाषाका ज्ञाता हुन् । मातृभाषा नेवारीका अतिरिक्त नेपाली तथा अङ्ग्रेजीमा समेत उत्तिकै बोल्न र लेख्न सक्ने तथा संस्कृतको पनि ज्ञान भएकाले उनलाई बहुभाषी ज्ञाता

भन्न सकिन्छ । उनले आफ्ना नेपालीमा लेखिएका कृतिहरूलाई नेवारीमा र नेवारीमा लेखिएकालाई नेपालीमा अनुवाद गर्ने एवम् प्रकाशन गर्ने काम पनि गरेका छन् । यसरी तेजेश्वरबाबु ग्वंग: अनेकौँ व्यक्तित्वका एक पुञ्ज हुन् र यस्ता विविध व्यक्तित्वले गर्दा उनको जीवन उज्ज्वल भई सम्मानित र प्रतिष्ठित हुन पुगेको छ । सदैव नेपाली टोपी लगाएर हिँड्ने प्रवृत्तिले ग्वंग: लाई एक सच्चा नेपाली राष्ट्रभक्तका रूपमा परिचित गराएको छ ।

## २.३ निष्कर्ष

तेजेश्वरबाबु ग्वंग: विभिन्न व्यक्तित्वका धनी प्रतिभा देखिन्छन् । विभिन्न सङ्घ संस्थामा संलग्नता र विभिन्न विषयको रूचिले उनको व्यक्तित्वलाई माथि उठाएका छन् । कहिले शैक्षिक सामग्रीमा केन्द्रित रही, कहिले समाजसेवामा आबद्ध रही, कहिले धर्ममा संलग्न रही, कहिले संस्कृति र साहित्यका विभिन्न पक्षमा रूचि लिँदै त्यसको विकास, विस्तार, संरक्षण र संवर्द्धनमा आबद्ध रही आफूलाई क्रियाशील बनाएकाले उनी बहुआयामिक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

# तेस्रो परिच्छेद

# तेजेश्वर ग्वंग:को रचनाधर्मिता

## ३.१ निबन्धको अवधारणा

साहित्यका श्रव्य र दृश्य गरी दुई भेदमध्ये श्रव्यअन्तर्गतका पनि पद्य र गद्य गरी दुई हाँगा छन् । पद्यमा कविता विधा पर्दछ भने गद्यमा कथा, उपन्यास र निबन्ध पर्दछन् । निबन्ध ललित र सौन्दर्यपरक हुन्छ । निबन्ध रागात्मक एवम् अनुभूतिजन्य, कल्पनाप्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ ।

### ३.१.१ निबन्धको पूर्वीय दृष्टिकोण

'निबन्ध' संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ (सुवेदी; २०४३ : ६) । यसको व्युत्पत्तिगत अर्थ 'निबन्धनानीति' निबन्ध भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाँध्नु भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा आत्मालाई सांसारिक मायाजालबाट बाँधेर राख्ने आसुरी सम्पत्तिका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् (सुवेदी; २०४३ : ६) । यसको अर्थ बाँध्नु भन्ने बुझिन्छ । त्यसपछि आठौँ शताब्दीमा निबन्ध शब्दको प्रयोग अर्थटीका, व्याख्या, भाष्य आदि अर्थमा गरेको पाइन्छ (सुवेदी; २०४३ : ६) । संस्कृतिका कोशकार आप्टेयले बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि निबन्धका एघार अर्थ लगाएका छन् (आप्टे; सन् १९६९ : ५२७) ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै अगाडिदेखि भएको पाइन्छ, तर यी सबै अर्थले निबन्धलाई पूर्ण रूपमा समेट्न सकेका छैनन् । निबन्ध शब्दको यी विविध प्रयोगलाई हेर्दा शब्दको अर्थमा केही परिवर्तन हुँदै आएको देखिन्छ । निबन्ध शब्दको सम्पूर्ण प्रयोगलाई हेरी व्यापक अर्थमा अर्थ्याउन खोज्दा पूर्वीय सन्दर्भमा निबन्ध शब्दको अर्थ कुनै विषय विशेषलाई कुनै सीमामा बाँध्नु भन्ने हुन्छ । आजको निबन्धको प्रयोग संस्कृत साहित्यकलामा भएको

पाइँदैन (सुवेदी; २०४३ : ७) । विश्वसाहित्यमा आधुनिक कालको सुरूवात भएपछि मात्र निबन्ध साहित्यिक विधाका रूपमा स्थापित भएको हो । तसर्थ निबन्धको स्वरूपलाई बुझ्न निबन्धसम्बन्धी पाश्चात्य चिन्तन प्रक्रियालाई हेर्नु उपयुक्त हुन्छ ।

### ३.१.२ पाश्चात्य दृष्टिकोण

अङ्ग्रेजीमा निबन्धलाई एस्से भनिन्छ । यो फ्रान्सेली शब्दको एसाइबाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (लुइटेल र गौतम, २०५५ : १) । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । सोह्रौं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनाहरूलाई इसाइ भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ (सुवेदी; २०४३ : ७) । उनले निबन्धका नाममा छुट्टै टिप्पणी त गरेका छैनन् तापनि निबन्धलाई आत्म प्रतिपादन र अहम्ताको अभिव्यक्ति भनेका छन् । मोन्तैँनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ (थापा; २०४२ : १८०) । त्यसैलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

फ्रान्सिस बेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो (सुवेदी; २०४३ : १७) भन्दछन् । यसरी पहिलो पटक तयार भएको परिभाषाबाट के कुरा स्पष्ट हुन्छ भने निबन्ध स्रष्टाको आत्मा प्रष्फुटन र त्यसको सिर्जनात्मक प्राप्तिको क्रिया र प्रत्यक्ष हृदयको उद्‌गार हो (सुवेदी; २०४३ : ८) । पश्चिमी साहित्यमा यसका नामहरू विभिन्न रूपमा प्रचलित छन् । तर परिभाषित अर्थ भने एकै किसिमका छन् । ग्रिसेली भाषामा निबन्धलाई एसेज भनिन्थ्यो । यसको अर्थ हुन्छ प्रयास गर्ने यसलाई फ्रान्समा मोन्तेंनले एस्से नाम दिएर आफ्ना रचनाहरूको सङ्कलन गरे । यसको अर्थ भावनालाई स्वतन्त्र र निर्वाध रूपमा प्रकट गर्ने प्रयास गर्नु हुन्छ । यसरी हेर्दा आजको निबन्ध पाश्चात्य साहित्यको देन हो भन्न सकिन्छ ।

यसरी यिनीहरूले स्पष्ट रूपमा निबन्धको भेद देखाए । मोन्तैँन आत्मपरक निबन्धकारका रूपमा देखापरे भने बेकन वस्तुपरक निबन्धकारका रूपमा देखापरे । पाश्चात्य साहित्यमा यिनै दुई मान्यतालाई स्वीकार गरी निबन्ध सिर्जना अघि बढेको पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यका विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य एस्से शब्दले आरम्भकालदेखि साहित्यिक रचनाकै अर्थ बहन गरेर व्यापक अर्थमा गद्य विधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वी व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग निकै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपालीमा निबन्ध शब्द प्रचलित भएको छ ।

यसरी फ्रान्सबाट सुरू भएको निबन्धले विस्तारै विश्वमा आफ्नो प्रभाव कायम गरेको छ । यसको विकास तथा विस्तारका क्रममा विभिन्न क्षेत्रमा देखापरेका निबन्धकारहरूका निबन्धात्मक मान्यता र प्रयोगका आधारमा निबन्धको आधुनिक र वास्ताविक स्वरूप ठम्याउन सकिन्छ ।

## ३.२ आधुनिक निबन्धका प्रकार

निबन्धहरू विषय, ग्रहण र प्रस्तुतिका आधारमा तीन प्रकारका हुन्छन् :

### ३.२.१ आत्मपरक निबन्ध

आत्म प्रकाशित गरिएका निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस किसिमका निबन्धमा व्यक्तिको मुख्य स्थान रहने गर्दछ । यसरी हेर्दा निजात्मक अभिव्यक्ति दिने क्रममा लेखकले कहिले विषयलाई टिपेर आफ्नो विचार र दृष्टिकोण प्रकट गर्दछ । यसरी निबन्धकारका भावना तथा विचार तथा दृष्टिकोण निजात्मक निबन्धमा प्रकट गरिने हुँदा आत्मपरक निबन्धलाई विचारात्मक भावनात्मक र वैयक्तिक गरी तीन भागमा विभाजन गरेको पाइन्छ (सुवेदी, २०५७/५८ : ११) ।

#### ३.२.१.१ विचारात्मक

विचारको प्राधान्यता र बुद्धि पक्षको सम्बर्द्धन भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ (सुवेदी; २०५७ : ६३) । गृहीत विषयलाई सिङ्ग पुच्छर जाँच्दै त्यसका पक्ष-विपक्ष वा सिद्धान्तको आग्रह जस्तो देखिने यस प्रकारका निबन्धमा भाषा साङ्केतिक श्लेषात्मक र सङ्क्षिप्त हुनका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ (थापा; २०४२ : १९०) । कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान,

शिक्षा समाजशास्त्र मनोविज्ञानजस्ता विषयहरूका विचारात्मका निबन्धमा उपस्थापन हुन्छ । थोरैमा धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेको हुन्छ ।

### ३.२.१.२ भावनात्मक

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भाव पक्ष प्रबल भएको निबन्ध स्रष्टाको भावात्मक निबन्ध हो । यसमा विशेष गरी हृदयको आग्रह हुन्छ । भावनात्मक निबन्धमा जीवन भोगाइका आशा-निराशा, प्रेम, करूणा परोपकार देशभक्तिजस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०४९ : २०६) । यसमा तर्क र वितर्कको कुनै स्थान हुँदैन, हृदयको उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता भावात्मक निबन्धमा पाइन्छ यस खालका निबन्धमा स्रष्टाका भावना प्रबल रहेको हुन्छ । भावनात्मक संम्वेगको गतिमा विषयवस्तु तरङ्गित हुन्छ लेखकको निजात्मक भावनामा प्रवाहित हुन्छ । वस्तुगत यथार्थ विचारात्मक निबन्धमा जस्तो विषयको तहमा नरही भावनाको तहमा पुगेर तरल र संसिक्त बनेको हुन्छ (सुवेदी; २०५७ : ६४) । स्रष्टाका भावुक र स्वतन्त्र हृदयको आत्म निवेदन प्रकट हुनु यस प्रकारका निबन्धको निजी धर्म हो । यस्ता निबन्धको सौन्दर्य उसको काव्यात्मक प्रवाहमा रहेको हुन्छ। यही काव्यात्मकताले गर्दा भावनात्मक निबन्ध गद्यात्मक पद्य झैँ लाग्दछ । कल्पना र भावनाका सन्तुलनले यस्ता निबन्धहरू काव्यको नजिक देखिन्छन् । भावनात्मक निबन्धको आन्तरिक सङ्गठन स्वतः स्फूर्त रूपमा सङ्गीतको निर्वाह गर्ने भएको हुन्छ (सुवेदी, २०५७ : ६४) । यस्ता निबन्धको भाषा शैली सरल, सरस र आलाङ्कारिक हुनका साथै अभिव्यक्तिमा चमत्कार पाइन्छ । यसमा निबन्धकार कल्पनामा डुबेर निजी अनुभूति र कल्पना प्रकट गरिएको हुन्छ ।

### ३.२.१.३ वैयक्तिक

वैयक्तिक निबन्ध निजात्मक निबन्धको महत्त्वपूर्ण भेद हो । यसलाई आत्मपरक निबन्ध पनि भनिन्छ । निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । यस खालका निबन्धमा स्रष्टाका व्यक्तिगत चिन्तन र दृष्टि प्रबल रहेको हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैं निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्ने प्रयत्न गरेको हुन्छ (सुवेदी, २०५७ : ६५) । यस्ता निबन्धमा निबन्धकार एउटै कथा

वाचक झैँ देखिन्छ । वस्तुलाई ग्रहण गर्दै त्यसलाई आफ्ना आत्मरागमा मुछेर जीवनका सुख, दुःख हाँसो आँसु, हर्ष-विस्मात र भाव व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो । यस्ता निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ ।

### ३.२.२ वस्तुपरक निबन्ध

निजात्मक निबन्धको सम्बन्ध हृदय, बुद्धि र भावपक्षसँग बढी रहेको हुन्छ भने वस्तुपरक निबन्धको सम्बन्ध विषयवस्तुसँग बढी हुन्छ । त्यसैले वस्तुपरक निबन्धलाई परात्मक निबन्ध वस्तुपरक वा विषयपरक निबन्ध भनिन्छ । परात्मक निबन्ध विषयप्रधान निबन्ध हो । कुनै खास विषयमा केन्द्रित भई त्यसका सम्बन्धमा वस्तुगत तथ्याङ्क, प्रमाण तर्क आदि अघि सारेर ठोस किसिमको बौद्धिक भाषाशैलीको प्रयोग गरेर लेखिएका निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ (सुवेदी, २०५७ : ६५) । यसलाई परात्मक पनि भनिन्छ । लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र आलेख गरी विभिन्न उपविधामा विभक्त हुन सक्ने यस खालका निबन्ध वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरक निबन्धमा आत्मपरकता गौण र वस्तुपरकता प्रधान हुन्छ (सुवेदी, २०५७/५८ : १३) । वस्तु विश्लेषणका क्रममा कतैकतै भाव र कल्पना तत्त्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई सरल सुबोध शैलीमा आदिदेखि अन्त्यसम्म क्रमबद्ध व्यवस्थित सङक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

### ३.२.३ मिश्रित निबन्ध

विभिन्न साहित्यका विधाहरूको परस्पर मिश्रण भएर निबन्धात्मक अभिव्यक्तिका रूपमा प्रकट भएका रचनालाई मिश्रित निबन्धका रूपमा लिइन्छ (सुवेदी, २०५७ : ६७) । यसप्रकारका निबन्धमा दैनिकी, पत्र, संस्मरण, आत्मजीवनी र यात्रावर्णन आदि पर्दछन् । यस खालका निबन्धहरूमा वस्तुपरकता र आत्मपरकता मिश्रित हुन्छ । मिश्रित निबन्धमा निजात्मकता, परात्मकता, भावनात्मकता र वस्तुगतता, विचारात्मकता, तथ्यात्मकता तथा वैयक्तिकता र व्यक्ति निरपेक्षता मिश्रित हुन्छ (सुवेदी, २०५७/०५८ : १३) । विभिन्न विधाका मिश्रित स्वरूप निबन्धात्मक रूपमा प्रकट हुने भएकाले यस प्रकारका निबन्ध सरल, सुबोध र व्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना वा वृतान्तको कार्यकरण शृङ्लताको प्रस्तुति हुन्छ ।

## ३.३ आधुनिक निबन्धका तत्त्वहरू

साहित्यका प्रमुख विधामध्येको एक सृजनात्मक विधा निबन्ध हो । यस विधाका प्रमुख तत्त्वहरूका बारेमा विभिन्न समीक्षकहरूले चर्चा गरे पनि अझसम्म यति नै छन् भनी किटानीसाथ प्रस्तुत गरेको पाइँदैन । ब्रिटानिकाका अनुसार यथार्थ र कल्पना, शैली र लेखकको निजात्मक अनुभूतिको प्रस्तुति गरी जम्मा तीन तत्त्व उल्लेख हुन्छन् । यस सिलसिलामा **द एस्से अ क्रिटिकल एन्थोलोजी** (सन् १९६३) मा उद्देश्य, विचार, अभिवृत्ति (टोन) तथा दृष्टिबिन्दु गरी चार ओटा निबन्धका तत्त्व उल्लेख गरेको पाइन्छ ।

पूर्वीय तथा पाश्चात्य निबन्ध साहित्यका अनुसन्धाताहरूले निबन्धका तत्त्व सम्बन्धी विभिन्न विचार प्रस्तुत गरेका भए तापनि विषयवस्तु, भाषाशैली तथा उद्देश्यलाई नै निबन्धका मुख्य तत्त्व मान्न सकिन्छ ।

(क) विषयवस्तु

(ख) भाषाशैली

(ग) उद्देश्य

### ३.३.१ विषयवस्तु

विषयवस्तु निबन्धमा प्रयोग हुने एउटा तत्त्व हो । यसलाई कतिपय सन्दर्भमा कथ्य पनि भन्ने गरिन्छ । लेखकले जेका बारेमा आफ्नो अभिमत प्रकट गर्दछ त्यही नै विषयवस्तु हो । निबन्ध लेखनका निम्ति विषय प्रथम आवश्यक तत्त्व हो । यसको अभावमा निबन्ध रचनाको कल्पनासम्म गर्न सकिन्न । वस्तु शब्दले यहाँ मानव मस्तिष्क र हृदयसँग सम्बन्धित कुरालाई सङ्केत गर्दछ तसर्थ यो निबन्ध लेखनको अनिवार्य तत्त्व हुन्छ । निबन्ध रचना जीवन र जगत्का जुनसुकै विषयमा पनि गर्न सकिन्छ । यसको विषयक्षेत्र व्यापक र विस्तृत छ । मानव मस्तिष्क र हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु बन्न सक्छन् । विषयवस्तुलाई निबन्धकारले बेरोकटोक स्वतन्त्र रूपले प्रस्तुत गर्दछ । विषयमा विविधता र व्यापकताका कारण निबन्धका अनेकौं प्रकारहरू निर्धारण भएका छन् । निबन्धका विषय औपचारिक र अनौपचारिक हुन्छन् । विना विषय निबन्ध लेखन गर्न नसकिने हुनाले विषयवस्तु

निबन्ध रचनाको प्रमुख तत्त्व हो जुन निबन्धको बाह्य पक्षसँग सम्बद्ध हुन्छ । जेका बारेमा निबन्ध लेखिएको हुन्छ सोही निबन्धको विषय बन्छ । निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । यसरी विषयको चयन गर्दा उसले संस्कार, संस्कृति, राजनीति, समाजका समस्याहरू, भ्रमण गर्दाका अनुभवहरू, सभ्यता, विभिन्न प्रकारका सामाजिक तथा राजनीतिक व्यक्तित्वका योगदान, राष्ट्रियता, नारी अस्मिता, शैक्षिक स्थिति, स्वैरकल्पनात्मक सोच, मानवतावादी चेतना, व्यङ्ग्यात्मकता, ऐतिहासिक तथा संस्मरणात्मक आदि कुराहरूलाई विषयवस्तुका रूपमा प्रयोग गर्दछ । यसरी निबन्धको प्रमुख तत्त्व विषयवस्तुलाई मान्नुपर्ने देखिन्छ । विचार भनेको चिन्तन, भाव, कल्पना, तर्कना समेत हो । विचारभित्र मानिसमा निहित विश्वास, मूल्य, सोचाइ आदि भावका पक्षहरू पर्दछन् । वैचारिक सबलता, विचार र क्रमबीच निकटतम सम्बन्ध, वैचारिक वैपरीत्य, व्यङ्ग्यात्मकता, अर्थसम्प्रेषण जस्ता माध्यमबाट विचार प्रस्तुत गरिन्छ । त्यसैले निबन्धमा विचार पक्ष महत्त्वपूर्ण मानिन्छ ।

### ३.३.२ भाषाशैली

शैली भनेको भाषिक कार्य हो । भाषाका रूपतत्त्वदेखि लिएर सङ्कथनसम्मका यात्रामा शृङ्खलित भएर रहने तत्त्वको नाम शैली हो । निबन्धकारले आफ्नो विचार वा कुनै विषयलाई पाठक समक्ष राख्न तयार पारेका शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । भावलाई परिमार्जन गर्न परिमार्जित शैलीको आवश्यकता पर्दछ । यो प्रस्तुतिको ढाँचा पनि हो । शैली सहज र सरल, कठोर बौद्धिक एवम् तार्किक र जटिल प्रकारको पनि हुन्छ । यसले निबन्धको संरचक, सङ्गठन र सङ्कथनसम्म भूमिका खेलेको हुन्छ । निबन्धको शैली व्यक्तिपरक, एककालिक तथा कालक्रमिक पनि हुन्छ । यसलाई बनोट र बुनोटका आधारमा सरल, जटिलका आधारमा सङ्क्षिप्तता, विस्तृतताका आधारमा सहज र तार्किक रूपमा, आगमनात्मक, समासात्मक, व्यास र सरलताका आधारमा पनि व्याख्या गर्न सकिन्छ । यस क्रममा निबन्धको वैचारिक विषय प्रतिपादनको शैली स्थापना गर्ने क्रममा सिसेरोको प्रवचन कला, बाइबलको व्याख्या कलालाई युगौंयुगसम्म प्रभाव पार्ने शैलीका रूपमा व्याख्या गरिएको छ । यसको कारण के हो भने पाठकले सहज रूपमा ग्रहण गर्न सक्ने र एक पटक ग्रहण गरेपछि सधैँ स्मृतिमा रहने सहज र प्रभावकारी शैली हुनु नै हो । निबन्धका सन्दर्भमा विषयवस्तुका दृष्टिले गहन र चिन्तनका दृष्टिले गम्भीर स्थितिको उद्घाटन गर्दा हल्का

व्यङ्ग्यात्मकता, पदपदांशको प्रयोगमा आनुप्रासिकता, कथनपद्धतिमा वाग्वैदग्ध्य जस्ता सरल र रुचिकर शैलीगत विशेषताहरू अनुकूल मानिन्छन् । शैलीका पनि समास शैली, व्यास शैली तथा चेतन प्रवाह शैली भेद रहेको पाइन्छ ।

### ३.३.३ उद्देश्य

साहित्य सृजना निरुद्देश्य हुँदैन । निबन्ध विधा साहित्यका प्रमुख विधामध्येको एउटा विधा भएकाले यसको सृजना निश्चित उद्देश्यद्वारा अभिप्रेरित भएर गरिन्छ । बिना उद्देश्य सिर्जित निबन्ध निरर्थक हुन्छ यसर्थ निबन्धकारको प्रमुख उद्देश्य सङ्क्षिप्त आयाममा जीवनमा भोगिएका अनुभूति, भावना र विचारको प्रस्तुति गर्नु रहेको हुन्छ । निबन्धको उद्देश्य पाठकलाई गम्भीर चिन्तनमा संलग्न गराई वास्तविक संसारबाट काल्पनिक संसारतर्फ डोहोऱ्याउनु हो । निबन्धकारले उपयुक्त शब्दहरूको प्रयोग गरी पाठकलाई मोहनी लगाउने र आनन्द दिने कार्य गर्दछ । यसका प्राथमिक उद्देश्य लेखकले अवलम्बन गरेको मूल विषयका सम्बन्धमा पाठकसँग सोझै कुरा गर्नु, सम्बन्धित विषयमार्फत शिक्षा दिनु, तर्क गर्नु, विश्वास बढाउनु, संवेग वृद्धि गर्नु र प्रभावित पार्नु आदि जस्ता हुन सक्छन् ।

माथि उल्लेख भएका उद्देश्यहरूमध्ये सबै या केही उद्देश्यहरू नै निबन्धकारले निबन्धमा प्रस्तुत गर्ने हुँदा यिनीहरू निबन्धमा हुन्छन् भन्न सकिन्छ । उद्देश्य निबन्धरचनाको एउटा प्रमुख तत्त्व हो । निबन्धको उद्देश्य निश्चित गर्न सोको आद्योपान्त अध्ययन र बुझाइ हुन आवश्यक छ । यस भनाइलाई अध्ययन गर्दा निबन्धरचनाका लागि उद्देश्य अनिवार्य तत्त्व हुने र यसको सुरुदेखि अन्त्यसम्मको अध्ययनबाट मात्र उद्देश्य निर्धारण गर्न सकिने कुरा स्पष्ट हुन्छ ।

यसरी निबन्ध रचनाका मोटामोटी उद्देश्यहरू निम्न अनुसार रहेको पाइन्छ -

(क) सूचना वा ज्ञान प्रदान गर्नु,

(ख) आफ्नो मतद्वारा पाठकलाई सहमतिमा ल्याउनु,

(ग) अनुभवहरूको प्रकटीकरण गर्नु ,

(घ) घटनाको अथार्थ वर्णन गर्नु आदि ।

## ३.४ नेपाली निबन्धको विकासप्रक्रिया

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । निबन्धको विकास हुनुलाई भाषाको गद्य रूपको विकास हुन आवश्यक हुन्छ । निबन्ध लेखनको पूर्वाधारलाई गद्य लेखनको विकास मानिन्छ । नेपाली भाषाको उद्भव ११ औं शताब्दीमा भयो र अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्यपुस्तकहरू राजकाजको यात्रासम्बन्धी प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू पनि निबन्धका पृष्ठभूमिका रूपमा देखिन्छन् । १८३१ पूर्वसम्म नेपाली भाषा अभ्यासमा लागेको देखिन्छ । आधुनिक प्रचलित निबन्धको सुरूवात पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तैँनले सोह्रौं शताब्दीमा गरे तापनि नेपाली निबन्ध साहित्यमा यसले आफ्नो प्रभाव जमाउनु पूर्व गद्य लेखनको चेष्टा भएको पाइन्छ । पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखि यसले साहित्यको गद्यतर्फ प्रवेश गरेको देखिन्छ । **राजा गगनीराजको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **ज्वरोत्पति चिकित्सा** (१७७५) **औषधी रसायन** (१८००) आदिलाई निबन्धको पृष्ठभूमि मान्न सकिन्छ ।

नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका गहनाहरूमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) नै साहित्यिक गुणले युक्त कृति मान्न सकिन्छ । यस कृतिले नेपाली साहित्यको इतिहासमा समेत नयाँ आयाम थप्ने काम गरेको छ, तसर्थ **दिव्योपदेश** नेपाली गद्य साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो । यही कृतिलाई आधार मानेर नेपाली निबन्धको विकासक्रमलाई निम्नलिखित तीन चरणमा विभाजन गरिएको पाइन्छ ।

### ३.४.१ प्राथमिक काल (१८३१-१९५७)

नेपाल राष्ट्रको एकीकरणसँगै नेपाली भाषाले स्थिरता प्राप्त गर्न थाल्यो र क्रमशः विकसित र विस्तारित हुन थाल्यो । यही समयमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखापऱ्यो (श्रेष्ठ र शर्मा, २०४९ : १२८) । यसमा निजात्मक र वैचारिक ज्ञान र अनुभवको मिलन तथा आाख्यानेतर गद्यमा सङ्गठित जस्ता निबन्धात्मक अभिलक्षण भएकाले यस कृतिबाट प्राथमिक निबन्धको अभ्युदय भएको मानिन्छ (सुवेदी, २०५७/०५८ : १) । यसपछि भानुदत्तको **हितोपदेश** (१८३३), शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** (१८५५), सुन्दरनान्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१९९०), भवानीदत्त पाण्डेको **तत्त्वबोध** (१९९२) आदि खण्डित आख्यान

ज्ञान मुक्त र वैचारिकजस्ता निबन्धात्मक गुणले युक्त उल्लेख्य कृतिहरू प्राप्त भए । यस बीचमा सुन्दरानन्द बाँडाको **आध्यात्म रामायण** (१९९०) भवानीदत्त पाण्डेको **आत्मबोध** (१८९३) जस्ता कृतिहरू आए पनि ज्ञान र अनुभवयुक्त यात्रा र अनुभूतिमा समाहित गरिएको आख्यानेत्तर वा निजात्मक युक्त स्वतन्त्र गद्यात्मक कृति **जङ्गबहादुरको बेलायत यात्रा** (१९०९) निस्कनु भन्दा अगाडिसम्म पनि निबन्धमा उल्लेखनीय कृतिहरू प्रकाशित हुनसकेका देखिँदैनन् ।

पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखि आरम्भ भएर **जङ्गबहादुरको बेलायत यात्रा**सम्म आउँदा नेपाली साहित्यले साहित्यका कविता र आख्यान एवम् नाटकका अतिरिक्त एउटा छुट्टै गद्यात्मक प्रस्तुतिमा आधारित हुने निबन्धात्मक विधाका लक्षणहरू प्राप्त गरेको छ । तर पनि विधा विभाजनगत कठिनाई देखापर्छ । यो समयमा नेपाली गद्य साहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यान तत्त्वको अनियन्त्रित प्रयोगले दुर्बल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ (सुवेदी; २०५७/०५८ : १८) । पृष्ठभूमिकालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ, त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ । यिनले माध्यमिक कालीन निबन्धको थालनीलाई पूर्वाधार तयार गरेका छन् । यसकासाथै यिनले गद्यको शृङ्खलालाई क्रमिकता दिने काम पनि गरेको छ ।

## ३.२.२ माध्यमिक काल (१९५८-१९९०)

निबन्धको माध्यमिक कालको अभ्युदयका बारेमा विद्वान्हरूमा विविध मतहरू देखिन्छन् । तापनि मोतीराम भट्टको **भानुभक्तको जीवन चरित्र** (१९४८) बाट टिप्पणी र प्रतिक्रिया तथा अभिमत र वैचारिक निष्कर्ष दिने गद्यात्मक रचनाहरू आरम्भ भएका कारण यसै समयलाई माध्यमिक काल मानिएको छ । काठमाडौँबाट प्रकाशित भएको **गोरखापत्र** (१९५८) यसले साहित्य विकासका लागि ठूलो भूमिका खेलेको छ । यस्तै देशबाहिर पनि विभिन्न पत्रपत्रिकाहरूले साहित्य विकासका लागि **सुन्दरी** (१९६३) **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९६३), **गोरखासंसार** (१९८३), **नेपाली साहित्य सम्मेलन पत्रिका** (१९८९) आदि नेपाली निबन्धको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरू हुन् । माध्यमिक कालमा भाषा, संस्कृति, जातिगत अस्तित्वलाई आधार बनाएर निबन्धको रचना गरिएको पाइन्छ । यस

अवधिका निबन्धलेखनमा सक्रिय देखिने स्रष्टाहरू र तिनका रचनाहरू हुन् - हरिहर आ. दी को 'गोर्खाभाषा दुर्दशा' वीरेन्द्र केशरी अर्यालको 'बेसरी,' राममणि आ.दी को 'कवितारीति' आदि । आ.दी. को 'कवितारीति' निबन्धले मोतीराम भट्टले आरम्भ गरेको समालोचनात्मक निबन्ध लेखनलाई निरन्तरता प्रदान गरेको छ । राममणि आ.दी को 'मातृभाषाकी आवश्यकता' निबन्धले वस्तुपरकशिल्पमा समस्या राख्ने परम्परा आरम्भ गरेको छ ।

यसै क्रममा 'अघि मूर्ख पछि बुद्धिमान्' (१९५९), 'निद्रा' (१९६६), 'दूधको गुण अवगुण' (१९६७) 'सुखदु:ख' (१९६७), 'शिशु र शिक्षा' (१९६०) जस्ता लेखहरूले माध्यमिक कालीन समयको निबन्धको रेखाकोर्न पुगेको देखिन्छ । यसपछि **चन्द्र** (१९७१) **गोर्खाली** (१९७२) जस्ता पत्रिकाको प्रकाशनले निबन्ध विकासमा महत्त्वपूर्ण आयाम थपेको देखिन्छ । **चन्द्र** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्धहरू प्रकाशित भएका छन् भने गोर्खालीमा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' छापिएको छ । पद्मनाभ सापकोटाका निबन्धात्मक कृतिहरूमा गद्यात्मक, निजात्मक एवम् वैचारिक आग्रहको प्रस्फुटन माध्यमिक कालका निबन्धमा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ (सुवेदी; २०५७/०५८ : १८) ।

यस कालका निबन्धमा साहित्यसेवा, चरित्रसुधार, नैतिकता आदिलाई विषयवस्तु बनाएको भेटिन्छ । त्यस्ता निबन्धका संरचनाहरूमा शिथिलता, भाषिक स्थिरताको अभाव र प्राय: वर्णन र विवरणप्रधान रहेको देखिन्छ । यस कालका निबन्धहरूमा वर्णनात्मकताको प्रधानता रहेको पाइन्छ भने शैलीगत परिमार्जन तथा अनुभूतिको अभाव पनि रहेको देखिन्छ । यिनमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता पनि न्यून रहेको पाइन्छ । यति हुँदाहुँदै पनि नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न ती निबन्धकारले गरेका छन् । तिनीहरू १९९० पछि थालनी भएको आधुनिक निबन्धको आधारशीलाका रूपमा देखिन्छन् ।

### ३.२.३ आधुनिक काल (१९९१)

नेपालको मध्यमवर्गीय चेतना बौद्धिकतातिर अग्रसर भई राजनीतिक वातावरण जटिल हुँदै गइरहेको अवस्थामा वि.सं. १९९१ मा **शारदा** पत्रिका प्रकाशित भयो । यसको प्रकाशनलाई नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । **शारदा** पत्रिकाको प्रकाशनपछि नेपाली साहित्यका प्राय: सबै विधाहरूसँगै निबन्ध विधा पनि आधुनिक कालमा प्रवेश गर्नपुग्छ ।

यसरी नेपाली निबन्धले आधुनिक युगको सूत्रपात गर्नमा **शारदा** पत्रिकाको उल्लेखनीय भूमिका रहेको स्पष्ट हुन आउँछ । निबन्धका वैशिष्ट्यका आधारमा आधुनिक नेपाली निबन्धको विकासक्रमलाई चार चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

### ३.२.३.१ पहिलो चरण (१९९१-२००३)

वि.सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनले नेपाली साहित्यका क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो तसर्थः भन्न सकिन्छ नेपाली निबन्धमा आधुनिक युगको सुरूवात गर्ने श्रेय **शारदा** पत्रिकालाई जान्छ । बालकृष्ण समको 'वर्दाहमा शिकार' लाई आधार मानेर उनलाई प्रथम निबन्धकार मानेका छन्, तर त्यो रचना निबन्ध मानिए पनि पूर्णतः निबन्ध होइन कथा हो (सुवेदी; २०५७/०५८ : १८) । समकै 'वर्दाहामा शिकार' पछि 'आत्माविश्वास', 'पानी' जस्ता निबन्धहरू आए पनि दार्शनिक दृष्टि र बौद्धिकताका कारण आजको निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्वदिन नसकेका हुनाले नै लक्ष्मीप्रसाद देवकोटाको **शारदा** पत्रिकामा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले उनमा रहेको सौन्दर्यचेतलाई पहिलो पल्ट समुद्घाटन गऱ्यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिस्थापित गर्न गहन भूमिका खेलेको कुरा प्रष्ट हुन्छ । आधुनिक निबन्धको प्रथम चरणको नेतृत्व देवकोटाले गरेका हुन् । यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । यस चरणका निबन्धहरूमा विचार भन्दा बढी भाव र अन्तर्मुखी चिन्तन प्रस्तुत भएका छन् । **पहाडी जीवन**, **भलादमी, निद्रा, हाइहाइ अङ्ग्रेजी** एवम् अन्य प्रसिद्ध प्रबन्धसङ्ग्रह अनुदित हुँदै देवकोटाको निबन्धकार व्यक्तित्व वि.सं. २००२ मा **लक्ष्मी निबन्ध सङ्ग्रह** जस्ता महत्त्वपूर्ण सङ्ग्रह निर्माण गर्न पुग्दछन् । यस्तै बोधविक्रम अधिकारीको 'कविता मातासँग 'मेरो गन्थन', प्रेमराज शर्माको पत्रात्मक शैलीको हास्यव्यङ्ग्यात्मक 'पण्डितजिको चिठी' आदि पनि देवाकोटाको भावनात्मक निबन्धको गोरेटो पछ्याएर प्रकाशित भए । यस चरणमा सूर्यविक्रम ज्ञवालीले ऐतिहासिक अनुसन्धानमूलक निबन्ध लेखेका छन् भने रूपनारायण सिंहले तार्किक शैली एवम् अनुप्रासमय सुललित भाषा प्रयोगका निबन्ध लेखेका छन् । पारसमणि प्रधानले संस्मरणमा आधारित आत्मपरक निबन्ध लेखेका छन् साथै बदरीनाथ भट्टराई र भीमनिधि तिवारीले वस्तुपरक निबन्ध लेखेका छन् भने यदुनाथ खनाल र रामकृष्ण शर्माले आलोचनात्मक एवम् विचारात्मक निबन्धहरू लेखेका छन् । यी विभिन्न निबन्धकारहरूका विभिन्न किसिमका निबन्धहरू रचना गर्नुका साथै यस अवधिको निबन्ध

विधाको विकासमा **शारदा,** त्यसपछि, **उदय, नेबुला', परिवर्तन, खोजी** पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०४९ : १४१-१४२) । नेपाली निबन्धको विकासक्रम अध्ययन गर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस प्रहरका र नेपाली निबन्धका केन्द्रीय प्रतिभा हुन भन्न सकिन्छ । जसमा बाबुराम आचार्य, महेशचन्द्र रेग्मी, रूद्रराज पाण्डे, अच्छा राई 'रसिक' आदि निबन्धकारहरूले यस चरणलाई संवृद्ध पार्न ठूलो भूमिका खेलेका छन् । यस चरणमा देवकोटाले स्वच्छन्दतावादी प्रवृत्ति, बालकृष्ण समको शास्त्रीयतावादी प्रवृत्ति र हृदयचन्द्र सिंहले आलोचनात्मक यथार्थवादी प्रवृत्तिको पनि वीजारोपण गर्ने काम गरेको पाइन्छ ।

### ३.३.२ दोस्रो चरण (२००४-२०१६)

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा बनारसबाट प्रकाशित **युगवाणी** (२००४) साहित्यिक पत्रिकासँगै भएको हो । यस पत्रिकाको साथसाथै **साहित्यस्रोत** (२००४) **जनसाहित्य** (२०११), **दियालो**'(२०१३), **नौलो पाइला** (२०१३) आदि पत्रिकाहरूले निबन्धको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । **युगवाणी** (२००४) पत्रिकामा देवकोटाको 'समाजवादको धुनमा' नारायणप्रसाद भट्टराईको 'हावावाजी' अच्छा राई 'रसिक' को 'नारी समस्याको हल' रूद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' आदि जस्ता निबन्धहरू यस पत्रिकामा प्रकाशित भएका छन् । यी निबन्धहरूले तत्कालीन राजनीतिक अवस्थाले जन्माएका विसङ्गति र विकृतिहरूको अन्त्य गरी स्वस्थ र सुन्दर समतामूलक समाजको स्थापना गर्ने लक्ष्यमा जोड दिएका छन् । देवकोटाले प्रकृतवादी स्वच्छन्दतवादतर्फ उत्साहित हुँदै सौन्दर्य चेतनाबाट आफ्नो लेखनलाई अगाडि बढाउनु यस चरणका प्रमुख प्रवृत्ति मान्न सकिन्छ । यसैगरी (२००४) सालमा नै हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा **साहित्यस्रोत** पत्रिकामा निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यस चरणमा पहिलो निबन्धकारका अतिरिक्त रामकृष्ण शर्मा कमलमणि दीक्षित, तारानाथ शर्मा, ईश्वर बल्लभ श्यामप्रसाद शर्मा, बासुदेव शर्मा, केशवराज पिंडाली आदि निबन्धकारहरू देखा पर्दछन् ।

दोस्रो चरणमा पत्र-पत्रिकाको प्रभाव देखापर्नुका साथै निबन्ध सङ्ग्रहहरू पनि प्रशस्त पाउन सकिन्छ । सङ्ग्रहका रूपमा हृदयचन्द्रसिंहको **तीस रूपियाँको नोट** (२००४), **जुँघा** (२००९) **कुरा साँचो हो** (२०११), बदरीनाथ भट्टराईको **पच्चिस प्रबन्ध**' भीमनिधि तिवारीको **प्रन्ध**

**प्रबन्ध** (२००८) अच्छा राई 'रसिक' **सप्तकोशी** (२०११), श्यामप्रसाद शर्मा, (२०१४), केशवराज पिंडाली **खै खै** (२०१६) यी निबन्धकार र निबन्धसङ्ग्रहहरूले यस चरणलाई उर्वर पारेका छन् । यस चरणमा आत्मपरक र वस्तुपरक हास्यव्यङ्ग्यात्मक निजात्मक, आलोचनात्मक, यथार्थवादी, क्रान्तिकारी स्वच्छन्दतावाद आदिमा केन्द्रित रहेर समाजका ठूला बडाहरूका षड्यन्त्रबाट सर्वसाधारण मानिसहरूले कसरी जेलिएका हुन्छन् भन्ने तथ्य स्पष्ट पार्दै अन्याय र अत्यचार शोषणको विरोध गरी क्रान्ति भावनाको वीजारोपण गरेको पाइन्छ ।

### ३.३.३ तेस्रो चरण (२०१७-२०३५)

वि.सं. २०१७ मा प्रकाशित **रूपरेखा** पत्रिकाबाट आधुनिक नेपाली निबन्धको तेस्रो चरण प्रारम्भ हुन्छ । **रूपरेखा** पत्रिकाको प्रकाशनसँगै देशभित्र र देशबाहिरबाट अनेकौं समाचारमूलक र साहित्यिक पत्रिकाको बाढी आएको पाइन्छ । विभिन्न संङ्घसंस्थाको मुखपत्रबाट निबन्ध प्रकाशनमा तीब्रता र पञ्चायती शासनको आर्विभावबाट समाजमा वाक् तथा प्रकाशनको स्वतन्त्रता सुरू भएको र विश्वजगत्मा खुलेको चिन्तन र ज्ञानको प्रकाशनको निरन्तरता दिने क्रममा दुरूहता र तीव्र व्यङ्ग्यात्मकता दिशाको चयन गर्ने अवस्थाको जन्म हुँदै गएको देखिन्छ । यस्ता दुरूहता र बौद्धिकताको अगुवाई गर्ने निबन्धकारहरूमध्ये शङ्कर लामिछानेलाई प्रयोगशील निबन्धका श्रेष्ठ प्रतिभा मान्न सकिन्छ । उनका **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४), **गोधुली संसार** (२०२६), **बिम्ब प्रतिबिम्ब** (२०२८), **शङ्कर लामिछाने** जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता र चिन्तनशीलता तथा प्रयोगधर्मिताको सफल प्रयोग भएका निबन्धहरू पृथक् किसिमको मोड भित्र्याउन सफल भएका छन् ।

त्यस्तै प्रयोगधर्मी निबन्धकार शङ्कर लामिछानेका उत्तरवर्ती भएर प्रस्तुत भएका कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा शैलीगत नवीनता, प्रयोगधर्मिता, वैचारिक स्पर्श, प्रगतिवादी स्वर आदि प्रवृत्तिहरू पाइन्छन् । यसैगरी तेस्रो चरणमा हास्यव्यङ्ग्यात्मक चेतको अगुवाई गर्ने निबन्धकारहरू भैरव अर्याल, श्रीधर खनाल, बालमुकुन्ददेव पाण्डे, रामकुमार पाण्डे आदि पर्दछन् (सुवेदी; २०५७/०५८ : १८) । नियात्रात्मक निबन्ध लेखनमा लैनसिंह वाङ्देल, तारानाथ शर्मा, जनकलाल शर्मा आदि उल्लेखनीय छन् भने संस्मरणात्मक निबन्ध लेखनमा विश्वेश्वरप्रसाद, पारिजात, श्यामप्रसाद शर्मा आदि पर्दछन् ।

यस अवधिमा अन्य व्यापक चर्चित निबन्धकारहरू रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, बालकृष्ण पोखरले, बल्लभमणि दाहाल, धनुषचन्द्र गौतम, कमल दीक्षित, कृष्णप्रसाद पराजुली, बासुदेव त्रिपाठी, मोहनराज शर्मा, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदिले निबन्धलाई एकातिर जटिल र बौद्धिक दुरूहताको धरातलमा पुऱ्याएका छन् भने अर्कातिर हार्दिक तहसम्म पुऱ्याएका छन् ।

### ३.३.४ **चौथो चरण** (**२०३६-हालसम्म**)

यस चरणलाई समसामयिक चरणसमेत भन्ने गरिएको छ । यस समसामयिक चरणमा पनि विभिन्न पत्र-पत्रिकाहरू **मधुपर्क**, **नेपाली रचना, प्रज्ञा, गरिमा** आदि थुप्रै पत्रिकाहरूले निबन्ध लेखनमा उल्लेखनीय भूमिका पुऱ्याएका छन् । यस कालमा लेखिएका निबन्धहरू क्षणिकमात्र नभए चीर कालसम्म प्रभाव राख्ने किसिमका छन् । २०३६ सालको राजनीतिक परिवर्तनले केही हदसम्म प्राप्त लेखन स्वतन्त्रता सार्वजनिक स्थलमा गोष्ठी, सम्मेलन आदिको आरम्भ भएपछि पञ्चायतको निर्विकल्पमा बहुदलको रेखाङ्कनसम्मको प्रयास हुन थालेको देखिन्छ । यसैक्रममा चिन्तनमा बहुआयामिकताको प्रस्तुति नव चिन्तन र बहुल संस्कृतिको ग्रहण गर्ने परम्पराको अभ्यास भएको पाइन्छ । विभिन्न राजनीतिक उत्तारचढाव समसामयिक मूल्य र मान्यतामा देखापरेका अनेक अन्तर्राष्ट्रिय परिवर्तन आदिले निबन्धका विषय वा स्वरमा परिवर्तन आउने क्रममा निबन्धमा तत्कालीन व्यवस्थाप्रतिको बिद्रोह, तत्कालीन राजनीतिक पक्षको यथार्थ वातावरण र विसङ्गतिलाई केही परोक्ष रूपमा त त्यसपछि खुल्ला रूपमा व्यङ्ग्य प्रहार गर्न थालेको निबन्धात्मक प्रवृत्तिहरू देखापर्दछन् (सुवेदी, २०५७/०५८ : १८) ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । यसरी समाजमा देखिएका विकृति, विसङ्गति, भौतिक स्रोत र साधनको विनासहरू, देशमा बढ्दो बेरोजगारी समस्या, युवा युवतीहरूमा बढ्दैगएको अनुशासनहीनता, राजनीतिक, आर्थिक थिचोमिचो, बलात्कार हत्या, आतङ्क गुण्डागर्दीका साथसाथै राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा फैलिएको रक्तपात आदि समाजका विद्यमान विसङ्गतिले जन्माएको विकृतिमाथि तीब्र प्रहार गर्ने निबन्धकारहरू हुन्ः रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, गोपीकृष्ण शर्मा, राममणि

रिसाल, मोहनराज शर्मा, घनश्याम कँडेल, राजेन्द्र सुवेदी, मनोजबाबु मिश्र, मेघराज मञ्जुल, भीष्म उप्रेती, सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाई, युवराज नयाँघरे, कृष्ण धरावासी, मुकुन्द आचार्य, जगदीशचन्द्र भण्डारीलगायतका निबन्धकारहरूबाट देश र जनतालाई बाधा पुऱ्याई नैसर्गिक अधिकारमाथि भइरहेको अतिक्रमणलाई हटाउनका लागि निबन्धात्मक सृजना मार्फत गरिएका प्रयासहरू साथै जीवनजगत्मा देखिने विकृति र विसङ्गतिलाई परम्परागत ढाँचाका अतिरिक्त नवीन शिल्प र शैलीको प्रयोग गरेर निराकरणका लागि गरिने प्रयत्नहरू यस अवधिका उपलब्धि मान्नु बाञ्छनीय ठहर्छ ।

वि.स. २०३६ देखि यताको चरणमा सांस्कृतिक पक्षहरूको विश्लेषणमा केन्द्रित निबन्धकारहरू महत्त्वपूर्ण छन् । सत्यमोहन जोशी, तेजेश्वरबाबु ग्वंगः जस्ता निबन्धकार यस क्षेत्रमा उल्लेखनीय छन् । २०३६ अघि नै फाटफुट निबन्ध प्रकाशित गरेका ग्वंगः यस चरणमा सशक्त देखिएका छन् । संस्कृतिका विभिन्न पक्षहरूमाथि प्रकाश पार्ने निबन्धकारहरूले उनलाई उल्लेखनीय निबन्धकारका रूपमा उभ्याएका छन् । धार्मिक, राजनीतिक, भौगोलिक, जातीय, वर्गीय आदि क्षेत्रभित्र अन्तर्निहित सांस्कृतिक मूल्य मान्यताहरूको विवेचनामा केन्द्रित ग्वंगः का निबन्धले यस चरणलाई सशक्त बनाएका छन् । संस्कृति परम्परागत मूल्यहरूको निरन्तरतालाई कायम राख्न, राष्ट्रको पहिचानलाई समुन्नत बनाउँछन्, देशको सार्वभौमिकता, अखण्डता तथा गौरवलाई माथि उठाउन ग्वंगःका निबन्ध सफल बनेका छन् । यसैले यस चरणमा ग्वंगःको उपल्लो स्थान कायम रहेको देखिन्छ ।

### ३.४ निष्कर्षः

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध पनि एक साहित्यिक विधा हो । निबन्ध साहित्यको गद्य विधा हो । नेपाली निबन्धको सुरूवात् पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट भएको मानिन्छ । नेपाली निबन्धको विकासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन चरणमा विभाजन गरिएको छ । यीमध्ये प्राथमिककाल (१८३१-१८५७), माध्यमिक काल ( १८५८-१९९०) र आधुनिककाल (१९९१-देखि हालसम्म रहेको छ । नेपाली निबन्धको आधुनिक काललाई चार उपचरणमा विभाजन गरिएको छ । तीमध्ये पहिलो उपचरण (१९९१-२००३)

दोस्रो उपचरण (२००४-२०१६), तेस्रो उपचरण (२०१७-२०३५) र चौथो उपचरण (२०३६ देखि हालसम्म रहेको छ ।

तेजेश्वरबाबु ग्वंगःको २०१० साल देखिको औपचारिक साहित्यिक यात्रा २०३६ सालसम्म आभ्यासिक तथा सुस्त देखिन्छ । २०३६ सालदेखि वि.सं. २०५२ सम्ममा उनका निबन्धले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्टता प्राप्त गरे । ग्वंगः नेपाली निबन्ध विकासको आधुनिक कालको चौथो चरणका निबन्धकार हुन् । यिनको पहिलो निबन्ध सङ्ग्रहमा **संस्कृतिका आयाम** निबन्ध सङ्ग्रहका निबन्धमा नेपाली संस्कृति पक्षलाई विशेष जोड दिएका छन् । त्यसै गरी उनको **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूमा चाहिँ विचार पक्षलाई जोड दिइएको छ ।

# चौथो परिच्छेद

# 'अवकाशपछिको आकाश' निबन्धसङ्ग्रहका निबन्धहरूको विश्लेषण

## ४.१ परिचय

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रह रत्न पुस्तक भण्डारबाट २०६७ सालमा प्रकाशित कृति हो । २०१० सालदेखि २०६७ सालसम्म रचेका निबन्ध रचनाहरूमध्ये ३४ वटा निबन्धहरू यस सङ्ग्रहमा सङ्कलित भएका छन् । यस सङ्ग्रहका निबन्धहरूमध्ये केही निबन्धहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका देखिन्छन् । प्रस्तुत सङ्ग्रहमा प्रा. डा. गोविन्द प्रसाद भट्टराईद्वारा 'अवकाशपछिको आकाशमा स्वच्छन्द भई उडेका तेजेश्वरका निबन्ध प्रवाहमा' नामक शीर्षकमा भूमिका लेखिएको छ । आकार प्रकारका दृष्टिले सानो देखिने प्रस्तुत कृति जम्मा २१३ पृष्ठमा संरचित भएको छ भने उक्त कृतिको साइज डिमाइ आकारको रहेको छ । प्रस्तुत कृतिको आवरण पृष्ठमा बादललाई हेरिरहेको एक पुरुषको चित्र राखिएको छ । सिरानमा कृतिको नाम सेता अक्षरले लेखिएको छ भने अन्त्यमा काला अक्षरले कृति लेखकको नाम रहेको छ ।

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरू *उदीको कोट, कोणै कोणको त्रिकोणमय भक्तपुर, हातखुट्टाहरू, माया, ए माया, बेहोसभित्रका आनन्दहरू, तिरस्कारभित्रको पुरस्कार, अवकाशपछिको आकाश, अमूर्तताभित्रका मूर्तिहरू, पानी पानी भइदिऊँ जस्तो, नाङ्लो पसल, प्राणीमात्रको मह, नीलो आकाशमुनिको दशमीको टिको, दृष्टिभित्रका दृष्टिकोण, अस्तित्वको ओज, म, पानी आफ्नै सतहमा हुन्छ, मुद्रामय ૐ कार, ल्याम्स्-उल-स्वेटर, मात्र पाइलै पाइला, कानैकानभरिको एउटा बहिरो ज्यान जोगाएर, राजा ! यो बत्ती त औधी उज्यालो, केवल खाली कागजमाथिको एउटा रित्तो मान्छे, मौन जुलुसका नाराहरू, प्रस्तुति आफ्नै अन्तरालको, सप्ताश्वरथमारूढम्, अट्ठाइसौँ मृत्युमाथि टेकेर, घर निष्ठा-निष्ठा घर, स्वर, रङ्ग र शब्द, माहुरीभित्रको म्वाइँ, गुह्येश्वरी दर्शन, आँखै आँखाभरी नाङ्गो जीवन जिएर, अनुभूतिका आँखाहरू, महात्मा गान्धीको सम्झनामा, र साहित्यिक संरचनामा सांस्कृतिक सञ्चेतना रहेका छन् ।*

यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू तीन पृष्ठदेखि १० पृष्ठसम्म विस्तारित रहेका छन् । प्रत्येक निबन्धको प्रारम्भमा एकै खालको एक वटा चित्रसमेत कोरिएको देखिन्छ । विभाजनका दृष्टिले उक्त निबन्धहरू पाँचदेखि सन्दर्भ र प्रसङ्गअनसार विभिन्न पङ्क्तिपुञ्जमा विभाजित रहेका देखिन्छन् । विभाजनको रेखा पङ्क्तिपुञ्जका हिसाबले कोरिए पनि प्रत्यक्षतः विभाजित छैनन् । विभिन्न विषयवस्तुहरूलाई टिपेर लेखिएका निबन्धहरू शैक्षिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, सामाजिक आदि क्षेत्रसँग सम्बन्धित रहेका छन् । कतिपय निबन्धहरूमा लेखकका चिन्तन र विचारलाई समेत प्रस्तुत गरिएको छ । केही निबन्धहरू विश्वका प्रतिष्ठित व्यक्तिहरूको व्यक्तित्वलाई आधार बनाएर लेखिएको छ । यसरी संरचित भएको उक्त कृतिको मूल्य रु. २५० रहेको छ ।

## ४.२ सङ्ग्रहभित्रका निबन्धहरूको विवेचना

प्रस्तुत **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरू विविध विषयवस्तुमा आधारित रहेका छन् । सङ्ग्रहका सङ्कलित निबन्धहरूलाई निबन्धमा प्रयुक्त विषयवस्तुका आधारमा विभिन्न वर्गमा विभाजन गरी निम्नलिखित रूपमा अध्ययन गरिएको छ :

(क) संस्मरणात्मक निबन्धहरू

(ख) इतिहास विषयक निबन्धहरू

(ग) विचारात्मक निबन्धहरू

(घ) अमूर्त विषयक निबन्धहरू

(ङ) संस्कार विषयक निबन्धहरू

(च) पहिरन विषयक निबन्धहरू

### २.२.१ संस्मरणात्मक निबन्धहरू

प्रस्तुत सङ्ग्रहमा तेजेश्वरबाबु ग्वंगःले जीवनमा आफूले देखेका, भोगेका र अनुभूति गरेका कुराहरूलाई विषयवस्तु बनाएर लेखिएका संस्मरणात्मक निबन्धहरू पनि सङ्कलित रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित संस्मरणात्मक निबन्धहरू यस प्रकार रहेका छन् :

(१) उर्दीको कोट

(२) बेहोसभित्रका आनन्दहरू

(३) अवकाशपछिको आकाश

(४) पानी आफ्नै सतहमा रहन्छ

(५) नाङ्लो पसले

(६) अट्ठाइसौँ मृत्युमाथि टेकेर

**(१) उर्दीको कोट**

प्रस्तुत निबन्ध यस सङ्ग्रहको पहिलो क्रममा रहेको छ । पृष्ठ २१ देखि २७ सम्मको आयतनमा फैलिएको यो निबन्ध अठार वटा अनुच्छेदमा विस्तारित रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा प्रथम पुरुष शैलीको प्रयोग भएको छ । उर्दीको कोट दुई शब्दे शीर्षकको यो निबन्ध मझौला आकारको रहेको छ ।

**(क) विषयवस्तु**

संस्मरणात्मक शैलीमा लेखिएको यस निबन्धमा लेखकको जागिरे जीवन व्यक्त भएको छ । २०३४ सालमा गृह मन्त्रालय, तालिम महाशाखामा कार्यरत हुँदा फिलिपिन्सबाट तालिम विशेषज्ञ डा. अल्मन्जोर भेट्न आएको र कोट लगाएर उनलाई सम्मान जनाएको प्रसङ्गबाट निबन्ध सुरु भएको छ । जङ्गबहादुरले बेलायत भ्रमणमा जाँदा दौरा सुरुवालमाथि कोट लगाएकाले नेपालमा पनि कोट लगाउने प्रचलन रहेको कुरा गर्दै निबन्धकारले मानिसले विवेकशील भएकाले सम्झौता गरेर जीवनलाई अगाडि बढाएको हुन्छ । सम्झौतामै मित्रता, कटुता आदि तत्त्व लुकेका हुन्छन् । जङ्गबहादुरले पनि कोट लगाएर नेपाली र आङ्गेली दौत्य सम्बन्ध न्यानो बनाएको प्रसङ्गलाई उल्लेख गरिएको छ ।

उर्दीको कोट बजारे कोट नभएर आफ्नो जिउडाल मिलाएर सिलाएको कोट हो । यो कोट लगाएपछि जिउ पनि ज्यानदार भएर जाग्छ । चेतरहित कोट सचेत शरीलाई सिँगारिदिन्छ । कोटले व्यक्तित्व र आस्थालाई बढाएको छ । कोटले विभिन्न अवसरमा उर्दी लगाउँछ । यो कोटभित्र जीवन चक्रको नै मर्यादा विगतदेखि वर्तमानसम्म रहिरहेको छ । विभिन्न कार्यक्रममा कोटले बढाएको निबन्धकारको प्रतिष्ठालाई निबन्धमा दर्साउँदै निबन्धकारले उर्दीको कोटले आज पनि आफूलाई उस्तै युवा चहक दिइरहेको प्रसङ्ग उठाएका छन् । यो कोट जागिरे जीवनको मोह होइन, न त जागिर जीवनको पोज, यो त कर्मठताको होस हो, भावुक जीवनको सूक्ष्म रोब, जीवनको पोत, मेहनतको पोत हो । यस्तो कोटलाई निबन्धकार अझैँ अवसरभरि पहिरन मन लागेको कुरा बताउँछन् । जुन कोटभित्र कुनै अहङ्कार छैन, यसमा

सच्चा अहम् मात्र छ । यसमा मनभरिको मोह र हृदयभरिको जोह रहेको छ । यसलाई जिउँदाको चिनो सरी छाडेर शेषपछि मेरो भेषका रूपमा यो रहिरहोस्, यसमा किरा नलागोस्, सधैँ रहिरहोस् भन्ने कामनासहित निबन्ध अन्त्य भएको छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा निबन्धकारले आफ्नो जागिरे जीवनका विभिन्न समयका घटनाहरूलाई प्रस्तुत गर्दै उच्च वर्गसँग जोडिएको जागिरले समाजबाट प्राप्त गर्ने आदर र सम्मानलाई प्रस्तुत गरेका छन् । जागिरे हुनाको यान्त्रिकता र परवशता सँगसँगै लेखकमा एउटा मनोवैज्ञानिक तत्परता, स्फूर्ति, तारुण्य, उर्दीले लगाएको एक विशेष भावना, कर्तव्य परायणता तथा पुरानो कर्मचारी तन्त्रको निरन्तरता आदिका यथार्थ चित्रहरू यस निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् । त्यसै गरी उर्दीको जीवनबाट अवकाश पाएपछिको क्षणलाई उनले यस निबन्धमा प्रस्तुत गरेका छन् । जागिरे जीवनभित्रको कर्तव्य, संस्कृति, परिधानीय मर्यादा र त्यसले बोल्ने अर्थहरूलाई पनि निबन्धमा प्रस्तुत गरिएको छ । कोटभित्रको आस्था र निष्ठालाई व्यक्त गर्दै निबन्धकारले कोट अचेतन भएर पनि आज चेतनशील मानवलाई उर्दी गरिरहेको छ । कोटले आफ्नो उर्दी चुपचाप सहन्छ, यसले विरोध, आतङ्क मच्चाउँदैन भन्दै निबन्धकारले आज सडक र सदनमा हुने गरेको विरोध र आतङ्कप्रति व्यङ्ग्यसमेत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्ना विगतका विभिन्न परिवेशका र समयका अनुभूतिहरूलाई निजात्मक पारामा प्रस्तुत गरेका छन् । सरल र सहज भाषाको प्रयोग गरेर लेखिएको यस निबन्धमा चलन चल्तीमा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । संस्कृतजन्य शब्दहरूको आधिक्य रहेको निबन्धले नेपाली सरकारी क्षेत्रका संस्कृति र प्रचलनलाई चिनाएको छ ।

**(२) बेहोसभित्रका आनन्दहरू**

प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौँ क्रममा रहेको छ । यो निबन्ध पृ. ४४-४९ सम्म फैलिएको छ । छोटाछोटा १९ वटा अनुच्छेदको आयतनमा फैलिएको यो निबन्ध पनि आत्मपरक शैलीमा लेखिएको छ । आफ्नो जीवनको चालीस वर्षको अनुभूतिलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

(क) **विषयवस्तु**

आफू चालीस वर्ष पुगेको समयमा मेसिगन स्टेट विश्वविद्यालयको कलेज अफ एजुकेसन अगाडिको चौबाटो काट्न लागिरहेको बेलामा आफ्नो साइकललाई मोटर साइकलले ठक्कर दिएको र आफू बेहोस भएको सन्दर्भबाट निबन्ध सुरु भएको छ । चौबाटाको फराकिलो मोडमा बिउँझिँदा आफूलाई लाज लागेको र होस आएपछि अनुपम आनन्दको अनुभूति पाएको कुरा उल्लेख गरिएको छ । प्रोफेसरसँग छलफल गर्न हिँडेका निबन्धकारलाई उल्टै स्पाएरो अस्पतालमा फूलको थुँगा लिएर प्रोफेसर भेट्न आएको कुरा उल्लेख गरिएको छ ।

अमेरिकामा एउटै समयमा दुइटा विषयमा एम्. ए. गर्ने जमर्को गरेको कुरालाई कोट्याउँदै आफूले त्यहाँ नन् फरमल एजुकेसन र सांस्कृतिक शिक्षा हासिल गरेको कुरा उल्लेख छ । त्यस कलेजका डा. जर्ज एच एक्सिन, इ आवो इसिनोजस्ता व्यक्तित्वहरूको समीपमा आफूले त्यहाँ पढ्न पाएको, उनीहरूको सहानुभूति, नर्थ पोर्ट मेसिनगन आज्यको पर्यावरण आदिका बारेमा पनि उल्लेख गरिएको छ ।

पुनः घटनाको क्षणलाई स्मरण गर्दै क्षणभरको बेहोसभित्रको आनन्द यदि आफूले नपाएको भए आफ्नो जीवनको मुटुले ठाउँ छाड्ने थियो होला तर त्यसो नभएकामा निबन्धकारले बेहोसलाई पनि आनन्द मानेका छन् । क्षणभरको बेहोसभित्रबाट जागा हुनु भनेको मह घोलिएको दूधको घुट्को पिउनु बराबर हुँदो रहेछ भन्दै अनुभूति आफैं हुने भन्दा पनि लिन सक्नुपर्ने कुरा निबन्धकारले औँल्याएका छन् । बेहोसबाट होसमा आउँदा आफूले आनन्द पाएको, होस पीडादायी भएको, बेहोस चिन्तामुक्त अवस्था, बेहोसमा आफूले आफूलाई नै बिर्साउने बेहोस आनन्ददायक हुँदो रहेछ भन्दै निबन्धकार आनन्द अनुभव गर्न आफूले आफूलाई बिर्साउनु पर्दो रहेछ भन्दछन् ।

(ख) **भाव वा विचार**

यसरी यस निबन्धमा निबन्धकारले आफ्नो चालीस वर्षको घटनालाई संस्मरणात्मक रूपमा प्रस्तुत गरेका छन् । आनन्द बाहिरी भौतिक वस्तुले प्राप्त नहुने वस्तु रहेछ । आनन्द प्राप्त गर्नका लागि हर मानिसले आफूले आफैँलाई बिर्साउनु पर्छ । अनि प्राप्त आनन्द प्राप्त हुने कुरालाई निबन्धकारले औँल्याएका छन् । आफूले आफूलाई बिर्स्याएपछि प्राप्त हुने आनन्द बैचन विमुक्ति क्षण हुन्छ भन्दै आनन्दबारे आफ्ना विचारहरू निबन्धकारले व्यक्त गरेका छन् ।

(ग) **भाषाशैली**

निजात्मक पारामा लेखिएको यस निबन्धमा संस्मरणात्मक शैली अँगालिएको छ । प्रचलित संस्कृत, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेर लेखिएको यसमा व्यास शैलीलाई पनि अँगालिएको छ । सरल र सहज भाषामा आफूले भोगेका अनूभूतिलाई निबन्धकारले रोचक भाषामा प्रस्तुत गरेका छन् । यसरी यस निबन्धमा निबन्धकारले आफ्नो जागिरे जीवनका विभिन्न समयका घटनाहरूलाई प्रस्तुत गर्दै उच्च वर्गसँग जोडिएको जागिरले समाजबाट प्राप्त गर्ने आदर र सम्मानलाई प्रस्तुत गरेका छन् ।

(३) **अवकाशपछिको आकाश**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** कृतिको सातौँ क्रममा रहेको छ । यसै निबन्धबाट यस सङ्ग्रहको नाम राखिएको छ । निजात्मक पारामा लेखिएको यो निबन्ध पृष्ठ ५५ देखि पृ.६० सम्म विस्तारित रहेको छ । छोटा छोटा सत्र अनुच्छेदमा फैलिएको यस निबन्धमा निबन्धकारले आफ्नो जागिरे जीवनपछिको आनन्दलाई व्यक्त गरेका छन् । मझौला आकारको यो निबन्धको विषयवस्तु स्वयं निबन्धकार आफैँ बनेका छन् ।

(क) **विषयवस्तु**

चौतीस बर्से सेवा काल पार गरेपछिको समय निबन्धकारका लागि स्वच्छन्द बनेको प्रसङ्गबाट निबन्ध प्रारम्भ भएको छ । यो सेवाकालमा कहिल्यै लालसा नराखी कार्य गरेको, यस समयमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा तालिम लिने अवसर मिलेको, ती तालिमहरू आफूका लागि महफ्वपूर्ण बनेका, यिनै अवसरहरूको सदुपयोगले अवकाशपछिको जीवनको आकाश अनन्त र दिगन्त बनेको कुरालाई निबन्धकारले व्यक्त गरेका छन् । अवकाशपाएपछिको जिन्दगी निराश नभएर हर्षपूर्ण बितिरहेको छ । सादा जीवन र उच्च विचार राख्ने निबन्धकार तडकभडकमा विश्वास नगर्ने कुरा बताउँछन् । स्वस्थ रूपमा बाँच्नु, स्वस्थ खाना खानु र जीवनलाई सही मार्गमा सञ्चालन गर्नु आफ्नो उद्देश्य रहेको कुरा निबन्धकार बताउँछन् ।

जागिरबाट अवकाशहुँदा आफू जुम्लामा भएको र जागिरबाट अवकाश पाउँदा आफूमा अत्यन्तै खुसी भएको कुरा उनी बताउँछन् । अवकाशपछि म सीमाहीन भएर बाँचिरहेको छु । अवकाशपछि ममा कुर्सीको लोभ छैन, घुर्की छैन, निन्दा छैन, घुमाउरो छैन, छ त मेरो भाषा, वाङ्मय र साहित्य । जीवनप्रतिको आस्थाको केन्द्र संस्कृति । अवकाशपछि मैले खुला हृदयले

साहित्यको सेवा गर्न पाएको छु । एउटा देशभक्त कहलाउन पाएको छु । अवकाशपछि मेरो जीवन परेवाझैँ स्वतन्त्र उड्न पाएको कुरा व्यक्त गर्दै जागिरे जीवनभन्दा पनि अवकाशपछिको जीवन आनन्दमय भएको कुरालाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले जागिरपछिका जीवनका क्षणलाई प्रस्तुत गरेका छन् । जागिरे जीवन सीमाबद्ध हुने हुनाले आनन्दित नभएको तर जागिरपछिको जीवन भने सुखदमय बनेको कुरा निबन्धकारले बताएका छन् । जागिरे जीवनमा लिएका विभिन्न तालिमहरूलाई जागिरे जीवनपछि सदुपयोग गर्दै जीवनलाई सुखद् बनाएको कुरा पनि निबन्धकारको रहेको छ । सादा जीवन र उच्च विचार राखेर जागिरबाट अवकाश पाएपछि साहित्यको सेवा गर्ने मौका पाएकामा आफू सुखी रहेको कुरा उनको रहेको छ । जागिरे जीवनमा कुर्सी मोह, घुर्की, पर निन्दा, घुमाउरो भाषाको प्रयोग गर्नु पर्ने हुन्छ तर स्वच्छन्द जीवन जिउँदा यीबाटै निकै टाढा रहेर स्वच्छन्द आकाशजस्तै खुला जीवन बाँच्दा जीवन नै सुखमय बन्दोरहेछ भन्ने निबन्धकारको व्यक्तिगत भोगाइलाई नै उनले यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

निजात्मक शैलीमा लेखिएको यो निबन्ध सरल रहेको छ । निबन्धकारले आफ्ना अतीतका अनुभूतिलाई निबन्धमा यथार्थ रूपमा प्रस्तुत गरेका छन् । नेपाली भाषाका चलन चल्तीका शब्दहरूको प्रयोग गरेर लेखिएको यो निबन्ध रोचक रहेको छ । पूर्वदीप्तिको शैलीलाई पनि केही मात्रामा निबन्धमा प्रयोग गरिएको छ । सहज र परिष्कृत भाषाशैलीमा लेखिएको यो निबन्धमा निबन्धकारले आफ्ना विगतका साथै वर्तमानलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत निबन्धमा निबन्धकारले जागिरपछिका जीवनका क्षणलाई प्रस्तुत गरेका छन् । जागिरे जीवन सीमाबद्ध हुने हुनाले आनन्दित नभएको तर जागिरपछिको जीवन भने सुखदमय बनेको कुरा निबन्धकारले बताएका छन् ।

**(४) पानी आफ्नै सतहमा पुग्छ**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको सोह्रौँ क्रममा रहेको छ । यो निबन्ध पृष्ठ ११० देखि ११५ सम्म विस्तारित रहेको छ । लामा छोटा १५ वटा अनुच्छेदमा

विस्तारित यो निबन्ध मझौला आयाममा रचना गरिएको छ । पानीलाई विषयवस्तु बनाएर लेखकका आफ्ना दर्शन र विचारहरूलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

(क) **विषयवस्तु**

२००९ सालमा जुद्धोदय विद्यालयमा पढ्दा विज्ञानका गुरु मित्रनाथ देवकोटाले आर्किमिडिजको सिद्धान्तअनुसार पानीको आफ्नै सतह हुन्छ । पानी जुन सतहबाट बहन्छ उही सतहसम्म चढ्छ भन्ने कुरो सिकाएका थिए । पानीको आफ्नै सतह हुन्छ भन्ने कुरा २०१० सालमा देवकोटाबाट पनि पढेको कुरा निबन्धकारले बताएका छन् । पानीको आफ्नै सतह हुने कुरा जाने पनि केही सिक्न नसकेको र यो कुरा आफ्नो दिमागको सतहमा चाहिँ रहिरहेको कुरा पनि उनले निबन्धमा उल्लेख गरेका छन् । आज आएर २०५१ असार महिनाको एकाबिहानै ५९ वर्षको उमेरमा नेपाल टेलिभिजनबाट राज सिन्हाले पानी विज्ञान प्रदर्शन गर्दा पानी जहिले पनि आफ्नै सतहमा रहन चाहन्छ भने पनि आफ्नो मनमा पनि असल मानिस पनि आफ्नै सतहमा रहन चाहन्छन् भन्ने कुरा आएको निबन्धकार बताउँछन् । आज पानी आफ्नै सहतमा बग्न सकेको छैन । केवल टेस्टव्युबमा मात्र सीमित छ । आर्किमिडिजको सिद्धान्तमा मात्र सीमित छ । पानी सतह खोजी खेतबारीमाथि कुलो बनेको छ । कतै पानी सतह छोडेर मेसिनको तनाइको चपेटामा परेको छ । कतै पानीले मलमूत्र पखाल्नु परेर ढलचर्पी अवतार लिएको छ । सबैतिर पानी कलुषित भइसकेको छ । टुकुचाको गति पनि यस्तै भएको छ भन्दै निबन्धकारले वागमती र टुकुचाको अवस्थालाई दर्साएका छन् । त्यसरी नै भकुन्डो र पानीको चर्चा गर्दै निबन्धकारले भकुन्डाको आफ्नो गति हुँदैन । अर्काको हनाइको भरमा अगाडि बढ्छ । अर्काको बलमा नै विश्वकप र महाकपको केन्द्रविन्दु बनेको भकुन्डो हाम्रो देशको शीर्षक नेता जस्तै हो भनेर निबन्धकारले भकुन्डोसँग नेताको तुलना गरेर छन् ।

अहिलेको युग दामकामको युग हो । दामले अरुलाई डाम्न पनि सकिन्छ र केन्द्रीय दलको नेता पनि बन्न सकिन्छ । यो वर्तमानको आलो कहानी हो भन्दै राजनीतिमा देखिएको यथार्थलाई पनि निबन्धकारले विषयवस्तु बनाएका छन् । पानीको आफ्नै वेग र गति भए के भयो र ? अहिलेका वागमती, विष्णुमती, हनुमन्तेजस्ता नदीहरूमा देखिएको दुर्गतिको के कुरा गर्न सकिन्छ । पानी आफ्नो सतहमा बग्न चाहिरहेको हुन्छ । यो वैज्ञानिक सत्य हो । पानी आफ्नै सतहमा रहेजस्तै असल मानिस पानीझैँ आफ्नै सतहमा रहन चाहन्छ । यस्तो सतहमा

ईर्ष्या, द्रोह, क्लेश रहँदैन । यसमा ज्ञान, विज्ञान, जीवनदर्शन, शालीनता जस्ता विशेषताहरू रहेका हुन्छन् भन्दै पानी र मानिसको सतह एकै हुने विचारलाई नै यस निबन्धको विषयवस्तु बनाएर निबन्धकारले प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा पानीलाई विषयवस्तु बनाएर निबन्धकारले वागमती, विष्णुमती आदि नदीहरूको पानी प्रदूषित भएको र काठमाडौँको दुर्दशालाई प्रस्तुत गरेका छन् । त्यसै गरी पानी र भकुन्डोको तुलना गर्दै भकुन्डो अर्काको हनाइको वेगमा उचालिने वस्तु भएझैँ हाम्रा देशका शीर्षस्थ नेताहरू पनि अरुबाट सञ्चालित भएका छन् भन्दै नेताहरूप्रति व्यङ्ग्य समेत गरेका छन् । पानी आफ्नै सतहमा बग्न चाहिरहेको हुन्छ । यो वैज्ञानिक सिद्ध भएको छ । पानी आफ्नै सतहमा बगेजस्तै असल मानिस पनि असल आचरण र व्यवहारमा हिँडिरहेको छ । पानी आफ्नै सतहमा रहेजस्तै असल मानिस पानीझैँ आफ्नै सतहमा रहन चाहन्छ । यस्तो सतहमा ईर्ष्या, द्रोह, क्लेश रहँदैन । यसमा ज्ञान, विज्ञान, जीवनदर्शन, शालीनता जस्ता विशेषताहरू रहेका हुन्छन् भन्दै पानी र मानिसको सतह एकै हुने विचारलाई नै यस निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध निजात्मक शैलीलाई अँगाली पानीसम्बन्धी वैचारिक चिन्तनमा आधारित छ । यस निबन्धमा निबन्धकारले वस्तुपरक ढङ्गमा पानीलाई विषयवस्तु बनाएर काठमाडौँको प्रदूषित पानी, शीर्षस्थ नेताको स्वभाव र असल मानिसको आचरणलाई प्रतीकात्मक रूपमा दर्शाएका छन् । तत्समजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको निबन्धको भाषा गहन रहेको छ । विभिन्न उदारहण र विगतका जीवनका अनुभूतिलाई समेत प्रस्तुत गर्दै निबन्धकारले सरल र सहज भाषामा यो निबन्धको रचना गरेका छन् । यसरी प्रस्तुत निबन्धमा पानीलाई विषयवस्तु बनाएर निबन्धकारले वागमती, विष्णुमती आदि नदीहरूको पानी प्रदूषित भएको र काठमाडौँको दुर्दशालाई प्रस्तुत गरेका छन् ।

**(५) नाङ्लो पसल**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको दसौँ क्रममा 'नाङ्लो पसल' निबन्ध रहेको छ । पृष्ठ ७३ देखि ७८ सम्म फैलिएको यो निबन्ध मझौला आकारको छ । छोटा छोटा

अनुच्छेदमा विभाजित यो निबन्ध १७ वटा अनुच्छेदमा फैलिएको छ । निजात्मक शैलीमा आफू विद्यार्थी हुँदा विदेशमा सुपर मार्केटभित्र पस्दाका अनुभूतिलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

(क) **विषयवस्तु**

इस्ट लैन्सिङ्ग, मेसिगन स्टेट विश्वविद्यालयको विद्यार्थी हुँदा निबन्धकार माएर्स सुपर मार्केट गएको, विशाल बजार भन्दा पनि दोब्बर आयाममा फैलिएको त्यस सुपर मार्केटभित्र पसेपछि निबन्धकारलाई आफ्नो देशका नाङ्लो पसलेको याद आएको कुरालाई यस निबन्धमा प्रस्तुत गरिएको छ । नाङ्लो पसल राख्न कुनै पनि हाउभाउ नचाहिने, खुला र स्वतन्त्र रूपमा बेच्न पाइने हुनाले यसको महफ्व रहेको कुरा निबन्धमा बताइएको छ । सानोबाटै ठूलो हुने हुनाले नाङ्लो पसलले धेरैलाई व्यापार गर्न सिकाएको छ । सानो बालकको हर्ताकर्तामा र उसकै व्यवस्थापनमा नाङ्लो पसल चल्छ । जसको अग्लाइ, उचाइ केही छैन । केवल बाँसका १०, १५ वटा कप्टेराले निर्माण गरिएको नाङ्लोमाथि सामान सजाएर राख्नु नै यसको व्यवस्थापकीय पक्ष हो भन्ने विषयलाई ग्वंगःले निबन्धमा प्रस्तुत गरेका छन् ।

नाङ्लो पसलबाटै आजको विशाल बजार बन्न पुगेको सन्दर्भलाई जोड्दै निबन्धकारले नाङ्लो पसलले पनि धेरै व्यवसायीहरूको जीवन, परिवार धानिरहेको कुरा बताएका छन् । विशाल बजारले भौतिक आवश्यकता पूरा गरे पनि यसले आध्यामिकतालाई भने भुल्दै गएको छ यानिकि सत्यता यसमा लोप हुँदै गएको छ । तर नाङ्लो पसलले व्यवसायीलाई असल बन्न सिकाउँछ । त्यसैले नाङ्लो पसल असलपनको परिचायक बनेको छ । नाङ्लो पसल श्रममुखी बनेको छ तर विशाल बजारहरू पुँजीमुखी हुन् । यी बिचको तुलना गर्न मिल्दैन । निबन्धकार त्यसैले आफूलाई आफ्नै देशको नाङ्लो पसल नै ठिक लागेको कुरा बताउँदै नाङ्लो पसलले सरल स्वभाव जन्माउँछ । यसमा हानाथाप, प्रतिस्पर्धा र ईष्या हुँदैन भन्दछन् । नाङ्लो पसलमा आनन्द, सरल स्वभाव, मिलनसार पन रहेको कुरालाई बताउँदै निबन्धको अन्त्य गरिएको छ ।

(ख) **भाव वा विचार**

यस निबन्धमा निबन्धकारले विदेशी बजारभन्दा हाम्रा देशका नाङ्ला पसल नै उत्तम रहेको कुरा बताएका छन् । ठुलाठुला महलका बजारमा विभिन्न प्रतिस्पर्धा रहेका कारण सामन पनि अन्त्यन्त महँगो हुने र ती बजारहरूले भौतिक रूपलाई पूरा गरे पनि आध्यात्मिकता, सरल

स्वभाव, असलपन भने पूरा गर्न नसकेको विचार निबन्धकारको रहेको छ । अत्यन्त धेरै पुँजी खर्चेर निर्माण भएका यस्ता विशाल बजारहरूमा हानाथाप र आनन्दहरणकारी भूमिकाले गर्दा नाङ्लो पसल नै ठीक रहेको कुरा उनी बताउँछन् । भौतिकवस्तुको बाहुल्य रहे तापनि भौतिक वस्तुले अन्त्यमा पीडा दिने हुनाले नाङ्लो पसल सरल र स्वभाव हुन्छ । यसको पुँजी पनि कम, व्यवहार सरल, श्रममुखी रहने हुनाले यसको महफ्व नेपाली समाजमा उच्च रहेको कुरा बताउँदै नाङ्लो पसलको महफ्व गाउनु नै यस निबन्धको मूल भाव वा विचार रहेको छ ।

**(ग) भाषाशैली**

निजात्मक शैलीमा लेखिएको यस निबन्धमा सरल शब्दहरूको प्रयोग भएको छ । तत्समबहुल शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा विचलनशील तथा काव्यात्मक भाषाको प्रयोग गरिएको छ । छोटा सरल वाक्यहरूमा निबन्ध लेखिएको छ । क्रियापद बिनाका वाक्यहरूले पनि निबन्धलाई अझ रोचक बनाएका छन् । यसरी यस निबन्धमा निबन्धकारले विशाल बजारहरूमा धेरै प्रतिस्पर्धा हुने भएकाले नाङ्लो पसल श्रममुखी भएका कारण यसको महफ्व नेपाली समाजमा उच्च रहेको कुरा बताएका छन् ।

**(६) अट्ठाइसौँ मृत्युमाथि टेकेर**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको पच्चीसौँ क्रममा 'अट्ठाइसौँ मृत्युमाथि टेकेर' निबन्ध रहेको छ । पृष्ठ १६४ देखि पृष्ठ १६९ सम्म फैलिएको यो निबन्ध मझौला आयाममा फैलिएको छ । यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व यो निबन्ध **रचना** वर्ष ३, अङ्क ३, २०२१ मा प्रकाशित भएको पाइन्छ । यो निबन्ध १५ वटा छोटा छोटा अनुच्छेदमा विभाजित रहेको छ ।

**(क) विषयवस्तु**

२०२१, कार्तिक कृष्ण द्वादशीका निबन्धकार २८ वर्ष पुगेपछि त्यसपछिको उनको जिन्दगी एक गन्जागोलभित्र गुम्सिएको उकुस मुकुसिँदो मौनता लिएर बाँचेको सन्दर्भसँगै निबन्ध प्रारम्भ भएको छ । निबन्धकारले आफू जन्मँदै मृत्यु लिएर आए पनि आफूभित्रको तेजेश्वर कृतिमा अन्तर्भूत भएकाले आफू नमर्ने कुरा गर्दछन् । शारीरिक रूपमा मरेर गए पनि जिउँदा र जन्मेकाहरूभित्र पसेर सधैँ बाँचिरहने विचार निबन्धकारको रहेको छ । उनी मान्छे जन्मेपछि अवश्य मर्छ तर मर्छु भनेर मानिसले कहिल्यै आँसु झार्नु हुँदैन । आफूभित्रका विचारहरू भित्रभित्रै गुम्स्याएर राख्नु पनि हुँदैन । सबै साथीभाइ, इष्टमित्रबिच आफू रुचाइएको कारण आफूभित्रको कोमलता र हार्दिकता एवम् निष्कपट हृदयले गर्दा हो भनी उनी भन्दछन् ।

जीवन भरपेटको आडमा अगाडि बढिरहेको छ । जीवनमा जन्मदिनभन्दा पनि मरण घडी महफ्वपूर्ण हुन्छ । जन्मेर जीवनमा केही न केही गरेर मात्र मर्नुपर्छ । मरणपछि रहने यश नै सबैभन्दा ठूलो कुरा हो । आज २८ वर्ष पुग्दा निबन्धकार आफ्ना बाबुले भनेको कुरा स्मरण गर्दै लेख्छन् :

"छोरा हो ! सके संसार पाल्नुपर्छ, नसके आफ्नो मुलक, अझ नसके जन्मेको सहर, त्यै पनि नसके आफ्नो टोल, यो पनि सम्भव नभए आफ्नो घर छिमेकी, नत्र भने परिवार त अवश्य पनि, केही सीप नलागे आफ्नो जिउ त पर्छ त्यो चाहिँ अमिट" (अठ्ठाइसौँ मृत्युमाथि टेकेर, : १६८) ।

यसरी मानव जीवनमा मानिसले जीवनलाई सार्थक बनाउनु पर्छ । २७ वर्षसम्मका स्मृतिलाई आत्मसात गर्दै जेठोबाठो भएर घरायसी माया ममता पाएको, क, ख पढेको, मावलीघरको फराकिलो चोकलाई बाल्य जीवनको एउटा क्षेत्र साँधेको, टोलमा गुच्चा खेलेको, स्कुल, कलेजमा कुदेको आदिको स्मरण गर्दछन् । यी कुरा सम्झँदै जीवनमा अझैँ केही गर्न बाँकी रहेको आभास आफूलाई भएको कुरा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

**(ख) भाव वा विचार**

२७ वर्ष पार गरी २८ वर्षमा लाग्दा निबन्धकारले आफ्नो विगतलाई केलाएका छन् । उनले मानव भएर जन्मेपछि मानव जीवनलाई सार्थक बनाउनु पर्ने विचार निबन्धमा व्यक्त गरेका छन् । मान्छेको जन्मदिनभन्दा पनि मरण दिनचाहिँ महफ्वपूर्ण हुने कुरा गर्दै मान्छे मरिसकेपछि उसको यश नै सबै भन्दा ठूला कुरा हो । मान्छेले जन्म लिएपछि पुरै संसार, आफ्नो देश, टोल, घर, परिवार र आफ्नो जीवनलाई पनि सुधार गर्नुपर्छ । जीवनलाई हरेक मान्छेले अतीततर्फ फर्केर केलाउनु पर्छ । यसो गर्दा केही गर्न बाँकी रहेको कुरा मानवलाई अवगत हुन्छ । जीवनलाई सार्थक बनाए मात्र मानव जीवन सफल हुन्छ भन्ने विचारलाई निबन्धकारले यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

आत्म संस्मरणात्मक शैलीमा लेखिएको यो निबन्ध सरल भाषा प्रयोग गरेर लेखिएको छ । निबन्धमा विगतका विभिन्न घटना र परिवेशलाई स्मरण गरिएको छ । नेपाली भाषामा प्रचलित शब्दहरूको प्रयोग गरेर निबन्ध रचना गरिएको छ । सहज र रोचक पारामा निबन्धकारले मानव जीवनको अर्थलाई समेत व्यक्त गरेका छन् । आफ्नै जीवनको विगतलाई

केलाउँदै निबन्धकारले यस निबन्धमा मानव जीवन सार्थक बनाउनुपर्ने धारणा व्यक्त गरेका छन् ।

यसरी तेजेश्वरबाबु ग्वंगःले संस्मरणात्मक निबन्धहरूमा आफ्ना जीवनका विविध क्षेत्रका अनुभूतिलाई सँगालेर प्रस्तुत गरेका छन् । कतै आफ्नै जीवनका अनुभूतिलाई प्रस्तुत गरेका छन् भने कतै कुनै वस्तुले आफूमाथि पारेको प्रभावलाई प्रस्तुत गरेका छन् ।

### ४.२.२ इतिहास विषयक निबन्धहरू

इतिहासलाई विषय बनाएर तेजेश्वर ग्वंगःले केही निबन्धहरू रचना गरेका छन् । इतिहासको कालखण्डमा घटेका घटना, संस्कृति, धर्म र कला मिसाएर निबन्धकारले निबन्ध लेखेका छन् । यस सङ्ग्रहमा इतिहास सम्बन्धी विषयलाई अँगालेर लेखिएका निबन्धहरू यस प्रकार रहेका छन् :

(१) कौणै कोणका त्रिकोणमय भक्तपुर

(२) तिरस्कारभित्रको पुरस्कार

(३) मात्र पाइलै पाइलामा

यी निबन्धहरूको अध्ययन तल गरिएको छ :

**(१) कोणै कोणका त्रिकोणमय भक्तपुर**

प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो क्रममा रहेको छ । पृष्ठ २८ देखि ३५ सम्म फैलिएको यो निबन्ध मझौला आकारको रहेको छ । २४ वटा अनुच्छेदमा फैलिएको यो निबन्ध तृतीय पुरुष कथनढाँचामा लेखिएको छ । ऐतिहासिक नगरी भक्तपुर जिल्लाको वर्णनमा यो निबन्ध केन्द्रित रहेको छ ।

**(क) विषयवस्तु**

७५ जिल्लामध्ये भक्तपुर पनि एक जिल्ला हो । यो जिल्ला एक लाख त्रियहत्तर हजार जनघनत्वमा फैलिएको छ । पुरातात्त्विक तीर्थस्थलका रूपमा प्रसिद्ध यो जिल्लाको बनोट शङ्खाकार रहेको छ । दुईवटा त्रिकोणहरूको सङ्गमस्थल बनेको भक्तपुरका प्रत्येक कोणमा एक एक गणेशको मन्दिर रहेको छ । नगरका चारैतिर ढोका बनाई आवागमनमा नियन्त्रण गरिएको तथ्य पनि अनेक ढोकाहरूको प्रबन्धबाट थाहा पाइन्छ । त्यसै गरी धार्मिक र सांस्कृतिक सुरक्षाको प्रयोजनमा भक्तपुर नगरलाई अष्टमातृकाद्वारा पालित नगर बनाइएको प्रसङ्ग पनि

अद्यावधि जीवितै छ । यसरी नै काशीबाट विश्वनाथजी भक्तपुरको विस्केट जात्रा हेर्न आएका बेलामा उनको शिर काटेर भक्तपुरको तमौढीमा मन्दिर निर्माण गरी स्थापना गरेको कुरा निबन्धमा उल्लेख छ । यसरी स्थापना गरेपछि भैरव धेरै कामुक भए । कालान्तरमा भूपतीन्द्र मल्लले गुरु, पुरोहितसँग सल्लाह गरी भैरवको उन्मत्तपनलाई नियन्त्रण गर्न भैरवको दाहिने दक्षिणतिर दक्षिण मोहडा बनाई पाँचतल्ले मन्दिर निर्माण गरी सिद्धिलक्ष्मीको मूर्ति स्थापना गर्न लगाए । यसरी भैरवको उन्मत्तपन शान्त भएको जनविश्वास पनि हालसम्म जीवित नै रहेको कुरा निबन्धकारले निबन्धमा बताएका छन् । यो जनविश्वासबाट पौरुषमाथि विजय पाएको अर्थ बोधगम्य रहस्योद्घाटन यस सिद्धिलक्ष्मीको मूर्तिले सार्थक रूपमा प्रस्तुत गरेको कुरालाई पनि निबन्धमा बताइएको छ ।

**(ख) विचार वा भाव**

प्रस्तुत निबन्धमा निबन्धकारले भक्तपुरको ऐतिहासिकतालाई प्रस्तुत गरेका छन् । शङ्खाकार रूपमा अवस्थित भक्तपुर नगर दुई वटा त्रिकोणहरूको बीचमा अवस्थित रहेको कुरा बताउँदै भक्तपुरको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक स्वरूपलाई निबन्धमा दर्साइएको छ । यस जिल्लाको भौगोलिक सीमाङ्कनका लागि बनाइएका ढोकाको वर्णन, प्रत्येक कोणमा रहेका गणेश मन्दिरहरूको वर्णन, धार्मिक र सांस्कृतिक सुरक्षा गर्न अष्टमातृका देवीहरूको वर्णन, तौमढी मन्दिरको निर्माण र सिद्धिलक्ष्मी देवीको मन्दिर निर्माणको इतिहास जस्ता कुराहरू यस निबन्धमा यथार्थ रूपमा निबन्धकारले प्रस्तुत गरेका छन् । यस्तो इतिहास बोकेको भक्तपुरको ऐतिहासिकता दिनानुदिन लोप हुँदै गएको र यसको संरक्षण र प्रवर्द्धनमा लानुपर्ने विचार समेत निबन्धकारको रहेको छ । भक्तपुर नगरप्रतिको निबन्धकारको मोह, धारणालाई प्रस्तुत गरिएको निबन्धले भक्तपुरको जीवन्ततालाई अभिव्यक्त गरेको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध वर्णनात्मक शैलीमा लेखिएको छ । नेपाली भाषामा प्रचलित संस्कृत, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेर यो निबन्ध लेखिएको छ । संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरेर लेखिएको निबन्ध रोचक रहेको छ । नेवारी भाषाका केही शब्दहरूको समेत प्रयोग गरिएको यो निबन्धले भक्तपुरको ऐतिहासिकतालाई झल्काउन सफल रहेको देखिन्छ । यसरी यस निबन्धमा निबन्धकारले भक्तपुर जिल्लाको ऐतिहासिकतालाई प्रस्तुत

गर्दै यस जिल्लाको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक स्वरूपलाई प्रस्तुत गरेका छन् ।

(२) **तिरस्कारभित्रको पुरस्कार**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको छैटौँ क्रममा यो निबन्ध सङ्कलित रहेको छ । पृष्ठ ५० देखि ५४ सम्म फैलिएको यो निबन्ध छोटा छोटा २० वटा अनुच्छेदमा विस्तारित रहेको छ । मझौला आयाममा संरचित यस निबन्धमा महात्मा गान्धीले सहनु परेको तिरस्कार र त्यसले उत्पन्न गरेको विद्रोहचेतनाको प्रसङ्ग उल्लेख छ । प्रथम पुरुष शैलीमा उक्त निबन्ध रचना गरिएको छ ।

(क) **विषयवस्तु**

प्रस्तुत निबन्ध गान्धी फिल्मको घटनालाई आधार बनाएर लेखिएका लेखिएको छ । फिल्मको दृश्यअनुसार गान्धी रेल यात्रा गर्दै गर्दा टिकट जाँच्ने जाँचक उनको यात्राकक्षभित्र पसेर छाला चेक गरी यो डिब्बा गोरा छाला हुनेहरूका लागि मात्र हो भन्दछन् । जाँचकले तिमी गोरा जातका नभएकाले यहाँबाट जाऊ भनेपछि गान्धीले आफूले यसै डिब्बाको टिकट लिएको छु । सुविधा मानिसका लागि हो । छाला त केवल पर्यावरणद्वारा रँगिएको आवरण मात्र हो, त्यसैले यसमै बस्छु भनेपछि रुष्ट गोराहरूले उनलाई पाँखुरामा समाएर डिब्बाबाट घोक्र्याउँछन् । गान्धी प्लेटफर्म बजारिन्छन् । सोद्देश्य यात्रा यातनामा परिणत भएपछि उनीभित्र विद्रोहको विजारोपण भएको घटनालाई निबन्धकारले उल्लेख गरेका छन् ।

गान्धीले यसरी अपहेलित हुन नपरेको भए मोहनदास करमचन्द महात्मा गान्धी बन्ने थिएनन् होला । त्यसैले तिरस्कारले नयाँ व्यक्तित्व जन्माउन सहयोग गर्न सक्छ । तिरस्कारका सबै क्षणहरू पुरस्कारका मुहूर्त पनि हुन सक्दैनन् तर गान्धीलाई गरेको तिरस्कार चाहिँ उनलाई पुरस्कार साबित भयो । मुहूर्त सबैभन्दा ठूलो कुरा हो । प्रतिकारलाई पुरस्कारमा फुलाउनेहरू उत्साहमूलक साहसलाई पग्लन दिँदैनन् । यदि मानिसमा उत्साह हरायो भने मानिस जिउँदै लास बन्न सक्छ, व्यभिचारी बन्न सक्छ । यसको उपचार नै संयम हो भनेर निबन्धमा बताइएको छ ।

तिरस्कारले ईर्ष्या, द्वेष र राग उत्पन्न हुन्छ तर पुरस्कारले मानिसमा प्राण भर्ने काम गर्छ । उसमा सधैँ उत्साह जगाउँछ । आत्मविश्वास र प्रतिष्ठावान् आस्थाबाट मानिसमा उत्साह

जन्मन्छ । यही कारणले गान्धी भारतीय भएर पनि विश्व विमोहित आत्मा बन्न सफल भए । त्यस्तै हामी नेपालीले पनि हाम्रो राष्ट्रिय पहिचानलाई जोगाउनु पर्छ । अरुको तिरस्कार भित्रबाट हामीलै नैतिक पुरस्कार आफैँ पाउन सक्ने बन्नुपरेको छ भन्ने विषयलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले गान्धीले पाएको तिरस्कारले नै उनी आज महान् पुरुष बनेको प्रसङ्गलाई उठाउँदै जीवनमा मानिसले तिरस्कारलाई पनि उपहारका रूपमा लिनुपर्ने धारणा बताएका छन् । वर्तमान समयका उपलब्धिहरूको प्रेरणाकारक घटना इतिहास हुन्छ । इतिहासलाई मध्यनजर गरेर जीवनमा पाएका तिरस्कारलाई उचित रूपमा ग्रहण गरेर जीवनलाई हामीले बदल्न सक्नुपर्छ । प्रतिकारलाई पुरस्कारमा बदल्न सकियो भने मानिसमा साहस उत्पन्न हुन्छ । त्यो साहसलाई पग्लन दिनु हुँदैन । यदि तिरस्कारलाई नकारात्मक रूपमा लिएको खण्डमा मान्छेमा निराशा पैदा हुन्छ र मान्छे जिउँदै लाश बन्न सक्छ । त्यसैले मानिसले तिरस्कारलाई नै पुरस्कार सम्झेर अगाडि बढेमा गान्धीझैँ विश्वलाई विमोहित बनाउन सक्छ भन्ने विचारलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध आत्मपरक र चिन्तनप्रधान रहेको छ । निबन्धको भाषा सरल, सहज र प्रवाहमय छ । गान्धीको जीवनमा घटेको घटनालाई आधार बनाएर लेखिएको यस निबन्धमा विद्रोहात्मक चेत पनि पाइन्छ । नेपाली भाषामा प्रचलित शब्दहरूको उचित प्रयोगले निबन्ध भाषिक दृष्टिकोणले उत्कृष्ट हुन पुगेको छ । गोराले कालाजातिलाई हेप्ने गरेको परम्परालाई यहाँ प्रतीकात्मक रूपमा प्रस्तुत गरेर त्यसबाट उत्पन्न तिरस्कारलाई गान्धीले पुरस्कार सम्झेर जीवन अमूल्य बनाएको प्रसङ्गबाट मानवले तिरस्कारलाई पनि पुरस्कारमा बदल्न सक्नुपर्छ भन्ने विचारलाई व्यक्त गरिएको छ ।

## (३) मात्र पाइलै पाइला

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको उन्नाइसौँ क्रममा 'मात्र पाइलै पाइला' निबन्ध रहेको छ । पृष्ठ १२८ देखि १३२ सम्म फैलिएको यस निबन्धमा निबन्धकारले मानव

जीवनलाई पाइलासँग तुलना गर्दै मानव जीवनका बितेका पाइलाहरूका बारेमा केलाएका छन् । छोटा छोटा २१ वटा अनुच्छेदमा लेखिएको यो निबन्ध निजात्मक शैलीमा लेखिएको छ ।

**(१) विषयवस्तु**

हाम्रो जीवन नश्वर छ । जीवनमा धुलौटोमा अडेका डोबहरू कतिन्जेल रहन सक्छन् । हाम्रो जिन्दगी नै पाइला हो, पाइला अस्थायी हुन्छ, त्यस्तै हाम्रो जिन्दगी पनि कति क्षणिक छ । आफ्नै गोडाले बनाएका पाइलालाई चिन्न ओहोरदोहोर गर्नुपर्छ, त्यस्तै जिन्दगीका बितेका दिनहरूलाई पनि चिन्न मानवले आफ्ना विगतलाई स्मरण गर्नुपर्छ । मानवले पाइलै चालेर जीवनको मर्म बुझ्ने गर्दछ । जीवनको गोरेटोको निर्माण पनि पाइलैबाट हुने गर्दछ । तसर्थ पाइलाहरू अनन्त यात्राका दिगन्त चाहना राखेर अगाडि बढून । जीवन एउटा साधना हो, साधना नै पाइला हुन् । पाइलायुक्त साधना साथै उचालिन सक्नुपर्छ । मानवका पाइलाहरू जीवनसार बन्न सक्नुपर्छ । मानवले जीवनमा चालेका पाइलाले पीडा नउब्जाओस् । मानवले आफ्ना पाइलालाई जीवन्त बनाउन सक्नुपर्छ भन्ने विषयलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

नेपाली मानवहरूले आफ्नै देशको उन्नतिमा पाइला चाल्नुपर्छ । आफ्नै आँगनको शीतललाई माया गर्नुपर्छ । विदेशी वस्तुमा भन्दा आफ्नै बारीकै फापरलाई स्वादिलो मान्नुपर्छ । आफ्नो देशमा रहेका पहरे छाँगालाई सुन्दर मान्नुपर्छ । आफ्नो पुर्ख्यौली सम्पत्तिमा गौरव राख्नुपर्छ । आफ्नो कलासंस्कृतिप्रति गर्व गर्नुपर्छ । सबै नेपालीहरूले आफ्ना पाइलालाई यी कुराहरूमा उन्मुख गराउनुपर्छ । पाइला डोब यी कुराहरूमा हालेमा एउटा पाइलै पाइलाको यात्रा पुरा हुन्छ भन्दै निबन्धकारले जीवनको वास्तविकतालाई निबन्धमा केलाएका छन् ।

**(२) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले मानव जीवनले टेक्दै आएका पाइलाहरू सही रूपमा टेक्न सक्नुपर्छ । मानव जीवनलाई सार्थक बनाउन मानवले उचित पाइला चाल्न सक्नुपर्छ । आफूले चालेका पाइलाहरूले अरुलाई पीडा नहोओस् । मानवले त्यस्ता जीवनमा त्यस्ता पाइला चालोस्, जुन पाइलाले मानव जीवनलाई जीवन्त राख्न सकोस् भन्ने विचारलाई यस निबन्धमा प्रस्तुत गरेका छन् ।

यसरी नै हरेक नेपालीहरूले आफ्ना पाइलाहरू देशको उन्नतिमा लगाउन सकून् । आफ्नो संस्कृति, प्राकृतिक सुन्दरता, पुर्ख्यौली सम्पत्ति आदि कुराहरूमा विश्वास गरेर नेपालीहरूले आफ्नो देशप्रति माया गर्न सकून । जीवनमा आफ्नो देश र जीवनप्रति नेपालीहरूले सधैं सराकात्मक सोच मात्र राखून् । जीवनमा चालेका यस्ता पाइलाहरूले मात्र जीवनको यात्रालाई पूरा गर्न सक्छ भन्ने निबन्धकारको विचार रहेको छ । यिनै विचारलाई यस निबन्धमार्फत निबन्धकारले प्रस्तुत गरेका छन् ।

**(३) भाषाशैली**

प्रतीकात्मक रूपमा पाइलालाई जीवनको स्वरूप दिएर लेखिएको यस निबन्धको शैली आत्मपरक रहेको छ । केही दार्शनिकतालाई समेत मिसाइएको यस निबन्धमा संस्कृतजन्य शब्दहरूको अत्यधिक मात्रामा प्रयोग गरिएको छ । चिन्तन प्रधान निबन्ध भएर पनि निबन्धको भाषा सरल र प्रवाहमय रहेको छ । विचलनशील वाक्यहरूको प्रयोगले निबन्धको भाषालाई अझ रोचक बनाएको छ । समग्रमा निबन्धको भाषा प्रवाहमय, सरल र सहज रहेको छ । यसरी यस निबन्धमा निबन्धकारले पाइलाहरूलाई सत्कर्ममा लगाउँदै आफ्नो देश, संस्कृति, प्राकृतिक सुन्दरता, पुर्ख्यौली सम्पत्ति आदिलाई संरक्षण  र संवर्धन गरेर देशप्रेम फैलाउनु पर्ने विचारलाई प्रस्तुत गरेका छन् ।

यसरी तेजेश्वर ग्वंगले इतिहास विषयक निबन्धहरूमार्फत केही स्थानको र व्यक्तिगत इतिहासको चर्चा गरेका छन् । भक्तपुर जिल्लाको ऐतिहासिक परिचय, गान्धीको इतिहास र जीवनको इतिहासलाई यी निबन्धहरूमा प्रस्तुत गरेका छन् । इतिहासका कुराहरूलाई यथार्थ रूपमा विश्लेषण गरेर सबै नेपालीहरूले अगाडि बढ्नु पर्ने चाहना समेत उनले यी निबन्धमार्फत व्यक्त गरेका छन् ।

**४.२.३ विचारात्मक निबन्धहरू**

तेजेश्वरबाबु ग्वंगःले विभिन्न विषयलाई उठाएर त्यस विषयवस्तुप्रति आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् । उनका वैचारिक चिन्तनलाई उनले यस्ताखाले निबन्धमा व्यक्त गरेका छन् । आध्यामिक, सृष्टिको सिर्जन प्रक्रिया, आफूभित्रको अनुभूति र आफ्नो अन्तरको व्याख्याजस्ता प्रवृत्तिलाई अँगाले उनले विचारात्मक निबन्धहरू लेखेका छन् । उनका यस सङ्ग्रहमा सङ्कलित विचारात्मक निबन्धहरू यस प्रकार रहेका छन् :

(१) हात र खुट्टाहरू

(२) पानी पानी भईदिऊँ जस्तो

(३) प्राणी मात्रको मह

(४) दृष्टिकोणभित्रका दृष्टिकोण

(५) अस्तित्वको खोज

(६) म

(७) मुद्रामय Ç कार

(८) कानैकानभरिको एउटा बहिरो ज्यान जोगाएर

(९) केवल खाली कागजमाथिको एउटा रित्तो मान्छे

(१०) प्रस्तुति आफ्नै अन्तरालको

(११) सप्ताश्वरथमारुढम्

(१२) घर निष्ठा - निष्ठा घर

(१३) स्वर, रङ्ग र शब्द

(१४) माहुरभित्रको स्वाइँ

(१५) आँखैआँखाभरि नाङ्गो जीवन जिएर

(१६) अनुभूतिका आँखाहरू

(१७) साहित्यिक संरचनामा सांस्कृतिक सञ्चेतना

यी निबन्धहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

**(१) हात र खुट्टाहरू**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको तेस्रो क्रममा रहेको छ । पृ. ३६ देखि पृ. ४० सम्म फैलिएको यो निबन्ध छोटा छोटा अठार अनुच्छेदमा विभाजित भई संरचित छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले हात र खुट्टाका बारेमा आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् ।

**(क) विषयवस्तु**

उमेर पाक्दै गएपछि हात चस्किन थाल्छन्, त्यो चस्काइ नै अनुभूति बन्छ । कतिपय अवस्थामा आफ्नै चेतनाले अरु हातखुट्टाहरूलाई चस्काइ दिन्छ । हरेक मानिसलाई कार्य गर्न

हात र खुट्टाहरू चाहिन्छन् । त्यसैले जीवन नै हात र खुट्टा हो । यो चुलबुले दुनियाँमा हात र खुट्टाहरू नतन्काइ हुँदैन । हात र खुट्टाहरू तन्काउन सकैर मान्छे जनावारभन्दा भिन्न जन्तु हुन पुगेको हो । हातलाई हात बनाउन सकेरै बाँदरबाट मान्छे बनेको हो । बाँदरले हातलाई हातकै काममा मात्र प्रयोग गर्दैन तर मान्छेले चाहिँ केवल हातलाई हातकै रूपमा मात्र प्रयोग गर्दछ । मानिसका हात नै सीप हुन् । हातहरू सिपालु भएर नै आज विश्वमा विभिन्न आविष्कारहरू हुन सके । हातहरू हल्लाउन सकेरै मानिसले हातेमालो गर्न सक्यो । हातहरू मुठ्ठीदान यज्ञ पनि बने । हात कसे मुठी बन्छ भने खुला भए भने सीमाहीन आकाश पनि बन्न सक्छ । त्यसैले हामीले हातहरूलाई मुठीमै सीमित राख्नुहुँदैन भन्ने निबन्धकारको विचार प्रस्तुत भएको छ ।

हातलाई खुट्टा र खुट्टालाई हात नभई हुँदैन । हात नभई खुट्टाको अस्तित्व पनि रहँदैन । हात र खुट्टाहरू सँगसँगै सल्बलाए मात्र जीवनको गतिको पहिलो झुल्का देख्न सकिन्छ । हात र खुट्टाहरूले मानिसले घामको पहिलो झुल्को देख्न पाएथे । हात र खुट्टाहरू एकसाथ जुट्न थालेदेखि नै मानिसले सभ्यताको क्षितिज उघार्न सक्यो । मान्छेको सभ्यता निर्माणमा हात र खुट्टाहरूको महत्वपूर्ण योगदान रहेको छ । हामीले आत्मगौरव गाथा गाउने ठाउँ पनि हात र खुट्टाहरूले नै निर्माण गरेका हुन् । त्यसैले हात र खुट्टाहरू हाम्रा इष्टदेव हुन् । हात र खुट्टाहरू चलायमान भएपछि नै हामी र हाम्रा पूर्वजका मनमस्तिष्कको क्रमिक विकास भएको हो । यिनै हात र खुट्टाहरूकै निरन्तरतामा हाम्रा सन्ततिहरूमा पनि अग्रगामी उत्थानहरू उदयाचलको उदयविन्दुसम्म अनवरत रहनेछन् भन्ने विचारलाई कविले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले हाम्रो शरीरका हात र खुट्टाहरूले नै हामीलाई अन्य प्राणीभन्दा अलग बनाएको विचार व्यक्त गरेका छन् । मानिसले हात तन्काउन सकेका कारणले मानिस अन्य प्राणीहरूभन्दा फरक भएको हो । यिनै हातहरूले नै मान्छेले विभिन्न कुराको आविष्कार गरेर आज भौतिक उन्नति गरिरहेको छ । यिनै हातहरूले हातोमालो गर्दै जीवनलाई सुखमय बनाउँदै लगिरहेको कुरालाई निबन्धकारले व्यक्त गरेका छन् ।

त्यसरी नै खुट्टाले मानिसलाई घामको पहिलो झुल्को देखाउन सफल भएको छ । मान्छेको क्षितिज उघार्न सफल भएको हो । त्यसैले मान्छेका खुट्टाहरू पनि महत्वपूर्ण अङ्ग हो ।

खुट्टा नै हाम्रा इष्टदेव हुन् । खुट्टाहरू चलायमान भएपछि नै हामी र हाम्रा पूर्वजका मस्तिष्कको विकास भएको सन्दर्भलाई जोड्दै मानिसलाई बाँदरबाट मानिस बनाउने मूल कुरा हात र खुट्टाहरू भएको विचार निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यो निबन्ध रोचक रहेको छ । मानिसको सृष्टिक्रमलाई दर्साउन उनले यस निबन्धमा विभिन्न उदाहरणहरू प्रस्तुत गरेका छन् । क्रियापद विहीन वाक्यहरूले निबन्धलाई थप रोचक बनाएका छन् । सरल र सहज भाषामा लेखिएको यस निबन्धमा तिनै स्रोतका शब्दहरूको प्रयोग उत्तिकै मात्रामा गरिएको छ । निचोडमा निबन्ध सरल, रोचक रहेको छ । यस निबन्धमा निबन्धकारले यस विश्व मानव सभ्यता वर्तमान पुग्न हात र खुट्टाको महफ्वपूर्ण योगदान रहेको चर्चा गर्दै हाम्रा इष्टदेव नै हात र खुट्टाहरू हुन् भन्ने विचार व्यक्त गरेका छन् ।

**(२) पानी पानी भईं दिऊँ जस्तो**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको नवौँ क्रममा रहेको छ । पृष्ठ ६८ देखि ७२ सम्म फैलिएको यो निबन्ध सोह्र वटा अनुच्छेदमा विस्तारित रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले पानीका बारेमा आफ्ना विचार व्यक्त गरेका छन् ।

**(क) विषयवस्तु**

निबन्धकार नुवाकोट दरबार हेरेर फर्किँदा त्रिशुलीको बेग देखेर मनमा उब्जेका विचारलाई यस निबन्धको विषयवस्तु बनाइ प्रस्तुत गरेका छन् । त्रिशुलीको पानी निरन्तर बगिरहेको, त्यो पानी कतै मुद्रामय, चित्रमय, सङ्गीतमय, नृत्यमय देखिन्थ्यो । त्रिशुली हेर्दा पानी कर्मशील जीवन प्रवाह जस्तो लाग्थ्यो । पानीबाट एउटा शाश्वत नाद घन्किरहेको थियो, गीत गाइरहेको थियो यी दृश्यहरूले आफूलाई लोभ्याएको कुरा निबन्धकार प्रस्तुत गर्दछन् ।

पानीको गतिमान प्रवाह नियाल्दा आफूले पानीको प्रवाहमा जीवन गति पाएको, पानी कुदिरहेझैँ हाम्रो जीवन पनि कुदिरहेको, हाम्रो जीवन नै पानी हो, त्यसैले पानी प्राणमय रहेछ । पानी नै हाम्रो प्राणदाता भएकाले हाम्रो शरीरको पनि ६५ प्रतिशत भागमा पानी नै छ । पानीले

कर्मशील जीवनको बोध गराउन सक्छ । त्यसैले निबन्धकारलाई पनि पानी बन्न लागेको कुरालाई उनले यस निबन्धमार्फत् व्यक्त गरेका छन् ।

विभिन्न ठक्कर खाइकन पनि हाँसी हाँसी जीवन जिउन सक्ने त्रिशुलीको पानी नै स्वरस्वती हुन् । हाम्रा बागमती, विष्णमुती, हनुमन्ते पनि सरस्वती थिए तर मानिसले ती सरस्वतीलाई विनाश गरे । पानीबाट विभिन्न विलक्षण प्रतिभा सिक्न सकिन्छ । अवरोधले छेक्ने नसक्ने पानीको लीला साँच्चै नै महिमामय छ । विभिन्न तगाराहरूले छेकेपछि ती तगारालाई पन्छाउन सक्ने शक्ति पानीमा छ । पानीले अरुको प्यास मेटाउन सक्छ, तर मानिसले अरुको प्यास मेटाउन सकेको छैन, अरुको पाप पखाल्न सकेको सकेको छैन । पानीको आकार, स्वरूप नभएर पनि उसले विभिन्न कर्मशील कार्य गरिरहेको छ, तर मान्छेको आकार र स्वरूप भएर पनि केही गर्न सकेको छैन । त्यसैले यो जिन्दगी नै पानी पानी भई दिऊँ जस्तो लागेको कुरा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

निजात्मक शैलीमा लेखिएको यो निबन्ध वर्णनात्मक स्वरूपमा प्रस्तुत छ । संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा निबन्धमा प्रयोग गरिएको छ । केही ठाउँमा मानिस र पानीबीचको तुलनासमेत गरिएको छ । पानीको कलात्मक वर्णन, विभिन्न स्रोतका शब्दहरूको प्रयोग, क्रियापदविहीन वाक्यहरूको प्रयोग, पानीको वैचारिक चिन्तन आदि विशेषताले यो निबन्ध गहन र चिन्तनपरक बनेको छ । निबन्धको भाषा सरल र सहज रहेको छ । यस निबन्धमा हाम्रो प्राण बचाउने पानीको आफ्नै स्वरूप नभए पनि आज पानीले कर्मशील कार्य गरिरहेको तर मानवको आकार र स्वरूप भए पनि मानिसले केही गर्न नसकेको विचारलाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

**(३) प्राणीमात्रको मह**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको एघारौँ क्रममा रहेको छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व नोभेम्बर २०००-जनवरी २००१ को **अक्रस** पत्रिकाको वर्ष ४, अङ्क ३ मा प्रकाशित भएको देखिन्छ । पृष्ठ ७८ देखि ८४ सम्म विस्तारित र अठार अनुच्छेदमा संरचित यो निबन्ध मझौला आकार तथा दुई शब्दे शीर्षकमा प्रस्तुत छ । यसको प्रस्तुति ढाँचा आत्मपरक वा प्रथम पुरुषात्मक रहेको छ ।

**(क) विषयवस्तु**

यसमा पृथ्वीको गौरवगान वा जयगान गरिएको छ । यो धरती पूजामा समर्पित निबन्ध हो । यसमा निबन्धकार धरतीका सच्चा पुजारीका रूपमा देखिएका छन् । सामूहिक प्रयासमा मात्र यो विश्व रङ्गमञ्च बन्न सक्छ र बनेको पनि छ । हामीलाई संसार मन पर्छ । हामी संसारी हौँ । संसारमा प्राणीमात्रको मह छ । प्राणी मात्रको प्राणको अस्तित्व पृथ्वीमा छ । त्यसैले हामी सबैले धरतीको गाथा गाउनु पर्छ । धरतीको गाथा गाउनु भनेको सम्पूर्ण प्राणीको र सृष्टि वा सृजनाको गाथा गाउनु हो । धरतीको गाथा गाउनु भनेको सम्पूर्ण प्राणीको र सृष्टि वा सृजनाको गाथा गाउनु हो । धरती वा पृथ्वीको गर्भभित्र मह नै मह छ तर मान्छे त्यसलाई यत्नले काढ्नुभन्दा बलजफ्ती गरेर पृथ्वीमाथि आघात पार्ने र विध्वंश गर्ने गलत बाटो अँगाल्छ । पृथ्वी सिङ्गै महको चाका हो । मानिसहरू चाकाका सृजनशील माहुरीहरू हुन् । फेरि प्राणीहरू पृथ्वीकै मह हुन् । वेदव्यासले यस्ता महलाई बचाउने वेदरूपी दर्शन दिएका छन् तर दानवीय प्रवृत्तिका बारुलाहरूले कर्मशील माहुरीहरूमाथि आक्रमण र आतङ्क मच्चाएका छन् र वेदवाक्यलाई गरिमापूर्ण अर्थबाट टाढा राख्न खोजेका छन् । धरतीबाट हामीले धारणशील गुण बटुली हिंस्रक स्वभाव त्यागेर कर्मयोगद्वारा जीवनलाई रसिलो पार्न सक्नुपर्छ । पृथ्वीको संरक्षण गर्ने भावनाबाट नै जीवनको जोहो गर्ने पराग बढ्न सक्छ । यो महरूपी संसारमा महझैँ मोहक हाम्रो जीवन प्यारो छ । अतः धरतीको गौरव गाथा गाउने वेदको सार लिऔँ र जीवनलाई ध्वंशबाट बचाई संसारलाई सुन्दर बनाऔँ भन्ने निबन्धकारको विचार रहेको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले प्राणीहरूले पृथ्वीको माया गर्नुपर्छ । पृथ्वीको अस्तित्वमा नै मानव बाँचिरहेको छ । पृथ्वीभित्र अनेकौँ सम्भावनाहरू रहेका छन् । ती सम्भावनाहरूलाई खोजी गर्नुपर्छ तर आजको मानव पृथ्वीभित्रका कुराहरूलाई खोज्नभन्दा पनि पृथ्वीको नष्ट गर्नतिर लागिरहेको यथार्थलाई निबन्धकारले निबन्धमा औँल्याएका छन् । जीवनको कर्मलाई बुझ्न नसकेर आजको मान्छे थोरै सुख बटुलेर आनन्द मनाइरहेको छ । प्राचीन सामाजिक स्वरूप पनि बिग्रँदै गइरहेको छ । विश्वमा आणविक शक्तिको आविष्कारले त्रास र भय बढ्दै गइरहेको छ । मानिसहरू आफूलाई जन्मदिने पृथ्वीलाई आफ्नो बनाउने होडमा लागिपरेका छन् । त्यसैले यस्ता दुष्परिणामबाट पृथ्वीलाई बचाउन मानवले आफ्नो जीवन बुझ्न सक्नुपर्छ । वेदका वाक्यहरूको महत्ता गाउन सक्नुपर्छ । संसारलाई लहलहैमा बुझ्ने होइन, आदर्शमय

वेदवाक्यभित्रका गुञ्जिने स्वस्थकर जीवनको मूल पत्ता लाउन सक्नुपर्छ । अनि मात्र मानवले पृथ्वीको रक्षासँगै आफ्नो अस्तित्वलाई बुझ्न सक्छ भन्ने मान्यतालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध सरल, कवितात्मक, प्रतीकात्मक र प्रवाहमय भाषाशैलीमा लेखिएको छ । आफ्ना उच्च विचारहरू पोख्दै धरतीको अमरता गान गर्न निबन्धकार सफल रहेका छन् । संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको यो निबन्धको भाषा प्रभावकारी रहेको छ । यस निबन्धमा निबन्धकारले मानवले जीवनको सारतत्त्व पत्ता लगाएर पृथ्वीको रक्षा गरेर आफ्नो अस्तित्वलाई बुझ्नु पर्ने धारणालाई व्यक्त गरेका छन् ।

**(४) दृष्टिकोणभित्रका दृष्टिकोण**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको तेह्रौं क्रममा रहेको छ । यो निबन्ध पृष्ठ ९१ देखि पृष्ठ ९७ सम्म फैलिएको छ । लामाछोटा पन्ध्रवटा अनुच्छेदमा फैलिएको यो निबन्ध मझौला आयाममा संरचित रहेको छ ।

**(क) विषयवस्तु**

हेर्नु र देख्नु दृष्टिका दुई भिन्न क्रिया हुन् । हेर्नु दृष्टिको प्राथमिक क्रिया हो भने देख्नु दृष्टिको दोस्रो तहको प्रगाढ क्रिया हो । हेर्ने काम आँखाले गर्दछन् तर देख्ने काम चाहिँ अन्तर्ध्यानबाट मात्र हुन्छ । यही अन्तर्ज्ञानबाट आत्मज्ञान प्राप्त हुन्छ । आत्मज्ञान प्राप्त हुनु नै दृष्टिकोणभित्रको दृष्टिकोण हो भन्ने भनाइ निबन्धकारको रहेको छ । एउटा दृष्टिकोण सीमाबद्ध हुन्छ भने अर्को दृष्टिकोण सीमाहीन हुन्छ । सीमाबद्ध दृष्टिकोण आफूसँगै रहन्छ भने सीमाहीन दृष्टिकोणका वेगवान् पखेटाहरू हुन्छन् । दृष्टिकोणभित्रको दृष्टिकोण भनेको पारदर्शन उघ्रनु हो । पारदर्शनले नश्वर सत्यलाई नाशवान् ठान्छ । पारदर्शनले नश्वरतालाई मृत्युपछि पनि जीवित राख्ने प्रवृत्तिका परमार्थमाथि उडान मार्ग भर्ने चेष्टा राख्छ । दृष्टिभित्रको दृष्टिकोणको धरातल यहाँनिर पुगेर सुन्दर बन्छ भन्ने मान्यतालाई निबन्धकारले प्रस्तुत गरेका छन् । दृष्टि एक भए पनि दृष्टिकोण अनेक हुन सक्छन् । एउटा दृष्टि केवल यथार्थमा अडिन्छ भने अर्को दृष्टि त्यहाँभन्दा पनि पर पुग्न सक्छ । दृष्टि भन्नु नै ज्ञान हो, वा शिवजीको तेस्रो आँखा हो भन्दै दृष्टिकोणभित्रको दृष्टिकोण आत्म तत्त्वबोधी हुने कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले दृष्टिकोणका दुईटा महफ्वलाई बताउँदै आँखाले हेर्नु भनेको केवल बाहिरी रूपलाई नियाल्नु हो, तर आँखाले देख्नु चाहिँ अन्तर आत्माको ज्ञान हुनु हो भन्ने विचार व्यक्त गरेका छन् । एक प्रकारको दृष्टिकोण सीमाहीन र अर्को प्रकारको दृष्टिकोण सीमाहीन हुने कुरा बताएका छन् । सीमाहीन दृष्टिकोणबाट चाहिँ ज्ञान प्राप्त हुन्छ । यही ज्ञानले आत्माको बोध हुन्छ भन्ने विचार निबन्धमा प्रस्तुत भएको छ । त्यसरी नै दृष्टि एक भए पनि दृष्टिकोण अनेक हुन सक्छन् । हरेक मान्छेमा दृष्टि हुन्छ तर दृष्टिकोण चाहिँ नहुन पनि सक्छ । एक प्रकारको दृष्टि केवल बाहिरी आवरणमा मात्र सीमित हुन्छ भने अर्को प्रकारको दृष्टि अन्तर तहसम्म पुग्न सक्छ । त्यही दृष्टि नै शिवजीको तेस्रो आँखा हो । यही अन्तर दृष्टिबाटै आत्मबोध सम्भव हुने विचारलाई निबन्धकारले यस निबन्धमार्फत आफ्ना विचार व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध व्याख्यात्मक शैलीमा लेखिएको छ । संस्कृतका अधिक शब्दहरूको प्रयोग गरेर लेखिएको यो निबन्ध रोचक रहेको छ । निबन्धमा सूक्ष्मता र स्थूलताका बिच तर्कना समेत गरिएको छ । शब्दहरूलाई मालाजस्तै बनाएर यस निबन्धमा लेखकले बडो अनुप्रासीय शैलीको समेत प्रयोग गरेका छन् । निचोडमा निबन्ध रोचक र सरल रहेको छ । यस निबन्धमा निबन्धकारले दृष्टि र दृष्टिकोणको महफ्वलाई दर्साउँदै दृष्टिकोणले ज्ञान प्राप्त हुने भएको यसले आत्माको बोध गराउन सक्छ । त्यसैले हाम्रो दृष्टिकोण अन्तरआत्मासँग सम्बन्धित हुनुपर्ने धारणालाई प्रस्तुत गरेका छन् ।

**(५) अस्तित्वको खोज**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको चौधौँ क्रममा रहेको निबन्ध 'अस्तित्वको खोज' रहेको छ । पृष्ठ ९८ देखि पृष्ठ १०२ सम्म विस्तारित यो निबन्ध छोटा लामा ११ वटा अनुच्छेदमा विभाजित र संरचित छ । मझौला आयाममा रचित यस निबन्धमा निबन्धकारले अस्तित्वको खोज गरेका छन् ।

**(क) विषयवस्तु**

सामान्य जीवनमा अस्तित्व अलङ्कार बन्न सक्छ तर दार्शनिक जीवनमा अस्तित्व आस्थाको पुञ्ज बन्न सक्छ । आस्था र अनास्था दुवै अस्तित्वसूचक हुन् । दुवैभित्र अस्तित्व

बाँचेको हुन्छ । आस्थामा सकारात्मक र अनास्थामा नकारात्मक रूपमा अस्तित्व विद्यमान हुन्छ । अस्तित्व आफूबाटै अभिव्यक्त हुन्छ । अस्तित्व आन्तरिक पक्ष हो भन्दै निबन्धकारले अस्तित्वको परिचय गराएका छन् । अस्तित्वको आकार, स्वरूप केही छैन, यो त अमूर्त छ । आज मानिसले अस्तित्वलाई परपर सारेर खोजी गरिरहेको छ । अस्तित्व खोजेर पाइने कुरा होइन, अस्तित्व त आफूभित्रकै आस्था हो । अस्तित्व अदृश्य भएर खोजेर पाइन्न । अस्तित्व अभौतिक तफ्व भएकाले यो भौतिक संरचनामा अटाउन सक्दैन भन्दै अस्तित्वको परिभाषा दिइएको छ ।

अस्तित्व आफूभित्र उपज भएर ओजस्वी नै रहन्छ । अस्तित्व कसैलाई दिन सकिन्न । कसैले खोस्न पनि सक्दैन । अस्तित्व आत्मपरक आस्थाभित्र रहन्छ । अस्तित्व अनावरण भएर पनि नाङ्गै रहन्छ । अस्तित्व ओजस्वी भएर शृङ्गारबिना पनि आकर्षक र मोहलाग्दो हुने कुरा निबन्धकार बताउँछन् । मानिसलाई अहङ्कारले अस्तित्वहीन बनाइदिन्छ । रावण, दुर्योधन, चार्लस् प्रथम, लुइ चौधौँ आदि पात्रहरू अहङ्कारले गर्दा नै अस्तित्वविहीन हुन पुगे । सिद्धान्तपरक मार्गदर्शनको विचलनबाट अस्तित्व ओज रहन सक्दैन । अस्तित्वमूलक राजयोगका लागि राष्ट्रवादको मर्म बुझ्न सक्नुपर्छ । हाम्रो अस्तित्वको ओज नेपालको माटोबाट विस्तृत हुनुपर्छ । माटाको महिमाभित्र हाम्रो अस्तित्वको गरिमा छ । त्यही गरिमाभित्र हाम्रा अस्तित्वको ओज अटल रहेको हुन्छ भन्दै अस्तित्वको महफ्वलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले हरेक मानिसले आफ्नो अस्तित्वलाई जोगाउनु पर्ने धारणा राखेका छन् । सर्वप्रथम त अस्तित्वको परिभाषा दिएका छन् । अस्तित्व खोजेर र कसैबाट लिइने वस्तु होइन, यो त स्वतस्फूर्त रूपमा आफैँमा उत्पन्न हुने वस्तु हो । यो अस्तित्वलाई कसैले खोसेर लान सक्दैन । अस्तित्व आफैँ पारदर्शी हुन्छ । अस्तित्व कसैलाई दिएर दिइने वस्तु पनि होइन । अस्तित्वलाई अहङ्कारले भने नष्ट गराइदिन्छ । अस्तित्वलाई जोगाइराख्न राष्ट्रप्रेमलाई यथावत् राख्न सक्नुपर्छ । सिद्धान्तपरक मार्गबाट विचलन भएको खण्डमा अस्तित्व रहँदैन । त्यसैले अस्तित्वलाई यथावत् राख्नका लागि हामीले आफ्नो माटोका रक्षा गर्नुपर्छ । हाम्रो माटोको गरिमाभित्र नै हाम्रो अस्तित्व लुकेको छ भन्दै निबन्धकारले निबन्धको अन्त्यमा

देशप्रेमलाई समेत व्यक्त गरेका छन् । अस्तित्ववान् भएर बाँच्न हामीले आफ्नो देशप्रति गौरव गर्दै आफ्नो माटोको माया गर्नुपर्ने विचार निबन्धकारले यस निबन्धमार्फत व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध निजात्मक शैलीमा लेखिएको छ । तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा संस्कृत जन्य शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ । परिष्कृत भाषाको प्रयोग गरेर लेखिएको यो निबन्धमा क्रियापदविहीन वाक्यहरूको प्रयोग पनि अति मात्रामा गरिएको छ । सरल र सहज भाषामा लेखिएको यो निबन्ध चिन्तन र दर्शन पनि आधारित छ । रोचक र परिष्कृत भाषाको प्रयोग गरिएकाले निबन्ध गहन बनेको छ । यसरी यस निबन्धमा निबन्धकारले अस्तित्वको परिचय दिँदै अमूर्त रूपमा रहने अस्तित्वलाई मानवले बचाउनु पर्ने धारणा व्यक्त गर्दै सच्चा देशभक्ति प्रकट भएमा मात्र हामीले हाम्रो अस्तित्व बचाउन सक्छौँ भन्ने धारणा व्यक्त गरेका छन् ।

**(६) म**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको पन्ध्रौँ क्रममा रहेको छ । यो निबन्ध पृष्ठ १०३ देखि १०९ सम्म फैलिएको छ । छोटा लामा २० वटा अनुच्छेदमा फैलिएको यो निबन्ध मझौला आकारको रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो परिचयलाई प्रस्तुत गरेका छन् ।

**(क) विषयवस्तु**

निबन्धकारलाई म को हुँ भन्ने थाहा छैन । कर्तव्य चुकाउनका लागि म मानिस हुँ । समाजमा बसेको हुनाले सामाजिक प्राणी हुँ । अबोध वालक, विद्यार्थी, पढैया, मिहिनेती, प्रेमी, जिउँदो मान्छे आदि मका अनेक परिचय छन् । परिचय अनन्त छ । आमाबाबुको छोरो, ससुरालीको ज्वाइँ, स्कुलको मास्टर, पत्नीको पति, छोराछोरीको बाबु, भविष्यका सन्ततिहरूको पितृ, वरपरकाहरूको छिमेकी आदि म का अनेक परिवेशअनुसार नाम र काम यहाँ छन् । म यस संसारमा कति छन् कति । कति चाहिँ आफूलाई म म भनेर नदेख्ने होलान् तर सबैले आफूलाई म भन्दै अगाडि बढिरहेको हुन्छ । बुद्ध, राम, कृष्ण पनि म जस्तै मानव अवतार थिए । तर यो संसारका मानिसहरूले अहं ब्रह्मास्मि जप्दाजप्दै आफू भन्ने म लाई भुलिरहेका छन् । सबैले आफूलाई म भन्ने कुरा ठिकै हो, तर मम मा ता जोडिएपछि ध्वंसात्मक प्रवृत्ति उत्पन्न

हुन्छ र म वादी हिटलर जस्तो मानिसको स्वभाव हुन्छ भन्दै निबन्धकारले यस्तो अहङ्काररूपी मको अन्त्य गर्नुपर्ने धारणा राखेका छन् ।

मवादीहरूले आफ्नै गुणगान मात्र सम्झन लागे भने वा म नै सबैथोक हुँ भन्न थाले भने व्यक्तिवादी धारणा जन्मिन सक्छ । यस्तो धारणाले तानाशाहीसम्म बन्ने अन्धवेग पनि ल्याइदिन्छ । त्यसैले सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया को धारणा नै वर्तमानको पुष्टि हो । त्यसैले मले आफ्ना लागि मात्र होइन अरुका लागि पनि हित हुने काम गर्नुपर्छ । भगवान् कृष्णको भन्दा म को रूप विस्तृत छ । कृष्णले दाउरा बाल्नु परेको थिएन, काम गर्नु परेको थिएन, व्यापार गर्नु परेको थिएन । तर म पात्रले त सबै थोक गर्नुपरेको छ । मानिस एउटै भएर पनि गुण र स्वभाव अलग अलग रहेका छन् । सबै कृष्ण भएनन्, सबै दुर्योधन भएनन् । त्यसैले 'म' को प्रवृत्तिलाई त्यागेर अरु वा हामीको प्रवृत्ति लिएर हामीले बाँच्नु पर्दछ भन्ने विषयलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले 'म' को परिचय दिँदै संसारमा म को अहम्ले हिटलर जस्ता अङ्कारवादीहरूको जन्म हुने भएकाले हामीले म को वा मेरो भावना छोडी हामी वा अरुको भावना विकास गर्नुपर्ने विचार व्यक्त गरेका छन् । सबै सुखी रहनुपर्दछ । शान्तिमय जीवन यापन गर्नुपर्दछ भन्ने भावनालाई अँगालेर निबन्धकारले मानिसको भूमिका परिस्थितिअनुसार अलग अलग भए पनि जीवनमा परोपकारको भावना पनि लिनुपर्दछ । मनलाई एकत्रित गर्न नसके हाम्रो जीवनमा धेरै उतारचढाव आउने हुनाले हामीले मनलाई नियन्त्रण गरेर जीवनलाई सधैँ सत्मार्गतिर प्रवृत्त गराउनु पर्दछ । आफू भलो त जगत् भलो भन्ने भावनालाई अँगालेर हामीले जीवन बितायौँ भने म र मेरो भन्ने अहङ्कारको उत्पत्ति नहुने विचार पनि निबन्धमा प्रस्तुत छ । गतिशील संसारमा जीवनलाई चलायमान बनाएर अगाडि बढाउनु पर्दछ । नवीनतालाई अँगालेर समाज र जीवनलाई अग्रगतितिर लैजानु पर्दछ । आफूलाई पुग्ने मात्र होइन, अरुलाई पुग्ने गरी पनि काम गर्नुपर्छ । आफ्ना लागि मात्र बाँच्ने होइन, अरुका लागि पनि बाँच्नु पर्दछ । त्यसैले जीवन आफ्नो भए पनि जीवनले गर्ने काम चाहिँ अरु सबैका लागि हुनुपर्दछ भन्ने परोपकारी भावनालाई यस निबन्धमार्फत निबन्धकारले प्रस्तुत गरेका छन् ।

(ग) **भाषाशैली**

वर्णनात्मक शैलीमा लेखिएको यो निबन्ध वैचारिक चिन्तनमा आधारित रहेको छ । संस्कृतका तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग गरेर निबन्धलाई रोचक तुल्याएको छ । अझ संस्कृतका सूक्तिहरूले निबन्ध अझ गहन र सुंसंस्कृत बन्न पुगेको छ । नेपाली उखानको प्रयोगले निबन्धले सरस बनाएको छ । सरल र सहज भाषामा लेखिएको निबन्धले हाम्रो आदर्शलाई विभिन्न विम्ब र प्रतीकका माध्यमबाट प्रस्ट पारेको छ । निबन्धकारले मानिसका विभिन्न रूप भएर पनि उसमा अहङ्कार भयो भने उनको जीवन निरर्थक बन्छ भन्दै मानिसले परोपकारी भावना लिएर अगाडि बढेमा उसको जीवनको सार्थक बन्ने धारणालाई यस निबन्धमा प्रस्तुत गरेका छन् ।

(७) **मुद्रामय ॐ कार**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको सत्रौं क्रममा 'मुद्रायम ॐ कार' निबन्ध रहेको छ । पृष्ठ ११६ देखि पृ. १२४ सम्म फैलिएको यो निबन्ध मझौला आकारको रहेको छ । लामा छोटा ३१ वटा अनुच्छेदमा फैलिएको यो निबन्ध वैचारिक चिन्तनमा आधारित छ । दर्शनको समेत मिश्रण भएको यो निबन्ध परात्मक शैलीमा लेखिएको छ ।

(क) **विषयवस्तु**

१९९७ सालमा श्री पञ्चमीका दिन खरी पाटीको बीच भागमा ॐ कारको पूजन र ॐ नमः शिवाय मनोवागीश्वरायबाट प्रारम्भ भएको शिक्षा २०४३ सम्म पुग्दा परिपक्व बनेपछि ॐ कारसम्बन्धी आफ्नो चिन्तनलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् । अ, उ, म तीन अक्षर मिलेर ॐ बनेको हुन्छ । अ अक्षय र अविनाशको प्रतीक, उ उत्सर्ग र उत्कल प्रवाहको प्रतीक तथा म महान् र परिवर्तनको प्रतीक हो । अक्षर अविनाशी क्रियाबाट सृष्टि उत्पत्ति हुन्छ । सृष्टि अनन्तक्रम हो र प्राकृतिक नियम हो । सृष्टिको संरक्षणलाई उत्सर्ग भनिन्छ । संरक्षण कर्म गङ्गाझैं पवित्र र पावन रहन्छ । यसरी ॐ कार अर्थ सृष्टिको उत्पत्ति, पालनसँग सम्बन्धित छ । अउम्‌लाई अविनाश, उत्सर्ग र महान् मानेझैं सृष्टि, स्थिति र संहारलाई ब्रह्मा, विष्णु र महेश्वरको रूपमा स्विकारिएको छ । दर्शनभित्र ॐ कार अविनाश, उत्सर्ग र महान् स्वरूप बन्यो भने व्यवहारमा उही ॐ कार ब्रह्मा, विष्णु र महेश्वरको रूपमा चित्रण हुन पुग्यो । दर्शन र व्यवहार एउटै पदार्थका अनेक सन्दर्भजनित आकार हुन् । ॐ

अनन्त र अविनाशी छ । अविनाशी भन्नु नै निरन्तरता हो । निरन्तरता असज्ञ स्रोतमूलक हुन्छ । अजस्र र अविनाशी भावक्रियाहरू सर्वव्यापी, सर्वमान्य र सर्वोपरि साधना हुन्छ । ॐ कारलाई त्यसैले सर्वश्रेष्ठ कल्याण-मुद्रा मानिएको छ भन्दै ॐ परिचय गराउने काम निबन्धकारले यस निबन्धमा गरेका छन् ।

ॐ कार शिवसूत्र मात्र होइन, यो सुन्दर, आकर्षक र प्रिय पनि छ । ॐ कार मुद्रा स्नेह सरिताको स्रोत पनि हो । जीवनको मूल र ॐ कारको महिमा बराबर छन् । निबन्धकारले ॐ कारलाई यौनजन्य क्रियासँग विश्लेषण गर्दै ॐ कार यौन आसनको एउटा कलात्मक प्रतीक र चित्रमा मूत पनि हुन सक्दछ भनेका छन् । पृथ्वीलाई नारी अनि आकाशलाई पुरुष बनाई स्वर्ग धराको संयोग गराउँदा यस्तो ॐ कार मुद्रा निर्माण हुन्छ । भक्तपुरको विस्केट जात्रा पनि यस्तै ॐ कारको यौनजन्य क्रियाभित्र अन्तर्निहित छ । त्यसैले हाम्रा कलाकृतिहरू अत्यन्त रहस्यमय बनेका छन् । त्यसैले ॐ कार मुद्रालाई आविर्भाव गरी अनन्त सुखानुभूति लिने दिने संस्कृति पहिल्याउने आत्मा अमर छन् भन्दै निबन्धकारले ॐ कार मुद्रालाई आनन्दमय अभिव्यक्तिका स्वरलहरीका अभिव्यक्त बनेको कुरालाई दर्साएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले ॐ कार मुद्राको विश्लेषण गरेर यो सार्वभौम संसार नै ॐ कार रहेको कुरालाई सिद्ध गरेका छन् । अ उ म् तीन अक्षरबाट बनेको ॐ कार अविनाशी, उत्सर्गर महान् परिवर्तनको प्रतीक हो । सृष्टिको अनन्त र अविनाशी क्रिया, त्यसको संरक्षण र परिवर्तन नै ॐ कार हो । संसार परिवर्तनशील छ । यो परिवर्तन अनियन्त्रित छ । यो शाश्वत र सत्य पनि छ । त्यसैले संसार नै ॐ कार मय छ । दर्शनमा ॐ कारलाई अविनाश, उत्सर्ग र महान् स्वरूपमा र कर्म (व्यवहार)मा सृष्टि, स्थिति र संहारर्ला ब्रह्मा, विष्णु र महेश्वरका रूपमा लोकमा स्विकार्दै सृष्टि अगाडि बढिरहेको छ । ध्यानयोग्य मुद्रा ॐ कार मुद्रामय अभिव्यञ्जना बन्न पुगेको वास्तविकतालाई नै निबन्धकारले यस निबन्धमा दर्साएका छन् ।

यसरी नै ॐ कारलाई ध्यान दर्शनका आधारमा धरा र स्वर्गको संयोगका रूपमा लिन सकिन्छ भन्दै आकाश र पृथ्वीको यौनजन्य क्रिया नै ॐ कार हो भनी निबन्धकारले प्रस्तुत गरेका छन् । यही सन्दर्भलाई भक्तपुरको बिस्केट जात्रासँग जोडेर निबन्धकारले ॐ कारभित्रको रहस्य यौन आसनको एउटा कलात्मक प्रतीक र चित्र पनि बनेको कुरालाई प्रस्ट पारेका छन् ।

हाम्रा संस्कृतिहरू रहस्यमय छन् । हाम्रा कला, संस्कृति, जीवन दर्शनमूलक रहेका छन् । त्यसैले ॐ कार मुद्रालाई आविर्भाव गरी अनन्त सुखानूभूति लिने र दिने संस्कृति पहिल्याउने ती आत्माहरू पनि अजर र अमर बनेका छन् भन्दै यो सृष्टि नै ॐ कारमा अडेको दार्शनिक विचारलाई नै निबन्धकारले यस निबन्धमार्फत प्रस्ट पारेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध वैचारिक चिन्तमा आधारित छ । यस निबन्धको भाषा जटिल प्रकारको छ । हाम्रा विभिन्न संस्कृति र कलालाई विम्ब र प्रतीकका रूपमा उभ्याएर निबन्धकारले ॐ कार मुद्रालाई सिद्ध गर्ने काम गरेका छन् । विभिन्न दार्शनिक विचारलाई समेत उभ्याएर निबन्धकारले निबन्धलाई गहन चिन्तनपरक तुल्याएका छन् । संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको यस निबन्धमा तद्भव र आगन्तुक शब्दहरूको समेत प्रयोग गरिएको छ । निबन्ध प्रतीकात्मक, विम्बात्मक र गहन बनेको छ । यसरी यस निबन्धमा निबन्धकारले संसार नै ॐ कार रहेको र यो सृष्टि नै ॐ कारमा अडेको दर्शनलाई सरल रूपमा प्रस्तुत गरेका छन् ।

**(८) कानैकानभरिको एउटा बहिरो ज्यान जोगाएर**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको बीसौँ क्रममा 'कानैकानभरिको एउटा बहिरो ज्यान जोगाएर' निबन्ध रहेको छ । पृष्ठ १३३ देखि १३९ सम्म विस्तारित यो निबन्ध मझौला आयाममा संरचित छ । छोटा लामा १४ वटा अनुच्छेदमा रचिएको यो निबन्धमा मान्छेको ज्यानको लागि शङ्खनादभन्दा अहिले हृदयभरि आर्तनाद चाहिएको छ भन्ने विचारलाई प्रस्तुत गरिएको छ ।

**(क) विषयवस्तु**

सुन्न र सुनाउन सके जीवन नै कान बन्न सक्छ । सुन्न र सुनाउनका लागि कान नभइ नहुने कुरा हो । गीत गुञ्जन, कण्ठले फुकेका नाद-अनुरणन, विवेकले बोकेका सत्यम्, शिवम्, सुन्दरम् जस्ता कुराहरूले कान धन्य बन्न सक्छन् । जिउँदो ज्यान बोकेर हिँडेपछि कानले सुन्न सक्नुपर्छ । बोल्नु मात्र सुन्नु होइन, बोलेको सुनेको हुनुपर्छ अनि मात्र सुनुवाइ सार्थक बन्छ । बोलेर पनि नसुनिएका स्वरहरू युद्धमा अङ्गभङ्ग भएका क्षतविक्षत ज्यानका आर्तनाद बन्छन् ।

त्यसैले मान्छेको ज्यानका लागि शङ्खनादभन्दा अहिले हृदयभरिको आर्तनाद चाहिएको छ भन्दै विश्वको वर्तमान यथार्थलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

कानैकानभरि कानेगुजी भरेका बहिरा कानहरू शाश्वत सत्यमाथि हुङ्कार भरिरहेका छन् । ती हुङ्कारले बरु आफ्नै कानको जाली फुट्लान् अनि ती हुङ्कारका गर्जन बज्रपातझैँ आफैँ बज्रेर बिलाउँछन् । त्यस्ता अन्ध हुङ्कारहरू विश्वमा आफ्नै वेगसित आफैँ बज्रेर आफ्नो अस्तित्वको आजको मोल चुकाएर बिलाए । आफूभित्र गुम्सिएका कुण्ठा अरुको कण्ठबाट निस्कनै सक्दैन । त्यसैले आफ्नो ढुकढुकी आफैँ छाम्दा मनका ज्वारभाटा आफैँ शान्त हुन्छन् भन्दै आफ्नो विगतलाई एकपटक राम्ररी फर्केर हेर्नुपर्छ भन्ने मान्यता निबन्धकारले अगाडि सारेका छन् ।

वर्तमानमा घण्टाकर्ण कानहरू जतातते च्याँखे थापिँदैछन् । घण्टाकर्ण कानहरू संरचनाको सम्भारकर्ताको नामोच्चारणमा कान थाप्न सक्तैनन् । हाम्रो धर्म पनि यही भन्छ । हाम्रा पुर्ख्यौली कानहरू यस्तै श्रवण गर्थे । हामी भने पुर्खालाई पूजा गर्न कृतघ्न सन्तान बनेर बौरिरहेछौँ । बौरिने मात्र प्रेतात्मा हुन्छ । संसारमा तानातानको होड चलिरहेको छ । मिथ्या, झुटो, ढाँट, छलकपट, कसर, कलङ्क कलह हाम्रो रूपरङ्ग बन्दै गएको छ भन्दै समाजका विकृतिलाई पनि निबन्धमा समेटिएको छ । त्यसैले हामीले स्वर ब्रह्मद्वार खोलेर विवेक ब्रह्मलाई जगाऔँ । विवेक ब्रह्मलोकमा स्वस्थ्य र सार्थक जीवन संसार हुनेछ । जुन समाजमा स्वार्थ, छलकपट, कुत्सित भावना, दूषित प्रवृत्ति, कलुषित प्रेरणा हुनेछैन । बरु मानवलोक हुन्छ । कानभित्रका बहिरा कानेगुजीहरू धुजाधुजा पारेर स्वर ब्रह्मनाद गुञ्जाउन सक्नु नै मानवको हित हुन्छ भन्दै स्वार्थरहित समाजको परिकल्पनालाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले विश्व परिवेशमा देखिएका विकृति र विसङ्गतिलाई केलाउने काम गरेका छन् । कानको काम सुन्नु हो । सुन्नु भन्दैमा सबैलाई सुन्नु हुँदैन । कसैलाई सुनाउनुभन्दा पहिलो त्यो कुरा आफैँले पहिला सुनेर मात्र सुनाएमा त्यो सुनुवाइ सार्थक बन्छ । सुन्ने गरी सुनाइयो भने मात्र असल हुन्छ । यदि सुन्नेले सुनिदिएन भने सुनाउनेको केही महफ्व हुँदैन । बहुजनहितायको भावनालाई फैलाउने आडम्बर बोकेर निमुखाको कान निमोठिने प्रचलन संसारमा बढ्दै गएको छ । अहिले मान्छेको ज्यानका लागि शङ्खनादभन्दा पनि

हृदयभरिको आर्तनाद चाहिएको छ । संसारमा आन्दोलन, आणविक त्रास, ठुलाठुला भाषणले मानिसलाई आक्रान्त पारिरहेको छ । आफूले बोलेको कुरालाई आफूले नसुनी अरुलाई थुपार्दा त्यो बोलीले आफ्नै कानको जाली मात्र पड्काउँछन् । त्यस्तो बोली सुन्न कोही पनि चाहँदैन । अरुमाथि आफ्नो हुङ्कार भर्न एकपटक सबैभन्दा पहिलो आफ्नो छातीमाथि हात राखेर आफैँ सुन्ने गर्नु पर्छ । आफ्नो ढुकढुकी छाम्ने गर्नुपर्छ । अनि मात्र आफूभित्रका ज्वालाहरू शान्त हुनेछन् । पुर्खाका आप्तवचनलाई अँगालेर वा सुनेर अगाडि बढेको खण्डमा हाम्रो मानव जीवन नै धन्य बन्ने छ । वर्तमान संसारमा बढिरहेको छलकपट, हत्या, हिंसा, ईर्ष्या, कलङ्क आदिमाथि व्यङ्ग्य प्रकार गर्दै निबन्धकारले विवेक ब्रह्मलाई जगाएर जीवन संसारलाई सार्थक बनाउनु पर्छ । विकेकबाट सञ्चालित संसारमा छलकपट, स्वार्थ, कुत्सित भावना, दूषित प्रवृत्तिहरू हुने छैनन् । अरुबाट सञ्चालित नभएर आफ्नो अन्तरआत्माबाट अगाडि बढ्न सके मात्र हाम्रो जीवन सुन्दर हुनेछ । सुन्ने र सुनाउने कानलाई सार्थक पात्र हामी सही समयमा असल कुरा मात्र सुन्ने र सुनाउने गर्नुपर्दछ भन्दै विश्वका सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै एउटा स्वस्थ, विवेकशील र सुन्दर समाजको परिकल्पना गर्दै विश्वका मानिसलाई विवेकको प्रयोग गरेर मात्र अगाडि बढ्न आह्वान समेत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध वैचारिक दर्शनमा आधारित छ । यहाँ विश्वका सामाजिक विकृतिलाई केलाउन विभिन्न उदाहरणहरू दिएर निबन्धलाई अझ प्रस्ट बनाउने काम गरिएको छ । सरल र सहज भाषामा लेखिएको यो निबन्धमा धार्मिक र सामाजिक विम्ब एवम् प्रतीकहरूको समेत प्रयोग गरिएको छ । निबन्धमा निबन्धकारले केही उखान र टुक्काको प्रयोग गरेर निबन्धलाई अझ रोचक बनाएका छन् । संस्कृतजन्य शब्दको आधिक्य मात्रामा प्रयोग गरिएको यो निबन्ध रोचक र घोचक बनेको छ । निबन्धकारले वर्तमान संसारमा बढिरहेको छलकपट, हत्या, हिंसा, ईर्ष्या, कलङ्क आदिमाथि व्यङ्ग्य प्रकार गर्दै विवेक ब्रह्मलाई जगाएर जीवन संसारलाई सार्थक बनाउनु पर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

**(९) केवल खाली कागजमाथिको एउटा रित्तो मान्छे**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको बाइसौँ क्रममा अवस्थित छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्गृहीत हुनुपूर्व **कलाकार** (वर्ष २, अङ्क २, २०३६) पत्रिकामा

प्रकाशित भएको देखिन्छ । पृष्ठ १४५ देखि १४८ सम्म फैलिएको यो निबन्ध केही मात्रामा छोटो नै छ । ११ अनुच्छेदमा विभाजित प्रस्तुत निबन्धमा निबन्धकारले स्रष्टाका सिर्जना प्रक्रियालाई रित्तिनु संज्ञा दिएर प्रस्तुत गरेका छन् ।

**(क) विषयवस्तु**

खोक्रो मान्छेलाई यो घुइँचोघुइँचोको दुनियाँ खाली लाग्छ । यो सिङ्गो संसारमा मान्छे अटाउँदैन । मान्छे खोक्रो छ वा खोक्रेर रित्तो भएको छ । मान्छेमा भएको अस्तित्वको अवशेष पनि उड्न थालेको छ । परामुखी र आफू पनि नचिनी ऊ बिलाएर हराउँछ । कारखानाबाट निस्किएको पाना पनि रित्तै हुन्छ, तर त्यो कागजमाथि मान्छेले कोर्न थालेपछि त्यो भरिँदै जान्छ । मान्छेको जीवन पनि त्यस्तै हो, जो पहिला खाली भएर पछि भरिँदै जान्छ । आफूभित्रका व्यथा नपोखी ऊ स्वस्थ बन्न सक्दैन । त्यसैले मान्छेले आफ्ना असन्तोष खाली कागजको पानामा खन्याउनु सक्नुपर्छ । रित्तिनु खाली हुनु होइन, मुक्ति पनि हो । पीडाबाट मुक्ति पाउनु नै रित्तिनु हो भन्दै सिर्जन प्रक्रियालाई निबन्धकारले निबन्धको विषय बनाएका छन् ।

हार-जित एउटा जीवन हो, जीवन नै खाली कागज हो, यसमा अनेक जीवनका हार र जितका संस्करण कोरिन्छन् । खाली कागजभरि आफूलाई खन्याएर नै एउटा लेखक रित्तिन्छ । रित्तिन्न नसकी लेखक बन्दैन । रित्तिनुको अभिव्यक्ति नै एउटा शैली हो । एक पटकको भराइ जीवन शैली होइन, यो त स्थायित्व हुनुपर्छ । खाली कागजको पानाभरि पुनरावृत्त हुन सक्ने क्षमता लेखकको अस्तित्व हो । तर अस्तित्व बिनाको लेखक बन्न सक्दैन । अस्तित्व स्वयम्मा आत्मबोध हुनु हो भन्दै आफूले भोगेका यथार्थले नै खाली कागजका पाना भर्नु नै सच्चा लेखकको अस्तित्व हो भन्ने विषयलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा लेखकको सिर्जन प्रक्रियालाई दर्साइएको छ । खाली कागजको पानालाई कोर्दाकोर्दै मान्छेले आफ्नो जीवनलाई रित्याउँछ । मनका बहलाई खाली काजगमा नपोखीकन असन्तोषले पिरोलिएको मान्छेका पीडा समन हुन सक्दैनन् भन्ने विचारलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । त्यसरी नै हारजितको विश्व सम्झौतालाई खाली कागजमाथि कोरिएर राष्ट्रभर मान्छे रित्तिन्छन् । खाली कागजका पानामा पोखिएका रित्ता मान्छेहरू अस्तित्व बोकेर दौडिरहन्छन्, खाली कागजको पाना नै जिन्दगी हो, जसमा जीवनका

हार र जितका संस्मरणहरू भरिएका हुन्छन् भन्दै निबन्धकारले लेखकले आफ्नो जीवन नै साहित्यमा उतार्ने कुरा बताएका छन् । खाली कागजभरि आफूलाई खन्याउन सकेर नै एउटा लेखक रित्तिन्छ । एकपटक लेखेर मात्र लेखक बन्न सकिँदैन, बारम्बार लेख्नुपर्छ । बारम्बार लेख्न सक्ने क्षमतावान् लेखकले मात्रै आफ्नो अस्तित्व राख्न सक्छ । त्यसैले अस्तित्ववान् भएर लेखकले लेख्न सके मात्र उसको लेखकीय अस्तित्व सजीव बन्न सक्छ भन्ने विचारलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

**(ग) भाषाशैली**

सरल र सहज भाषामा यस निबन्धमा लेखकले आफ्नो सिर्जन प्रक्रियालाई प्रकट गरेका छन् । परात्मक शैलीमा लेखिएको यो निबन्ध गहन रहेको छ । नेपाली भाषाका तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा निबन्धकारले संस्कृतजन्य शब्दहरूको प्रयोग नै अधिक मात्रामा गरिएको छ । वैचारिक चिन्तनमा आधारित यो निबन्धमा दार्शनिक भाषाको समेत प्रयोग गरिएको छ । यस निबन्धमा निबन्धकारले लेखकले आफ्नो जीवन नै साहित्यमा उतार्ने भएकाले अस्तित्ववान् भएर लेखकले लेख्न सक्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

**(१०) प्रस्तुति आफ्नै अन्तरालको**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको चौबीसौँ क्रममा 'प्रस्तुति आफ्नै अन्तरालको' निबन्ध रहेको छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व **प्रस्तुति** (वर्ष १, अङ्क १, २०३८) पत्रिकामा प्रकाशित भएको पाइन्छ । पृष्ठ १५५ देखि पृष्ठ १५८ सम्म फैलिएको यो निबन्ध मझौला आयाममा संरचित छ । लामा छोटा ५ वटा अनुच्छेदमा विस्तारित यस निबन्धमा लेखकले आफ्नै अन्तरालका प्रस्तुतिहरूलाई विषयवस्तु बनाएका छन् ।

**(क) विषयवस्तु**

साँघुरो गल्लीभित्रको पुर्ख्यौली घर अवस्थित छ । वंशानुगत परम्परा भन्नु नै पुर्खासित आफ्नो अस्तित्व विलीनीकरण हो । सम्पूर्ण अस्तित्व नै पुर्खाबाट निःसृत भएको हुन्छ । होचोपन पुर्ख्यौली घर निर्माणको परम्परा वा शैली थियो । स्वच्छन्द हावाको हलचल छेकिने गरी आँखी झ्यालहरू राखिएका थिए । घरमा बुँइगल राखिएको थियो । बुइँगल घरको माथ हो, जो कालकोठरीझैँ अन्धकार र कसिङ्गरको भण्डार थियो । बुइँगल घरको शिर हो, जसमा

स्वच्छताले वास पाउनुपर्थ्यो तर पाएको थिएन । शिरभित्र ब्रह्मा उत्पन्न हुन सक्नु पर्थ्यो तर सकेको थिएन । साना कोठा साँघुरा थिए, साँघुरो पन जीवन होइन, तर जीवनभित्र साँघुरोपन बाँचिरहेको थियो । जीवनको परिवेश फराकिन छटपटाइरहेको थियो । अन्तराल नखुलेको मानिसको वर्तमान र वर्तमान नखुलेको मानिसको अन्तरालको आपसी घर्षणले मानिसबाट आनन्दानुभूति अलगिरहेको छ भन्ने विचारलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

कोठाभित्रको संसार र संसारभित्रको कोठा दुवै रङ्गिएका छन् । कोठा र संसारको परिवेश आआफ्ना ठाउँमा रोमाञ्चकारी छन् । रोमाञ्च नै जीवन हो । रोमाञ्च यौन मात्र होइन, क्रोध, भोक, शोक, उत्तेजना पनि रोमाञ्च हो । संसारका सबै प्राणीहरू रोमाञ्चित हुन्छन् । कोठाबाट फुत्केको जीवनको रोमाञ्च सामल खोज्ने काममा घुमिरहेको छ । जीवन नै एउटा रित्तो झोला बनेर भौँतारिरहेको छ । सामल बेसाउने झोला रित्तिँदा नै निरन्तर भरिरहने प्रयास जगाउँछ । झोलाको भाषा अव्यक्त छ । मौन र अव्यक्त भाषा बुझ्न ब्रह्म चाहिन्छ । ब्रह्म भन्नु नै विश्लेषण हो । विश्लेषण मै विवेक प्रस्फुटन भएको छ । विवेकको प्रस्फुटनमै मानवता मुस्काउँछ । हामी पिँजराको सुँगा भएर बाँचिरहेका छौँ । युग आफैँ उन्मुक्तिको प्रस्तुति चाहिँरहेछ । उन्मुक्तिभित्र मात्र प्रस्तुति सम्भव छ । प्रस्तुतिका निमित्त आफूलाई खोल्न सक्नु पर्छ । आफूलाई खोल्न नसकी आफ्नो अन्तराल खुल्न सक्दैन । त्यसैले हामीले स्वच्छन्दतापूर्वक अन्तराललाई खोलेर जीवन जिउनु पर्छ दार्शनिक भन्ने विचारलाई नै निबन्धको विषयवस्तु बनाइएको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले आत्मानुभवलाई प्रस्तुत गरेका छन् । साँघुरो गल्लीमा पुर्ख्यौली घरमा जन्मेर व्यक्ति झोला बोकर काममा घुमेर आफ्नो जीवन बितिरहेको यथार्थलाई निबन्धकारले प्रस्तुत गरेका छन् । हाम्रो जीवनको दैनिकी दिनदिनै साँघुरिँदै गएको छ । अन्तराल नखुलेको वर्तमानले मानिसबाट आनन्दानुभूति छिनिरहेको छ । जीवन रोमाञ्चक हुनुपर्छ । जीवनलाई रोमाञ्चक बनाउने बहानामा मानिसको दिनचर्या सामल खोज्नेमा बितिरहेको छ । रित्तो झोला बोकेर मानिस दिनदिन भोला भर्ने प्रयासमा लागिरहेको छ । झोलाको भाषा अव्यक्त र अस्पष्ट छ, जस्तो ब्रह्मको भाषाझैँ रहेको छ । अव्यक्त र अस्पष्ट भाषा बुझ्न ब्रह्म

चाहिन्छ । ब्रह्मले अव्यक्त र अस्पष्ट भाषाको विश्लेषण गर्न सक्नुपर्छ । विश्लेषण विवेकशील हुनुपर्छ । यही विवेकमै मानवता मुस्कुराउँछ भन्दै निबन्धकारले यो संसारमा विवेक हराउँदै गएकामा विवेकशील भएर मानवता जगाउँदै जीवन जिउन सक्नुपर्छ । अनि मात्र यो मानव जीवन धन्य र सार्थक बन्छ भन्ने दार्शनिक विचार निबन्धमा प्रस्तुत भएको छ ।

**(ग) भाषाशैली**

निबन्धमा आत्माभिव्यक्ति प्रस्तुत गरिएकाले प्रथम पुरुष शैलीमा निबन्ध लेखिएको छ । सरल र सुबोध्य भाषाशैलीले निबन्धलाई सहज बनाएको छ । दर्शनका विचारलाई विश्लेषण गरेर जीवनलाई सार्थक बनाउनका लागि निबन्धमा तार्किक भाषाको समेत प्रस्तुत गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा तत्सम शब्दको अधिक मात्रामा प्रयोग गरिएको छ । यी विशेषताहरूले निबन्ध रोचक र गहन बन्न पुगेको छ । यस निबन्धमा निबन्धकारले संसारमा मानिसले विवेक हराउँदै गएकामा विवेकशील भएर मानवता जगाउँदै जीवन जिउन सक्नुपर्छ । अनि मात्र यो मानव जीवन धन्य र सार्थक बन्छ भन्ने दार्शनिक विचार प्रस्तुत गरेका छन् ।

**(११) सप्ताश्वरथमारुढम्**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको पच्चीसौँ क्रममा प्रस्तुत निबन्ध रहेको छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व **वैश्वानर वार्ता** (वर्ष १, अङ्क १ २०५५) पत्रिकामा प्रकाशित भएको पाइन्छ । यो निबन्ध पृष्ठ १५९ देखि १६३ सम्म फैलिएकाले मझौला आकारको रहेको छ । लामा छोटा १० वटा अनुच्छेदमा विस्तारित यो निबन्धमा जीवनबारे व्याख्या विश्लेषण गरिएको छ ।

**(क) विषयवस्तु**

अबोधता र दुर्बोधता नदीका दुई किनारा हुन् । जीवनमा यिनै दुई किनारालाई पछ्याउँदै अगाडि मान्छे कुदिरहन्छ । कुद्नु जीवनको धर्म हो । दुई किनारालाई छुन हात पसार्नै पर्छ भन्दै जीवनको दृष्टिकोणलाई निबन्धकारले यसको विषयवस्तु बनाएको छ । इहत्र र परत्र केवल आध्यात्मिक प्रसङ्ग मात्र होइन, वैज्ञानिक चिन्तनका दर्शन पनि हुन् । जीवन यथार्थमूलक भएकाले इहत्र जीवनमूलक छ । जीवन विवेकशील हुनुपर्छ । वर्तमानमा समाज भँडो बन्दै गएको छ, विश्वविद्यालय पनि केवल भवनमा सीमित भएका छन्, विद्यालयहरूका विवेक पढाइ

हुन छाडेको छ । हाम्रो इहत्र वा यथार्थ यस्तै छ, अर्कोलोकलाई परत्र भनिन्छ । परत्रको परिभाषादेखि मानिस त्रस्त छ । वास्तवमा परलोक भनेको आफूभन्दा परका प्राणी भन्ने बुझ्नु पर्छ । हामीले जे गर्छौं त्यो परलोकका लागि गर्नुपर्छ । हामीले हाम्रा पाखुराहरू अरुसामु पसार्नै पर्छ भन्ने जीवनवादी दृष्टिकोणलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

आज मानिसले आफ्नो मात्र दुःख देख्न थालेको छ । मानिसमा स्वार्थ व्याप्त भएकाले समाज कलङ्कित बन्दै गएको छ । आफ्नो भलो चाहनेहरूलाई मात्र आफ्नो ठान्ने प्रवृत्ति हाबी भएको छ । धर्म छलकपटमा सीमित बन्दैछ । वैज्ञानिकहरू अश्वमा सात किसिमका किरणहरू अवतरण भएको देख्दछन् भने कलाकारले अश्व घोडा भएको जनाउँछन् । त्यसैले दृष्टिकोण परक भएकाले इहत्र र परत्र केवल दृष्टिकोण मात्र हो । सही यात्रामा नै जीवन सार्थक बन्ने हुनाले हामीले इहत्रमै रमाउनुपर्छ । हामीले हाम्रो जीवनलाई सार्थक बनाउनु पर्छ । यही हाम्रो जीवनको सारभूत तफ्व हो भन्दै निबन्धकारले जीवनको परिभाषालाई नै यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले जीवनवादी दृष्टिलाई प्रस्तुत गरेका छन् । अबोधता र दुर्बोधता नदीका दुई किनारालाई छुन जीवन कुदिरहन्छ । कुद्नु नै जीवनको धर्म हो । किनारालाई छुन हामीले हात पसार्नु पर्छ । इहत्रमा बाँच्नका लागि तर परत्रमूलक भएर होइन, इहत्र र परत्र आध्यामिक दृष्टिकोणका साथै वैज्ञानिक चिन्तनका दर्शन पनि हुन् । मानिसले आफ्नो जीवनलाई इहत्रमूलक बनाउनु पर्छ । जीवन यथार्थमूलक हुनुपर्छ । इहत्रमा विवेकहीन भएर होइन, विवेकशील बनाएर जीवनलाई अगाडि बढाउनु पर्छ । वर्तमान समयमा हाम्रो समाज भैँडा बन्दै गएको छ । विद्यालयमा पढाइने शिक्षा पनि विवेकहीन हुँदै गएको छ । जीवन त्रासमय बन्दै गएको छ । जीवन त्रासदी मुक्त हुनुपर्छ । आफूभन्दा परका मानिसहरूको परोपकार गर्नु सक्नुपर्छ । यसमा मात्र हाम्रो जीवन सार्थक बन्न सक्छ भन्ने जीवनवादी दृष्टिकोणलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

संसारमा मानवता र भातृत्व जस्ता भावना फैलाउनु पर्छ । मानिस विवेकशील प्राणी भएकाले चेतनशील भएर बाँच्नुपर्छ । आजका मानिसका दृष्टिकोण पनि अलग अलग बन्दै गएका छन् । वैज्ञानिकहरूले घोडामा किरण देख्छन् भने कलाकार घोडा मात्र देख्छन् । जीवन

कहाली बन्दै गएको छ, त्यसैले जीवनलाई सही रूपमा जिउन स्वतन्त्र चाहिएको छ। जीवनलाई सार्थक बनाउन असल मार्गमा जीवनलाई लगाउनु पर्छ अनि मात्र हाम्रो जीवन अर्थपूर्ण हुन्छ भन्दै अस्तित्ववादी जीवनदृष्टि पनि निबन्धमा प्रस्तुत गरिएको छ।

(ग) **भाषाशैली**

निबन्ध आत्मपरक शैलीमा लेखिएको छ। जीवनवादी दार्शनिक चिन्तनलाई गहन र तार्किक शैलीमा निबन्धकारले अर्थ्याएका छन्। संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको यो निबन्ध वैचारिक चिन्तनमा आधारित छ। क्रियापद विहीन, अन्तर साङ्गीतिक लय समेत प्रयोग गरिएको निबन्धको भाषा काव्यात्मक समेत बन्न पुगेको छ। जीवनलाई सार्थकपूर्ण बनाउनुपर्छ भन्ने अस्तित्ववादी दृष्टिकोणलाई निबन्धको भाषाले अर्थ्याउन सफल भएको। त्यसैले निबन्धको भाषा तार्किक, गहन र विश्लेषणयुक्त बनेको छ। यस निबन्धमा निबन्धकारले वर्तमान समयमा मानिस विवेकहीन बन्दै गएकामा रोष प्रकट गर्दै मानिसले जीवनलाई सार्थक बनाउन असल मार्ग अवलम्बन गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

(१२) **घर निष्ठा-निष्ठा घर**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको सत्ताइसौँ क्रममा प्रस्तुत निबन्ध रहेको छ। पृष्ठ १७० देखि १७६ सम्म फैलिएको यो निबन्ध मझौला आयाममा विस्तारित रहेको छ। उन्नाइस अनुच्छेदमा विस्तारित उक्त निबन्ध पनि वैचारिक चिन्तनमा आधारित रहेको छ।

(क) **विषयवस्तु**

वर्तमान समयमा घर बनाउने लहर चलेको छ। सबैतिर घर बनिरहेका छन्। घर बनाउने निष्ठा सबैमा जागेको छ। कृषिमा आधारित तत्कालीन काठमाडौँ उपत्यका र बाहिरका घरहरूमा दलान बनेका थिए। दलान बनाउनुको मूल कारण भनेको विभिन्न बालीहरू चोकमा सुकाएर थपार्न लागि थियो। घर सबैको निष्ठा केन्द्र भएकाले एक मन्दिर हो। सच्चा आत्माहरूको बसोबास थियो। गुफाबाट कुटी, कुटीबाट छाप्रो, छाप्रोबाट छिँडी, छिँडीबाट अत्याधुनिक घरको निर्माण हुन थालेको हो, त्यसैले हाम्रो विकास केवल प्रकृतिकै अनुकरण हो। गुफाबाटै मानिसले घरको निर्माण गर्न सिकेको हो। मानिस सृजनाको स्रष्टा भएकाले ब्रह्माजीको रचनाभन्दा पनि अग्रगामी रचना गर्न आज मान्छे सफल भएको छ भन्दै मान्छेले

गुफाबाट अत्याधुनिक घर निर्माण गर्न सकेको इतिहासलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

आफू राष्ट्रसेवक भएकाले आफूलाई सेवक भन्न अवसर पाएको सन्दर्भलाई जोड्दै निबन्धकारले निष्ठापूर्वक काम गर्दा विश्वासले सधैँ अगाल्दो रहेछ । सङ्कुचित अर्थमा निष्ठा एउटा घरको विन्दु हो भने व्यापक अर्थमा निष्ठाघर राष्ट्र हो । साझा निष्ठामा नै राष्ट्रिय गरिमा चरम विन्दुमा पुग्न सक्छ विचारलाई निबन्धमा प्रस्तुत गरेका छन् । आफूलाई पाँच तले घर बनाउने रहर भएको बताउँदै निबन्धकार नेपालीका लागि पाँच अत्यन्त उपयुक्त अङ्क रहेको बताएका छन् । हाम्रा पाँच औला हुनु, शरीका पाँच इन्द्रिय र पाँच ज्ञानेन्द्रिय हुनुले नै यो मानव चरितार्थ बनेको छ । त्यसरी नै पञ्चतफ्व, हिमालमा पाइने पाँच औले बुटी, भक्तपुरको पाँचतले मन्दिर प्रसिद्ध छन् । त्यसैले हामीलाई यी तफ्वले युक्त निष्ठाघर चाहिएको छ । सार्वभौमिकता, राष्ट्रियता बिना स्वस्थ र स्वतन्त्र श्वास फेर्न नसकिने भएकाले सार्वभौमिकताको संरक्षण हुनुपर्ने विचार निबन्धमा व्यक्त भएको छ । एउटा निष्ठाघर बनाउन पर्यावरणीय प्रभावलाई पनि लेखाजोखा गर्नुपर्छ । प्रकृति भन्ने बित्तिकै सबैथोक आउँछ । त्यसैले हामीलाई सबै कुरो सुहाउँदो हुनु आवश्यक छ । आयातीत आचरणले घर निष्ठा र निष्ठाघर सुकिलो बनाउन सक्दैन । त्यसैले आफ्नै प्रकृतिको माया गर्दै हामीले निष्ठाघर बनाएर उपभोग गर्नु नै सर्वश्रेष्ठ हुन्छ भन्ने विचारलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले देशप्रेमका साथै घर निर्माण गर्ने शैली र परम्परालाई दर्शाएका छन् । नेपाल देश पनि एउटा प्रकृतिको घर हो । त्यही प्रकृतिमा हामीले निर्माण गरेका घर मन्दिर हुन् । यस्ता मन्दिरहरूमा देवतारूपी मावनहरूको वसोबास हुन्छ । सच्चा आत्माहरू रहन्छन् । गुफाद्वारा नै मानिसले घर बनाउन सिकेको कुरा गर्दै आधुनिकता उही प्राचीन स्वरूपका रूपहरू हुन् भन्ने विचारलाई निबन्धकारले निबन्धमा दर्साएका छन् । राष्ट्रिय नेतृत्वको छत्रछायामा काम गर्दा मान्छेमा अमर निष्ठाको भाव उत्पन्न हुनुपर्छ । निष्ठाले विवेकलाई दरो बनाइदिन्छ, राष्ट्रसेवकहरूले पनि आफ्नो राष्ट्रप्रति गौरव गरेर अगाडि बढ्नु पर्छ । आफू बाँचेको देश र हाम्रो घर हो, त्यसैले यस घरको संरक्षण र संवर्धनमा लाग्नु नै हाम्रो कर्तव्य हुन जान्छ, अनि मात्र निष्ठाघर राष्ट्रघर बन्न सक्छ भन्दै देशप्रेमको भावनालाई समेत

निबन्धकारले निबन्धमा प्रस्तुत गरेका छन् । पाँच अङ्कले नेपालीहरूलाई महान् बनाएको सन्दर्भ प्रस्तुत गर्दै उनले निष्ठाघरको जग दरो बनाउन राष्ट्रियता र सार्वभौमिकता आवश्यक रहेको कुरा पनि बताएका छन् । निष्ठाघर बनाउँदा वातावरणसित हातेमालो गर्दै राष्ट्रिय परम्परालाई अँगालेर हावा, पानी र माटो सुहाउँदो घर र निर्माण गर्न सके मात्र नेपालीहरूको जीवन सफल हुन्छ र निष्ठाघर सुकिलो बनाउन सकिन्छ । यसरी नै हामीले आफ्नै संस्कृति र आचरणलाई आत्मसात गरेर आयातीत आचरणको विरोध गर्नुपर्छ भन्ने विचारद्वारा संस्कृतिप्रति मोह समेत निबन्धकारले निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा दार्शनिक भाषाको प्रयोग गरिएको छ । निबन्धमा निबन्धकारको आत्माभिव्यक्ति प्रस्तुत गर्न निबन्धकाले प्रथम पुरुषीय कथन ढाँचाको प्रयोग गरेका छन् । चिन्तन र आत्मपरकतालाई संयोजन गरेर लेखिएको यो निबन्ध गहन भाषाले युक्त छ । संस्कृतजन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको निबन्धमा विभिन्न उदारहण समेत दिएर सन्दर्भलाई प्रस्ट बनाएइएको छ । यस निबन्धमा निबन्धकारले देशप्रेमलाई झल्काएका छन् । त्यसरी नै परम्परादेखि वर्तमानसम्मको घर निर्माणको शैलीलाई प्रस्तुत गर्दै उनले आफ्नो देश नै घर भएकाले हामीले यस घरको निर्माणमा सार्वभौमिकता र राष्ट्रियता नभुली बनाउनु पर्ने र आफ्नो संस्कृति र आचरणलाई जोगाउनु पर्ने भाव व्यक्त गरेका छन् ।

**(१३) स्वर, रङ्ग र शब्द**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको अठ्ठाइसौँ क्रममा रहेको छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व **प्रज्ञा** (वर्ष १६, अङ्क ४, २०४५) पत्रिकामा प्रकाशित भएको पाइन्छ । पृष्ठ १७७ देखि पृष्ठ १७६ सम्म फैलिएको उक्त निबन्ध मझौला आयाममा संरचित रहेको छ । छोटा छोटा १४ वटा अनुच्छेदमा विभाजित यस निबन्धमा निबन्धकार स्वर, रङ्ग र शब्दलाई दार्शनिक दृष्टिकोणबाट चिनाइएको छ ।

**(क) विषयवस्तु**

सामान्य रूपमा अनेक देखिने स्वर, शब्द र रङ्ग अभिव्यञ्जनाभित्र एक हुन सक्तछ । स्वर भन्नु लयदार अभिव्यक्ति हो । शब्दको अर्थ भाषिक प्रयोजनमा सीमित हुन्छ । रङ्गको अर्थ चहकसँग जोडिएको छ । स्वर, शब्द र रङ्ग जति व्यवहारमूलक छन् त्यति नै प्रयोजनमूलक

पनि छन् । सामान्य स्थितिमा स्वर, शब्द र रङ्गको अर्थ परम्पराको अभिव्यक्ति हो, परम्परा जीवनको एउटा प्रकरण हो । यसैभित्र मानिस रमाएको हुन्छ, रमाउनु नै जीवनको सार्थकता हो । स्वर, रङ्ग र शब्दको सतह रूपमा तेरो, मेरो उनको, तिनको आदि हुन सक्छ तर अन्तर्निहित तहसम्म पुगेर हेर्दा तेरो मेरोबाट हाम्रो हुन्छ । हाम्रोपन सामूहिक हो । सामूहिकता नै परिवार हो । सामूहिकतामा रक्तको सम्बन्ध हुन्छ । रक्त सम्बन्ध भन्नु नै मानवता हो । मानवता नै जीवन हो । त्यसैले स्वर, रङ्ग र शब्द को प्रयोजन जीवन निमित्त हो भन्ने दार्शनिक विचारलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

स्वरको मार्मिक प्रयोग लय, ताल र सुरमा मुखरित हुन्छ । रङ्गको स्वर औचित्यपूर्ण सम्मिश्रण हो । सभ्यताको श्रीगणेश स्वर लहरीबाट भएको थियो । स्वरलहरी नै संवादको माध्यम बन्यो र रङ्गले पनि सञ्चारको माध्यम लियो । शब्द स्वर र रङ्ग दुवै हो । त्यसैले स्वर, रङ्ग र शब्द अभिव्यक्तिको प्रतीकात्मक रूप हो । हाम्रो संसार नै यी तिनमा अडिएको छ । हामी नै यी तीनै हौँ । स्वरमा मुखरित, रङ्गमा चित्रित र शब्दमा अभिव्यक्त भएर हामी बाँचिरहेका छौँ । स्वर र रङ्गको संसारलाई सरल र बोधगम्य बनाउने काममा शब्दको ठूलो गरिमा रहेको छ भन्दै लेखकले जीवनमा स्वर, रङ्ग र शब्दको महिमा पनि महफ्वपूर्ण रूपमा रहेको दार्शनिक भावलाई उनले यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले स्वर, रङ्ग र शब्द नै हाम्रो जीवन हो भन्ने विचारलाई दार्शनिक चिन्तनका रूपमा प्रस्ट पार्ने काम गरेका छन् । यी तिनले हाम्रो जीवनमा प्रत्यक्ष सम्बन्ध राखेका हुन्छन् । स्वरको उतार चढाव भन्नु नै हर्ष र विस्मात्का लहरहरू हुन् । कोमलता र कठोरताका आवेगहरू नै स्वर हुन् । यसैको उतार चढावभित्र सिर्जना र विध्वंशको तीव्रता रहने कुरा बताइएको छ । रङ्ग विभिन्न खालको हुन्छ । रङ्ग सम्मिश्रण हो, सम्मिश्रण नै जीवन हो । शब्दले स्वर र रङ्गरूपी संसारलाई सरल र बोधगम्य बनाउने काम गर्दछ । शब्दको प्रयोगमा मानिस वैयाकरण, कवि र रङ्गकर्मी बन्न सक्छन् । त्यसैले यी तिन वटै कुराहरू हाम्रो जीवनका व्यवहारसँग जोडिएका छन् । यी प्रयोजनमूलक पनि छन् भन्दै जीवनसित स्वर, रङ्ग र शब्दको सम्बन्ध अन्योन्याश्रित रूपमा रहने कुरालाई उनले दार्शनिक दृष्टिकोणबाट यस निबन्धमा निबन्धकारको अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

(ग) **भाषाशैली**

प्रस्तुत निबन्धको भाषा जटिल प्रकारको रहेको छ । तार्किक र विश्लेषणात्मक शैलीमा प्रस्तुत निबन्ध प्रथम पुरुष कथन ढाँचामा आधारित रहेको छ । संस्कृत जन्य शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको यस निबन्धमा व्यास शैलीको प्रयोग गरिएको छ । दार्शनिक चिन्तनका तहमा आधारित भएर लेखिएको यो निबन्ध दुर्बोध्य र कठिन भाषाको प्रयोग गरेर लेखिएको निबन्ध हो । यस निबन्धमा स्वर, रङ्ग र शब्द नै हाम्रो जीवन हो । स्वरको उतार चढाव नै हर्ष र विस्मात्का लहरहरू हुन् । कोमलता र कठोरताका आवेगहरू स्वर हुन् । शब्दले स्वर रङ्गरुपी संसारलाई सरल र बोधगभ्य बनाउने काम गर्दछ । यी तिनले हाम्रो जीनवसँग प्रत्यक्ष सम्बन्ध राखेका हुन्छन् भन्ने दार्शनिक चिन्तनलाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

(१४) **माहुरभित्रको म्वाइँ**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको उनन्तीसौँ क्रममा 'माहुरभित्रको म्वाइँ' निबन्ध रहेको छ । पृष्ठ १८१ देखि १५८ सम्म विस्तारित यो निबन्ध **मधुपर्क** (२०४४, कार्तिक) पत्रिकामा प्रकाशित भएको पाइन्छ । लामा छोटा चौध वटा अनुच्छेदमा विस्तारित यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ ।

(क) **विषयवस्तु**

सृष्टिको अनवरत प्रक्रिया जीव तफ्वमा निहित रहेको छ । सृष्टिपछि म्वाइाको प्रादुर्भाव भए पनि सम्पूर्ण प्राणीहरू त्यही म्वाइामा डुबुल्की मारिरहेका छन् । स्नेह नै म्वाइा हो । म्वाइा स्नेहको आवेग मात्र होइन, यो त सामाजिक जीवनको एक प्रक्रिया हो । म्वाइा संवेदनशील जीवनको एक स्पन्दन हो । जीनवको एउटा संस्कार हो । पूर्वीय सभ्यतामा म्वाइाको संस्कारलाई विधिविधान सहित पालना गर्ने गरिन्छ । यहीा म्वाइालाई संस्कारका रूपमा परिणत गराउने प्रथा माहुर प्रथा हो । माहुर प्रथा जुठो आदान प्रदान क्रियाको संस्कृति हो । नेपाली संस्कारमा जुठो आदान प्रदान गर्नु नै समर्पणको प्रथम सिाढी मानिन्छ । समर्पण उदार मनबाट मात्र सम्भव हुन्छ । विवाह पनि एउटा समर्पण हो । केटीले आफूलाई केटामा सम्पनु समर्पण हो । नेपाली संस्कारले विवाहपछि स्नेह हुर्काउन माहुर प्रथा चलाएको देखिन्छ । मन एकत्रित गर्ने काम माहुरे प्रथाभित्रको मधु रसको स्वादबाट सुरुवात भएको पाइन्छ भन्ने विषयलाई नै निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

जुठो पनि माहुर प्रथाको संस्कारभित्र मीठो हुन्छ । म्वाइाको दुनियाामा पनि मीठो जुठो हादैन । त्यसैले म्वाइा र माहुर एकअर्काका परिपूरक देखिन्छन् । प्रतीकात्मक रूपमा नै म्वाइा माहुरको अर्को रूप हो । नेपालको नेवार समाज पनि यस संस्कारबाट अलग छैन । नेवार समाजमा पनि यो प्रथा मनाइन्छ । कतिपय संस्कारहरू अर्थबोध र व्याख्या विना परम्परा बन्न पुगेका छन् । कतिपय परम्पराहरू अन्धविश्वासमा परिणत पनि भएका छन् । व्याख्या नभएर हाम्रा केही संस्कारहरू अन्धविश्वासमा परिणत हुने कुरालाई औल्याउादै सबै संस्कारहरू कुनै न कुनै विश्वासमा हुर्कने भएकाले त्यस्ता संस्कारहरूको व्याख्या हुनु जरुरी रहेको कुरा पनि निबन्धमा उल्लेख छ । संस्कारलाई समय सापेक्ष बनाउादै लैजानुपर्छ । म्वाइा प्रकृतिमूलक प्रक्रिया भएकाले माहुर प्रथा संस्कारजन्य प्रथा हो । त्यसैले सामाजिक संस्कारका विश्वासहरू स्थितिजन्य हुन्छन् । यस्ता संस्कारहरूलाई त्यागेर हैन, पुस्तागत रूपमा अगाडि बढाउादै लैजानुपर्छ भन्ने विषयलाई नै निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा म्वाइालाई प्रतीकात्मक रूपमा विवाहमा गरिने माहुर प्रथाले चिनाएको सन्दर्भलाई प्रस्तुत गर्दै निबन्धकारले प्रत्येक संस्कारहरू विश्वासमा अडिएका हुन्छन् । म्वाइा स्नेहको प्रतीक र समर्पणको भाव हो । नेपाली समाजमा यो संस्कार परम्परादेखि चल्दै आएको प्रथालाई निबन्धकारले बताएका छन् । नेपाली समाजमा यो संस्कार नेवार समुदायमा पनि विद्यमान रहेको बताउादै कतिपय हामीले मनाउने संस्कार अर्थबोध र व्याख्याको अभावमा परम्परा बन्दै गएका छन् । कतिपय संस्कारहरू अन्धविश्वासमा परिणत हुन पुगेका छन् । त्यसैले त्यस्ता संस्कारहरूको व्याख्या विश्लेषण हुनु आवश्यक छ । यदि व्याख्या र विश्लेषण नभएमा यस्ता संस्कारहरू लोप हुन्छन् भन्दै संस्कारको व्याख्या हुनुपर्ने विचारलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

सबै संस्कारहरू परम्परामा मात्र होइन, विभिन्न उद्देश्य र अर्थमा निहित हुन्छन् । त्यस्ता संस्कारका व्याख्याता पनि हामी हौा । त्यसैले हामीले त्यस्ता संस्कारलाई व्याख्या गरेर सुसंस्कृत बनेको खण्डमा हाम्रा संस्कारहरू जीवन्त बन्दै जान्छन् भन्ने आशय पनि निबन्धमा व्यक्त भएको छ । माहुर र म्वाइा लोग्ने र स्वास्नीबीचको जुठो आदान प्रदान क्रिया विश्वासमूलक संस्कारहरू बनेका छन् । म्वाइा प्रकृतिमूलक क्रिया भएकाले यस्ता संस्कारका प्रथा

चलाउनेहरूले बुद्धिमानी ढङ्गबाट चलाएको देखिन्छ । पुराणमा वर्णित कथा हामीले काल्पनिक ठान्दै आएका थियौं, तर वैज्ञानिकहरूले आज त्यसलाई सत्य सावित गरिदिएकाले यस्ता संस्कारहरू अर्थपूर्ण हुन्छन्, त्यसैले त्यसको अर्थलाई बोध गरेर पुस्तागत रूपमा यस्ता संस्कारहरू अगाडि सार्दै संस्कारलाई हाम्रो समाज र समय सापेक्ष बनाउँदै लानुपर्ने विचारलाई पनि निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यो निबन्ध प्रथम पुरुषीय कथन ढाँचामा प्रस्तुत भएको छ । व्याख्यात्मक शैलीलाई अँगालेर निबन्धमा म्वाइँ र माहुर प्रथाको चिनारी गराइएको छ । छोटा छोटा वाक्य, क्रियापदविहीन वाक्य, संस्कृतजन्य शब्दहरूको अधिक प्रयोग, वर्तमानकालिक क्रियापदको प्रयोग जस्ता विशेषताहरूले निबन्धको भाषा कलात्मक बनेको छ । सम्प्रेष्य भाषाशैलीलाई अँगालेर लेखिएको यो निबन्ध सरल र सहज प्रकारको छ । प्रस्तुत निबन्धमा म्वाइलाई प्रतीकात्मक रूपमा विवाहमा गरिने माहुर प्रथाले चिनाएको सन्दर्भलाई प्रस्तुत गर्दै निबन्धकारले प्रत्येक संस्कारहरू विश्वासमा अडिएका हुन्छन् । म्वाइ स्नेहको प्रतीक र समर्पणको भाव हो । नेपाली समाजमा यो संस्कार परम्परादेखि चल्दै आएको प्रथा हो । यस्ता संस्कारलाई हामीले व्याख्या विश्लेषण गरेमा मात्र हाम्रा यस्ता संस्कारहरू जीवन्त बन्न सक्छन् भन्ने धारणालाई व्यक्त गरेका छन् ।

**(१५) आँखै आँखाभरि नाङ्गो जीवन जिएर**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको एकतीसौँ क्रममा प्रस्तुत निबन्ध रहेको छ । पृष्ठ १९४ देखि १९७ सम्म फैलिएको यो निबन्ध एघार अनुच्छेदमा विभाजित रहेको छ । सामाजिक विकृतिप्रति व्यङ्ग गरिएको यो निबन्धमा तृतीय पुरुष कथन ढाँचाको प्रयोग गरिएको छ । वस्तुपरक शैलीमा लेखिएको यो निबन्ध मझौला आयाममा संरचित रहेको छ ।

**(क) विषयवस्तु**

हरेक वस्तुलाई आँखाले नङ्ग्याउन सक्नुपर्छ । नङ्ग्याउन सक्नु नै आँखाको प्रयोजन हो । नाङ्गिनु सृष्टिको प्रक्रिया हो । हरेक मान्छे नाङ्गिएरै जन्मन्छ । जीवनलाई नङ्ग्याएर चिन्तामुक्त हुनु जीवनको आनन्द हो । त्यसैले हरेक व्यक्तिले आफ्नो जीवनलाई नङ्ग्याएर भाषाद्वारा व्यक्त गर्न सक्नुपर्छ । आँखाभरि नाङ्गिएका विवशता छोपिएर पनि नाङ्गिन्छन् ।

उदाङ्गिएर छोपिएझैँ हुनु जीवनको बाध्यता बनेको छ । परिस्थिति अनुसार आँखाभरि नाङ्गो जीवन लिएर बाँच्नु परेको छ भन्ने विषयलाई नै निबन्धकारले यस निबन्धकारमा प्रस्तुत गरेका छन् ।

समाजमा नदेखिने गरी आँखाबाट छोपिएका कथा, व्यथाहरू आँखाभरि नङ्ग्याउन सकेमा मात्र वास्तविक समाजको यथार्थतालाई चित्रण गर्न सकिन्छ । आँखा नै त्यस्ता वस्तुहरूलाई हेर्ने वस्तु हो, जो समाजमा लुकेका वस्तु छन् । नङ्ग्याउनु आँखाको धर्म हो । शल्यचिकित्सापछि आँखामा पट्टि नचाहिएझैँ एक पटक नङ्ग्याएपछि त्यो कुरा छोप्नु पर्दैन । दिग्दिशासम्म छिचोल्न सक्नु नै आँखाहरूको सफलता हो । हेरेर पनि देख्न नसकिने टाढाका वस्तुहरू स्पष्ट पार्न र देखिएर पनि ओझेल परेका कुराहरू छर्लङ्ग्याउन सक्ने सामर्थ्य नै आँखामा हुन्छ । हेर्न चाहेर पनि नसकिएका र देख्न खोजेर पनि नसकिएका अनगिन्ती दृश्यहरूलाई आँखा खोलर हेर्न सक्नुपर्छ । नाङ्गो जीवन बाँचेकाहरू युगको सीमा पार गरेर बाँचेका छन् । त्यसैले दृव्यदृष्टिलाई अँगालेर बाँच्नुपर्छ । हाम्रा पूर्वजहरूको दर्शन वा मान्यता पनि यही हो । लुकिरहेका दृश्यहरू, छोपिएका भग्नावशेषहरू, मौन दुहाइका झन्डा बोकेका विवश नाराहरू, हत्या, युद्ध, राम नाम जपेर व्यभिचारी गर्ने आदर्श व्यक्तिहरूजस्ता कुराहरूलाई दिव्यदृष्टिले नङ्ग्याउनु सक्नु नै आँखाको धर्म हो भन्दै समाजका अन्तरतहमा रहेका विकृतिहरूलाई समाप्त पार्नुपर्ने विचारलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

जीवनको वास्तविक यथार्थको ज्ञान आँखाबाट मात्र हुन सक्छ । जीवनलाई ननङ्ग्याइकन वास्तविक रूप देख्न सकिँदैन, त्यसैले नङ्ग्याउन सक्नु नै आँखाको प्रयोजन हो । विभिन्न विवशताहरू छोपिएरै नाङ्गिरहेका हुन्छन् । सबैले देखेर पनि नदेखेको जस्तो गरेर बाँच्नुपर्ने विवशता रहेको छ । यस्तो परिस्थितिलाई सच्चा आँखाले हेर्न सक्नुपर्छ । आँखाका छोपिएका कथाव्यथाहरूलाई नङ्ग्याएर समाजको सुधार गर्नुपर्छ । समाजका लुकेर रहेका अनगिन्ती दृश्यहरूलाई खोतलेर देख्न सक्नुपर्छ जस्तै निबन्धकारले समाजमा पर्दापछाडि रहेका विभिन्न कथा, व्यथा, अनगिन्ती दृश्यहरूलाई अन्तरदृष्टिबाट नियालेर सामाजिक परिवर्तन गर्नु नै आँखाको मुख्य प्रयोजन हो भनी प्रस्ट पारेका छन् ।

दिव्यदृष्टि प्रश्रय दिने परम्परा पूर्वजहरूबाट चल्दै आएको परम्परा हो । त्यसैले लुकिरहेका अस्पष्ट दृश्यहरू, थिचिएर पुरिएका भग्वावशेषहरू, मौन दुहाइका झन्डा बोकेका विवश नाराहरू, परेला उघार्दै दृष्टि गोचर हुने नृशंस हत्या, हानिरहेका रक्तपिपाशु युद्धहरू, राम नाम फट्कार्दै व्यभिचारी साँझ आह्वान गर्ने आदर्श बदनाम, नीच लीला रच्ने महात्माका भ्रूण हत्याहरूले समाजमा प्रश्रय पाइरहेको छ । यस्ता विकृति र विसङ्गतिलाई दिव्यदृष्टिले हेरेर भए पनि समाजबाट हटाएर एउटा सच्चा जीवन जिउने वातावरण बनाउन सक्नु नै आँखाको प्रयोजन हो । त्यसै गरी कुण्ठित चाहनाहरूलाई पूरा गर्न हामीले आँखा उघार्ने पर्छ भन्दै निबन्धकारले समाजमा अग्रगति दिनका लागि हामीले आँखा उघानुपर्छ भन्ने भावलाई नै निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत व्याख्यात्मक शैलीमा देखिएको छ । आत्मपरक पारामा लेखिएको यस निबन्धमा निबन्धकारले विभिन्न दार्शनिक विचारलाई पनि सरल ढङ्गले प्रस्तुत गरेका छन् । नेपाली भाषामा प्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा संस्कृतका शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको छ । बौद्धिक भाषाको प्रयोग गरिएको यो निबन्ध गहन भाषामा लेखिएको छ । प्रस्तुत निबन्धमा वर्तमान विश्वमा विभिन्न क्षेत्रमा विकृति बढ्दै गएको र त्यस्ता विकृतिलाई हामीले बाहिरी आँखाले देख्न नसके दिव्यदृष्टिबाट हेरेर भए समाजलाई मुक्त गराउनु पर्ने धारणा व्यक्त भएको छ ।

**(१६) अनुभूतिका आँखाहरू**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको बत्तीसौँ निबन्ध 'अनुभूतिका आँखाहरू' रहेको छ । पृष्ठ १९८ देखि पृष्ठ २०३ सम्म फैलिएको यो निबन्ध मझौला आकारमा संरचित छ । यस निबन्धमा छोटा छोटा तेइस अनुच्छदहरू रहेका छन् । आत्मपरक शैलीमा लेखिएको यो निबन्धमा निबन्धकारले अनभूतिसम्बन्धी विचारहरूलाई प्रस्तुत गरेका छन् ।

**(क) विषयवस्तु**

अनुभवका अवशेषहरू सबै अनुभूति भएर बाँच्छन् । त्यसैले अनुभूतिहरू अविनाशी अवशेष हुन् । अनुभूतिलाई अविनाशी बनाउन अभिव्यक्ति चाहिन्छ । अभिव्यक्तिले अनुभूतिलाई व्यापक रूप दिन्छ । संसार नै अभिव्यक्तिमूलक हुने भएकाले सबै प्रकारका भावनाहरूले

अभिव्यक्ति बोकेका हुन्छन् । अनुभव हुन आँखा खोल्नु पर्छ । अनुभूतिको अभिव्यक्ति नै मूर्त रूप हो । जीवन नै अनुभवको पुञ्ज हो । सबै अनुभवहरू अनुभूति बन्न सक्दैनन् । कति अनुभवहरू भुलिन्छन् । कति अनभूतिका स्रोतहरू अस्वस्थ हुन्छन् । स्वस्थ र अस्वस्थ अनुभवलाई छान्नु पर्छ । प्रत्येक अनुभवले अनुभूतिका आँखा उघ्रन र जीवनका आयाम बटुल्न प्रेरणा दिइरहेको हुन्छ । प्रेरणाद्वारा अभिप्रेरित भएर मात्र अनभूतिका आँखाहरू उघार्न सकिने हुन्छ । अनुभवलाई सँगाल्न एकाग्रता पनि चाहिन्छ भन्दै अनभूति र अनुभवलाई नै यस निबन्धको विषयवस्तु बनाइएको छ ।

अनुभूतिका आँखाहरू सधैँ दृष्टिकोण खोजिरहेका हुन्छन् । टाढाको देख्न दृष्टिकोण चाहिन्छ । अनुभूतिका आँखाहरू मर्मस्पर्शी हुन्छन् । मर्मस्पर्शी भन्नु नै वर्तमान हो, चाहना हो । अनुभूतिका आँखाहरू नयाँ नयाँ अनुभवहरू खोजिरहेका हुन्छन् । अनुभवका आँखाहरू त्रिकालदर्शी हुन्छन् । भूत, वर्तमान र भविष्य तिनै काललाई अनुभवका आँखाहरूले देख्न सक्छन् । त्यसैले हामीले अनुभूतिका आँखाहरू उघार्नुपर्छ । हाम्रा वंशजहरूको अनुभूति बुझेर हामीले अनुभूतिका आँखाहरू र सन्ततिका अनुभूतिका आँखाहरू उघ्रन दिनुपर्छ भावलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

अनुभूति अनुभवका अवशेषहरू हुन् । अनुभूतिहरू अविनाशी हुन्छन् । अनुभूतिलाई अविनाशी बनाउन अभिव्यक्ति हुनुपर्छ । अभिव्यक्तिबाटै अनुभवहरू व्यापक बन्न सक्छन् । संसारका प्रत्येक भावनाहरू अभिव्यक्तिमूलक बनाउन सक्नुपर्छ । अनुभव हुनका लागि हामीले आँखा खोल्नुपर्छ । अनुभूतिलाई अभिव्यक्तिबाट मात्र मूर्त रूप दिन सकिन्छ । जीवन नै अनुभवको रास भएकाले अनुभवलाई अभिव्यक्ति गरेर मात्र सार्थक बनाउन सकिन्छ । कतिपय अनुभवहरू अनुभूति बन्न नसके पनि जीवनका अनुभवलाई छानेर अभिव्यक्ति दिएमा त्यस्ता अनुभूतिलाई स्थायी रहन सक्छन् । प्रत्येक अनुभवले हामीलाई जीवनका आयाम बटुल्न प्रेरणा दिइरहने हुनाले अनुभवलाई एकग्रताका साथ सँगाल्न अनुभव र अनभूति चाहिने भावलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

अनुभूतिका आँखाहरूबाट एक प्रकारको दृष्टिकोण बनाउन सक्नुपर्छ । टाढाको दख्न सक्नु नै दृष्टिकोण हो । अनुभूतिका आँखाहरू स्मर्मस्पर्शी हुनुपर्छ । मर्मस्पर्शी भन्नु वर्तमान र

वर्तमानका चाहना हुन् । अनुभूतिका आँखाहरूले सधैं नयाँ नयाँ अनुभवहरू खोजिरहेका हुन्छन् । अनुभवका आँखाहरू त्रिकालदर्शी हुने भएकाले अनुभवका आँखाले भूत, वर्तमान र भविष्य तिनै काल देख्न सक्नुपर्छ । त्यसैले हामीले अनुभूतिका आँखाहरू उघार्न सक्नुपर्छ भन्दै अनुभूति र अनुभवलाई चिनाउने काम पनि यस निबन्धमा गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यो निबन्ध अमूर्त विषयमा लेखिएको निबन्ध हो । अनभूति र अनुभव जस्ता अमूर्त विषयको व्याख्या विश्लेषणबाट सिर्जन प्रक्रियालाई निबन्धकारले चिनाउन सरल भाषाशैलीको प्रयोग गरेका छन् । नेपाली भाषामा प्रचलित तिनै स्रोतका शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा संस्कृतजन्य शब्दहरूको प्रयोग अधिक मात्रामा गरिएको छ । तार्किक र व्याख्यात्मक शैलीमा लेखिएको यो निबन्धको भाषा बौद्धिक खालका रहेको छ । अनुभूति अनुभवका अवशेषहरू भएकाले अनुभवलाई हामीले स्थायी राख्न अभिव्यक्ति दिन सक्नुपर्छ । अनुभूति त्रिकालमय हुने हुनाले अनुभूतिका आँखाहरू उघारेर अनुभवलाई चिनाउन सक्नुपर्ने भावलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(१७) साहित्यिक संरचनामा सांस्कृतिक सञ्चेतना**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको अन्तिम अर्थात् चौतीसौँ निबन्ध 'साहित्यिक संरचनामा सांस्कृतिक सञ्चतेना' रहेको छ । पृष्ठ २०८ देखि २१३ सम्म विस्तारित यो निबन्ध मझौला आयाममा संरचित छ । छोटा छोटा १५ वटा अनुच्छेदमा विस्तारित यो निबन्ध प्रथम पुरुष कथन ढाँचा र आत्मपरक शैलीमा लेखिएको छ ।

**(क) विषयवस्तु**

साहित्यिक संरचनाभित्र आफूलाई भन्दा अरुलाई बढी प्रतिनिधित्व गर्न नसकेको र साहित्यिक संरचनामा आफ्नै अनभूति व्यक्त भएको कुरा निबन्धकारले बताएका छन् । वैचारिकता, भावनात्मक उद्दीपन, कल्पनाशील सज्जा, तर्कयुक्त सङ्गति शैली हुन् । विचार तफ्वबिनाको संस्कार नहुने भएकाले वैचारिक तफ्वलाई तर्कयुक्त प्रस्तुत गर्दा दर्शनमा परिणत हुन्छ भनी बताइएको छ । साहित्यिक संरचनामा आफूलाई छुन नसकेका विषयमाथि आफूले कलम चलाएको र जीवनको अभिव्यक्ति प्रस्तुत गरेको कुरा उनले बताएका छन् । साहित्यिक संरचनामा विविध विषयलाई अटाउन सकिन्छ । जीवनलाई उतार्न सकिने साहित्य समाज

सापेक्ष हुनुपर्छ । साहित्यिक संरचनामा जीवन, समाजको यथार्थता झल्किनु पर्छ । समाजका संस्कारहरूलाई समेटिनु पर्छ । साहित्य समाजको दर्पण भएकाले समकालीन समाजको विम्ब उत्रिन सक्नुपर्छ । संस्कारलाई भाषाले व्यक्त गरिने भएकाले एउटै शब्दले पनि पुरै संस्कारलाई समेट्न सक्छ भन्दै उनले रत्यौली शब्दको उदारहण दिएका छन् । साहित्यिक संरचनाका विविध पक्षहरू छन् त्यसरी नै सांस्कृतिक संरचनाका पनि अनेक पक्षहरू छन् । सांस्कृतिक सञ्चेतनाका अनेक धाराहरूमध्ये केहीको उदाहरण दिँदै निबन्धकारले संस्कृति र साहित्यिक संरचनाको धार पहिल्याउन अनेक कोणयुक्त अवलोकन र व्याख्या अनिवार्य हुन्छ भनेर निबन्धकारले कवि कृष्णभक्त श्रेष्ठको 'मरिसकेको म' शीर्षकको कविताको विश्लेषण गरेर सिद्ध गर्ने काम गरेका छन् । यसरी यस निबन्धमा साहित्यिक सञ्चेतनाको परिचय दिई त्यसलाई व्याख्या विश्लेषण गर्ने काम गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले साहित्यिक संरचनामा आफ्नै अनुभूति व्यक्त हुने कुरा बताएका छन् । तर्कयुक्त शैली र वैचारिक तफ्वलाई तर्कयुक्त प्रस्तुति दिँदा नै दर्शन हुने विचारलाई व्यक्त गर्दै निबन्धकारले साहित्यिक संरचनामा आफूलाई छुन नसकेका विषयमाथि आफूले कलम चलाएको र जीवनको अभिव्यक्ति नै साहित्य मार्फत प्रस्तुत गरेको कुरा बताएका छन् । साहित्यिक संरचनाभित्र विविध विषयलाई अटाउन सकिने कुरा गर्दै ग्वगःले साहित्य समाज सापेक्ष हुनु पर्ने र साहित्यिक संरचनाभित्र समाजको यथार्थता झल्किनु पर्ने विचार व्यक्त गरेका छन् । साहित्य समाजको दर्पण भएकाले समकालीन समाजको विम्ब र संस्कारलाई समेटिनु पर्छ । संस्कारलाई भाषाले व्यक्त गरिने भएकाले एउटै शब्दले पनि पुरै एउटा संस्कारलाई व्यक्त गर्न सकिने कुरा गर्दै निबन्धकारले सांस्कृतिक संरचनाका पनि अनेक पक्ष रहेको बताएका छन् । सांस्कृतिक संरचनालाई अनेक कोणयुक्त अवलोकन र व्याख्याद्वारा नै विश्लेषण गर्न सकिन्छ भन्दै ग्वंगःले कवि कृष्णभक्त श्रेष्ठको 'मरिसकेको म' कविताको शीर्षकको कविताको विश्लेषण गरेर साहित्यिक सञ्चेतनाको परिचय र व्याख्या विश्लेषण गरी साहित्यिक सञ्चेतनाका बारेमा व्याख्या गर्नु नै यस निबन्धको मुख्य विचार रहेको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । साहित्य र संस्कृतिका बीचको सम्बन्धलाई प्रस्तुत गर्दै साहित्यको उपादेयतालाई प्रस्तुत गरिएको यो निबन्ध दार्शनिक

चिन्तनलाई व्यक्त गरिएको छ । निबन्धको भाषा बौद्धिक खालको रहेको छ । संस्कृतजन्य शब्दको अत्यधिक प्रयोग र तार्किक एवम् विश्लेषणयुक्त भाषाद्वारा निबन्ध रचना गरिएको छ । सिद्धान्तलाई प्रस्ट पार्न उदाहरण समेत दिएर प्रस्ट पार्ने कामले निबन्धलाई केही मात्रामा सरल बनाएको छ । गहन चिन्तन र प्रभावकारी पूर्ण विषयको प्रस्तुतिले निबन्ध चिन्तनात्मक र विश्लेषणात्मक बनेको छ । प्रस्तुत निबन्धमा निबन्धकारले साहित्यिक संरचनामा आफ्नै अनुभूति व्यक्त हुने कुरा बताएका छन् । तर्कयुक्त शैली र वैचारिक तथ्यलाई तर्कयुक्त प्रस्तुति दिँदा नै दर्शन हुने विचारलाई व्यक्त गर्दै निबन्धकारले साहित्यिक संरचनामा आफूलाई छुन नसकेका विषयमाथि आफूले कलम चलाएको र जीवनको अभिव्यक्ति नै साहित्य मार्फत प्रस्तुत गरेको विचारलाई नै यस निबन्धमा प्रस्तुत गरेका छन् ।

यसरी यस निबन्ध सङ्ग्रहमा निबन्धकारले १७ वटा निबन्धहरू विचार, चिन्तन र दर्शनमा आधारित भएर रचना गरेका छन् । विभिन्न विषयमाथि गहिरो चिन्तन, विश्लेषण र व्याख्याद्वारा आफ्ना विचार वा भावलाई उनले यी निबन्धमा प्रस्तुत गरेका छन् । आफूले भोगेका, देखेका र अनुभव गरेका विषयलाई पनि दार्शनिक कोणबाट गहन चिन्तनात्मक शैलीमा प्रस्तुत गरिएका यी निबन्धहरूको भाषा पनि गहन र प्रभावकारीपूर्ण रहेको छ । विविध विषयमाथि आफ्नो गहन अध्ययनले निबन्धकारले यी निबन्धहरूमा आफ्ना विचारहरूलाई प्रस्तुत गरेका छन् । त्यसैले उनका यस सङ्ग्रहका निबन्धहरूमध्ये सङ्ख्यात्मक र गुणात्मक रूपमा विचारात्मक निबन्धहरूको मात्रा अत्यधिक रहेको देखिन्छ ।

### ४.२.४ अमूर्त विषयक निबन्धहरू

यस सङ्ग्रहमा सङ्कलित केही निबन्धमा तेजेश्वरबाबु ग्वंगःले अमूर्त विषयलाई विषय बनाएका छन् । आकार र स्वरूपविहीन अवस्थामा रहने अमूर्त विषयलाई पनि जीवन्त बनाएर निबन्ध लेख्न सक्नु उनको निबन्धगत विशेषता हो । यस्ता विषयलाई आधार बनाएर लेखिएका उनका निबन्धहरू यस प्रकारका रहेका छन् :

(१) माया, ए माया

(२) अमूर्तताभित्रका मूर्तिहरू

(३) मौन जुलुसका नाराहरू

यी निबन्धहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

(१) **माया, ए माया**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको चौथौ क्रममा रहेको 'माया, ए माया' निबन्ध अमूर्त विषयमा लेखिएको छ । यो निबन्ध पृष्ठ ४१ देखि ४३ सम्म विस्तारित रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले माया जस्तो अमूर्त विषयमाथि आफ्ना विचार प्रस्तुत गरेका छन् ।

(क) **विषयवस्तु**

मायालु मनको ममतालु स्वर मायालाई अँगालेर बाँचेको मानिसको मनभित्र मायाले सुटुक्क मोहनी लगाउँछ । मानिस नजन्मँदै उसमा पनि ममता लाग्न थाल्छ । युद्धमा बढेको सेनाको कण्ठ पनि मायाले अवरुद्ध गर्दछ । आँसुका रूपमा माया नै तरल भएर बग्न थाल्छ । तर मान्छेले मायालाई भने देख्न सक्दैन । केवल अनुभवबाट मायाको महसुस हुन्छ । मायाले हरेक मान्छेलाई मोहित पार्छ र मुस्कुराउन लगाउँछ । माया सृष्टिको स्थितिसार हो । यो मान्छेको अन्तर्हृदयबाट स्फूर्त रूपमा प्रकट हुन्छ । मान्छे मरेर गए पनि माया भन्ने कुरा कहिल्यै मर्दैन, यो त पुस्तान्तर रूपमा सर्दै जान्छ । मरणशील मान्छे मायाले नै अमरत्व प्राप्त गर्दछ भन्ने चिन्तनलाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

(ख) **भाव वा विचार**

यस निबन्धमा निबन्धकारकाले मायाको गुणगान गाएका छन् । माया मानिसको मानसिक भावना हो । यो शाश्वत कुरा हो । मायाले नै यो सृष्टि चलेको छ । माया नै हाम्रा आँखाबाट आँसुका रूपमा तरल भएर निस्किन्छ भन्ने विचारलाई प्रस्तुत गरेका छन् । माया छैन भने आँसु पनि असम्भव हुन्छ । सहिष्णुता नभए पनि माया पनि हराउँछ । माया नभएको मान्छे राक्षस समान हुन्छ । त्यसैले यस धरतीमा बाँच्ने सबै मानिसहरूमा माया हुनुपर्छ । मायाले नै यो मरणशील मान्छेलाई अमरत्व प्रदान गर्दछ । माया नभएर नै आज विश्वमा कलुषित भावनाहरू फैलिरहेको छ । यो माया शारीरिक भौतिक र अभौतिक पनि छ । विश्व सञ्चालक यो माया अनेक सम्बन्ध सूत्रमा गाँसिएको छ । यसैले सम्बन्धलाई अड्याएको पनि छ । त्यसैले संसारलाई सुखी बनाउन सधैं मायालाई अँगालेर अगाडि बढेमा मात्र जीवन सुखमय बन्न सक्छ भन्ने विचारलाई नै निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

(ग) **भाषाशैली**

यो निबन्ध अमूर्त विषयमा लेखिएको छ । प्रथम पुरुषीय कथन ढाँचामा लेखिएको यस निबन्धमा माया, जीवन, राक्षस, आँसुजस्ता विभिन्न विम्ब र प्रतीकको प्रयोग गरिएको छ ।

निबन्धको भाषा रोचक रहेको छ । वैचारिक भाषालाई अँगालेर निबन्ध लेखिएको छ । मायालाई दर्शाउन विभिन्न परिस्थितिसँग मायालाई जोडेर अर्थ्याइएको यो निबन्ध सरल र जटिलको दोसाँधमा रहेको छ । यस निबन्धमा निबन्धकारले संसार मायामै अडिएको र वर्तमान समयमा मानिसमा मायाको भाव हराउँदै गएकामा चिन्ता प्रकट गर्दैव संसारलाई सुखी बनाउन हरेक मानिसले मायालाई अँगालेर हिँड्नु पर्ने भाव व्यक्त गरेका छन् ।

(२) **अमूर्तताभित्रका मूर्तिहरूमा**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको आठौँ क्रममा रहेको छ । यो निबन्ध पृ. ६१ देखि ६७ सम्म फैलिएको छ । छोटा लामा बाइस अनुच्छेदमा विस्तारित यो निबन्ध अन्य निबन्धहरूभन्दा केही लामो रहेको छ । मूर्तिभित्रको अमूर्ततालाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

(क) **विषयवस्तु**

नकुँदिएका मूर्तिहरू पनि मूर्त बनेका हुन्छन् । नकोरिएका अल्याख चित्रहरू पनि स्वतः सचित्र बन्छन् । व्याख्याबिना पनि कैयौँ अभिव्यक्तिहरू सविस्तार हुन्छन् । अमूर्तताभित्र पनि मूर्तताको गर्भ रहन्छ । अमूर्तता एउटा शैली हो । सबै मूर्तता कालचक्रको गुम्फनभित्र अमूर्त बन्छ । समय सापेक्षता अन्तरङ्ग यो मूर्त भएर पनि अमूर्त रहन्छ । ज्ञानले प्रकृतिलाई प्रस्ट्याउने प्रयास गर्छ । ज्ञानले नै प्रकृतिको विश्लेषण गर्न सकिन्छ । ज्ञानले प्रस्ट्याएको बाटोमा हिँड्नु नै विज्ञानको धर्म हो । ज्ञान दर्शन बन्छ तर विज्ञान व्यवहार बन्छ । दर्शन मूर्तताभित्रको अमूर्त बन्न सक्छ । विज्ञान अमूर्तताभित्रको मूर्तता बन्न सक्छ । सबै अमूर्तताले सृजना पर्खिरहेको छ । सृजना मानिसको आन्तरिक प्रतिभाबाट उत्पन्न हुन्छ भने प्रतिभा मानिसको नैसर्गिक स्वभाव हो । अमूर्तता मूर्तको गर्भाशय हो । आशय प्रतिभा हो । भ्रूण जीवनको पूर्व रूप हो । पूर्व रूप सबै अमूर्त हुन्छन् । मानिसभित्र दृष्टिकोण जन्मेपछि अमूर्तताभित्रका मूर्तिहरू सल्बलाउन थाल्छन् । विसङ्गतिका चोटहरू, अनेक बिडम्बनाका आघातहरू, असङ्ख्य समझदारीका बुझपचाइहरू अमूर्तताभित्रका मूर्तिहरू नै शिल्पीका हातबाट मूर्त बन्दछन् । यसरी मूर्त बनेपछि नै समाज जागरणतिर उन्मुख हुन्छ भन्ने विषयलाई निबन्धकारले यस निबन्धमा समेटेका छन् ।

मानिसभित्रका जिज्ञासाहरूले जहिले पनि अमूर्ततालाई मूर्तता दिने प्रेरणा दिइरहन्छन् । विवेकलाई सामूहिक हितको प्रयोजनमा प्रयोग गर्नु मानिसको मूर्तता हो । निहित स्वार्थमा मानिसभित्रको मान्छे हराउनु मूर्त मान्छेमा अमूर्तताको अभिशाप लाग्नु हो । सृजनामा युगबोध व्यक्त हुन्छ । युगबोधको सन्दर्भमा कुनै पनि अमूर्त सृजना शैली मूर्तिमान बन्छ । भगवान्का मूर्तिहरू मूर्तताभित्रका अमूर्तता हुन् । कलाकारले गरेको कर्मलाई व्याख्या भन्न सकिन्छ । व्याख्या नै कलाभित्र अन्तर्निहित अमूर्ततालाई मूर्तता रूप दिन समर्थ हुन्छ भन्दै निबन्धकारले अमूर्तताभित्र पनि मूर्त रूप भेटिन्छ भन्ने विषयलाई नै यस निबन्धमा व्याख्या गरेका छन् ।

**(ख) भाव वा विचार**

अमूर्तताभित्र मूर्तताको गर्भ रहन्छ, अमूर्तबाट नै मूर्त रूप झल्किन्छ । हामीभित्रको विवेक पनि अमूर्त छ, तर त्यही अमूर्तबाट मूर्त सृजनाहरू उत्पन्न भएका छन् । अमूर्तता नै मूर्त रूपको गर्भाशय हो । जीवनको पूर्व रूप सबै नै अमूर्त हुन्छन् । त्यही अमूर्तताभित्रका मूर्त स्वरूप जन्मन्छ । त्यही मानिसले मूर्त शरीरले अमूर्तताको जाल फिजाउन सक्छ भन्दै निबन्धकारले अमूर्तबाट मूर्त रूपको जन्म भएको कुरा बताएका छन् ।

अमूर्तताबाट मूर्तिमानतर्फको पाइला सबै साधना, आराधना र अध्यवसाय हुन् । कर्म विन्यासमा संलग्न भएपछि मानिसलाई अमूर्तताको स्थितिबाट मूर्तिमानतिर प्रवृत्त गराउँछ । विवेकभित्र पनि उपस्थित प्रत्येक अमूर्तता एउटा प्रश्नसूचक रहन्छ । यसले मानिसमा जिज्ञासा उत्पन्न गरिहन्छ । यी प्रश्नहरूले नै मानिसका अमूर्ततालाई मूर्ततातिर जाने प्रेरणा दिइरहेका हुन्छन् भन्दै निबन्धकारले सबै मूर्त रूप नै अमूर्तबाट उत्पन्न भएको विचारलाई यस निबन्ध मार्फत प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा व्याख्यात्मक तथा चिन्तन शैलीलाई अँगालिएको छ । धागोमा माला उनेझैँ निबन्धमा शब्दहरूलाई मालाजस्तै पारेर उनिएको छ । संस्कृतजन्य शब्दहरूको बहुल रूपमा प्रयोग गरिएको यो निबन्धको भाषा अलि जटिल र दुर्बोध्य रहेको छ । अमूर्त र मूर्तको परिभाषा दिँदै विभिन्न उदाहरणहरू दिएर निबन्धकारले मूर्तरूपको जन्म नै अमूर्तबाट भएको हो भन्ने कुरा सिद्ध गरेका छन् । निबन्धमा अमूर्त र मूर्तताको तर्कना बडो सुन्दर छ । केही मात्रामा निबन्ध दार्शनिक पनि बनेको छ । यस निबन्धमा अमूर्त र मूर्तको परिचय दिँदै निबन्धकारले

अमूर्तबाटै मूर्तरूपको जन्म भएको र कर्ममा प्रवृत्ति भएपछि अमूर्तताले नै मानिसलाई मूर्ततातिर प्रवृत्त गराउँछ भन्ने विचारलाई प्रस्तुत गरेका छन् ।

(३) **मौन जुलुसका नाराहरूमा**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको तेइसौँ क्रममा 'मौन जुलुसका नाराहरूमा' निबन्ध रहेको छ । पृष्ठ १४९ देखि १५४ सम्म फैलिएको यो निबन्ध मझौला आयाममा संरचित छ । लामा छोटा १५ वटा अनुच्छेदमा रचित प्रस्तुत निबन्धमा निबन्धकारले अमूर्त विषयलाई समावेश गरी प्रस्तुत गरेका छन् ।

(क) **विषयवस्तु**

राजनीतिक संसारमा आकाश छेड्ने नाराहरू लाग्ने गर्दछन् । यी नाराहरूले विश्व नै थर्किएको छ । जीवन नै द्वन्द्वको उपज भएजस्तो भान हुन्छ । हामी सबै एक्स र वाइ क्रोमोजोमको संयोग हौँ । मान्छेको समाजमा क्रोमोजोमहरूको हलचल बढिरहेको छ । क्रोमोजोमहरू सबैथोक हुन्, रस पनि क्रोमोजोमहरू नै हुन् । क्रोमोजोमभित्र नवरस पनि अन्तर्भूत रहेको छ । वासना, नानाथरीका गन्ध पनि क्रोमोजोमभित्र रहेको छ । सन्तति स्नेह यिनै एक्स र वाइ क्रोमोजोमहरू बीचका आकाङ्क्षा र लहरहरू हुन् । एक्स र वाइ क्रोमोजोमहरूको संसार अनन्त छ । फ्रायडको चेतन, अर्धचेतन र अवचेतन मनस्थितिभित्र लुकिछिपेका यौन वासना, तृप्ति, कामना र लम्पट अभिसारका आख्यानहरूका आधार जगहरू पनि यिनै एक्स र वाइ क्रोमोजोमहरूकै प्रलापपूर्ण व्याख्यान थिए तथा बने । क्रोमोजोमहरूको इतिहास सृष्टिकालदेखि नै आए पनि अर्वाचीन छ । क्रोमोजोमका इतिहास सदासय थिए, वर्तमानहरू विविधता र द्वन्द्वपूर्ण छन्  र भविष्यहरू अराजकतावादी पनि बन्न सक्छन् । वी. पी. का औपन्यासिकताका केन्द्रविन्दु पनि अनेक क्रोमोजोमहरूका आख्यान उपाख्यानहरूले यौन स्वरूप रहे । त्यसैले यी क्रोमोजोमहरू मौन जुलुसका नारा लगाएर हिँडिरहेका हुन्छन् । क्रोमोजोमका स्वरूपहरू युग युगमा फेरबदल भइरहेका हुन्छन् । मान्छेमा मात्र होइन, प्राणीहरूमा समेत व्याप्त क्रोमोजमका लीलाहरू अनन्त रहेका छन् भन्दै निबन्धकारले क्रोमोजोमको परिचय दिँदै संसार नै यसै क्रोमोजोममा नै अगाडि बढिरहेको विषयलाई समावेश गरेका छन् ।

यसरी मौन जुलुसका नाराहरूले संसार व्याप्त हुन्छ । यी नाराहरू कतै गुलावी शृङ्गारपूर्ण छन् त कतै करुण पनि छन् । क्रोमोजोमले करुण, वीभत्स र रौद्र, शृङ्गार, वीर, हास्य, रूप रूप पनि धारण गर्न सक्छन् भन्दै निबन्धकारले उदारहणका साथ पुष्टि गरेका छन् । चरम सीमाको उत्सर्गमा आनन्द विभोर हुन पुगेर क्रोमोजोमका रासलीला अद्‌भुतमा पनि अद्‌भुत हुन पुग्छ । उत्तुङ्ग चुलीमा पुगेर क्रोमोजोम कान्ड शान्त हुँदा यो शान्त रसको साधना पनि बन्छ । सस्वर जुलसभन्दा मौन जुलुसका नाराहरू भयावह हुने भएकाले गाउँ, घर, सडक, सहरभरि यी मौन जुलुसका नाराहरू विविध प्रकारले मच्चिरहेका छन् । त्यसैले मौन जुलुसका नाराहरूलाई साकार पार्न सबै एक्स र वाइ क्रोमोजोमका आतुर कामातुरका प्रलाप मात्र हुन् भनेर  सबै गाउँ, सहर, सडक  र आँगनभरि प्रस्ट पार्नु पर्छ भन्ने विचारलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले अमूर्त वस्तु क्रोमोजोमको सत्यतालाई प्रस्तुत गरेका छन् । राजनीतिक संसारमा आकाश छेड्ने नाराहरूले विश्वलाई नै थर्काएको छ । त्यसैरी मान्छेको समाजमा क्रोमोजमहरूको हलचल मच्चि रहेको छ । क्रोमोजोमहरू नव रस, नाना थरीका गन्ध, सन्ततिको स्नेह आदि सबै थोक हुन् भन्दै निबन्धकारले क्रोमोजोमहरूको संसार अनन्त हुने कुरा बताएका छन् । फ्रायडका मनस्थितिभित्र लुकेका यौनवासना, तृप्ति, कामना आदि कुराहरू एक्स र वाइ क्रोमोजोमहरूकै प्रलापपूर्ण व्याख्या बनेको सन्दर्भ कोट्याउँदै निबन्धकारले परापूर्वकालदेखिको क्रोमोजोमको इतिहास भएर पनि यो नवीन छ । वी. पी. कोइरालाका आख्यान उपाख्यानहरूले पनि यौनलाई स्वरूप बनाएर क्रोमोजोमका मौन जुलुसका नाराहरू लगाएका छन् भनी बताएका छन् । क्रोमोजोमका स्वरूप अनेक हुन्छन् र मान्छेमा मात्र नभएर प्राणीहरूमा पनि क्रोमोजोमको लीला अनन्त रहेको हुन्छ भनेर बताउँदै  यो संसार नै क्रोमोजोममा अगाडि बढेको विचारलाई प्रस्तुत गरेका छन् । क्रोमोजोमरूपी मौन जुलुसका नाराहरूले संसार व्याप्त रहेको छ । यी नाराहरू नवरसले युक्त छन् भन्दै निबन्धकारले सस्वर जुलुसभन्दा पनि मौन जुलुसका नाराहरू भयावह रूपले गाउँ, घर, सडक, सहरभरि मच्चिरहेका छन् । त्यसैले मौन जुलुसका नाराहरूलाई साकार पार्न क्रोमोजोमका बारेमा सबैलाई चेतनशील बनाउनु पर्ने विचारलाई नै निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

क्रोमोजोमजस्तो अमूर्त वस्तुलाई विभिन्न उदाहरणसहित प्रस्ट पारिएको यो निबन्ध गहन खालको रहेको छ । आत्मपरक शैलीमा तार्किक एवम् व्याख्यापूर्ण भाषाशैलीमा लेखिएको यो निबन्धमा नेपाली भाषामा प्रचलित तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको उचित प्रयोग गरिएको छ । क्रियापदविहीन वाक्यहरूको प्रयोग, यौनजन्य क्रियाकलापलाई पनि श्लील भाषाले अर्थ्याएर निबन्धकारले यस निबन्धलाई रोचक बनाएका छन् । कौतुहलपूर्ण भाषाले निबन्धलाई अझ चिन्तनशील बनाएको छ । यस निबन्धमा क्रोमोजोमहरू नव रस, नाना थरीका गन्ध, सन्ततिको स्नेह आदि सबै थोक हुन् । क्रोमोजोमहरूको संसार अनन्त हुन्छ । पूर्वकालदेखिको क्रोमोजोमको इतिहास भएर पनि यो नवीन छ । क्रोमोजोमका मौन जुलुसहरूले नै संसार व्याप्त भएको छ भन्ने दार्शनिक विचारलाई नै निबन्धकारले प्रस्तुत गरेका छन् ।

यसरी अमूर्त विषयक निबन्धहरूमा निबन्धकारले अमूर्त वस्तुलाई पनि मूर्त तुल्याएर उदारहणसहित यी विषयहरूको व्याख्या, तार्किक विश्लेषणका साथ प्रस्ट पार्ने काम गरेका छन् । संसारमा यस्ता अमूर्त वस्तुले पनि संसारलाई अगाडि बढाउने काम गरेको सन्दर्भलाई उनले यी निबन्धमा पुष्टि गरेर देखाइदिएका छन् । त्यसैले यी अमूर्त विषय निबन्धहरू पनि चिन्तनको गहिराइमा पुगेर निबन्धकारले रचना गरेका छन् ।

### ४.२.५ संस्कृति विषयक निबन्धहरू

तेजेश्वरबाबु ग्वंगले विभिन्न संस्कृतिलाई विषय बनाएर निबन्धहरू रहेका छन् । उनका प्रायः यो सङ्ग्रहभन्दा अगाडिका निबन्धहरू सांस्कृतिक विषयमा आधारित रहेकाले उनी मुख्य रूपमा सांस्कृतिक निबन्धकार पनि हुन् । यस निबन्ध सङ्ग्रहमा भने उनले संस्कृतिलाई आधार बनाएर लेखिएका निबन्धहरूको सङ्ख्या भने केही कम देखिन्छ । उनका संस्कृति विषय निबन्धहरू यस प्रकार रहेका छन् :

**(१) नीलो आकाशमुनिको दशमीको टीको**

**(२) गुह्येश्वरी दर्शन**

यी निबन्धहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

(१) **नीलो आकाशमुनिको दशमीको टीको**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको बाह्रौं क्रममा रहेको छ । यो निबन्ध पृष्ठ ८५ देखि ९० सम्म फैलिएको छ । छोटा छोटा सोह्र वटा अनुच्छेदमा विस्तारित यस निबन्धमा पनि आत्मपरक शैलीलाई अँगालिएको छ । दशमीको टिकोलाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

(क) **विषयवस्तु**

राजा वीरेन्द्रको बाहुलीबाट पाएको टिकोको याद गर्दै निबन्धकार हाम्रो पूर्वीय सभ्यताअनुसार हाम्रो जिन्दगी नै टिको भन्दछन् । मान्छे जन्मेदेखि मृत्युसम्म नै टिको लगाउँछ । रातो टिकामा वात्सल्य पनि मुछिएको हुन्छ । निधारलाई आधार बनाएर लगाइने टिकोले सूर्यवंशी, चन्द्रवंशी दुवैलाई झल्काउँछ । रातोले सूर्यवंशी र सेतो टिकोले चन्द्रवंशीलाई प्रतिविम्बित गरेको छ । हामी टिको संस्कारमा हुर्केका छौं । टिकोको लागि हामी निधार फराकिलो पार्छौं । निधार फराकिलो पार्नु भनेको विवेक ब्रह्मको क्षितिज उघार्नु हो । त्यो क्षितिज उघार्न हामी प्रयत्नशील रहनुपर्छ भन्ने विचार निबन्धकारको रहेको छ ।

शृङ्गार, शुभेच्छा, कामना, उपलब्धि, संस्कार आदिको पर्याय भनेको टिकोले आत्मबोध पनि गराउँछ । विभिन्न सम्प्रदायको पनि परिचायक बन्छ । अक्षता, दही र अबिरको सम्मिश्रणबाट बनेको रातो टिकोले जीवनको प्रत्येक क्षणको महिमा गएको छ । हामीले त्यसलाई बुझ्न चाहिँ सक्नुपर्छ । टिको संस्कारजन्य प्रतीक पनि हो । आदरणीय आत्माहरूप्रतिको विश्वास पनि हो । टिकोले विगतको सांस्कृतिक परम्परालाई बोकेको छ, वर्तमान अगाडि बढाएको छ र भविष्यको टलक र झलक पनि झल्काएको छ । टिको लगाइदिँदा आफूलाई पगालिन्छ, टिकोलाई थाप्दा आफू नै पग्लिन्छ । त्यसैले टिको नै जीवन हो । तर रातो टिकालाई मात्र सजीवता र सेतो टिकालाई वैधव्यको चिनो बनाइएकामा निबन्धकार चिन्ता व्यक्त गर्दछन् । टिको त सबै हुन्छ । आफूले उत्पादन गरेका सामग्रीबाट निर्मित टिकोलाई विजया दशमीको दिन आकाशमुनि बसेर शुभकामना आदानप्रदान गर्ने माध्यम बनेको छ । यो टिको संस्कृतिको उपज हो, देन हो त्यसैले यो कहिल्यै टुट्नु हुँदैन भन्ने दृष्टिकोण निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

**(ख) भाव वा विचार**

निबन्धकारले यस निबन्धमा विजया दशमीमा लगाइने टिकोको महफ्वलाई दर्साएका छन् । सांस्कृतिक चिन्तनबाट सुरु भएको यो टिको लगाउने परम्परा परापूर्वकालदेखि नै चल्दै आएको हो । अक्षता, दही, लावा र रातो अबिर मिसाएर बनाइएको टिकोले एक अर्काप्रति आदर, सम्मान, शुभ कामना आदान प्रदान गर्ने परम्परा चलाइरहेको छ । आफ्नै पाखुराले निर्माण गरिएका सामग्रीबाट उत्पादित वस्तुबाट निर्मित टिकोले एउटा हाम्रो संस्कारलाई अगाडि बढाइरहेको छ । त्यसैले यो परम्परा सधैँ जीवत राख्नु पर्ने विचारलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

यदि हामीमा यस्ता टिको लगाउने परम्पराजस्ता सांस्कृतिक चेतनाको विचलन भयो भने हामी नै बिलाउन सक्छौँ । टिको शृङ्गार, शुभेच्छा, कामना, उपलब्धि, संस्कार आदि विभिन्न प्रतीकलाई बोकेर अगाडि बढेको छ । यही टिको संस्कृतिले नै मान्छे आज आपसमा निकट बनेको छ । त्यसैले यस्तो संस्कृतिमा कतैबाट विकृति पनि थोपार्नु हुँदैन र यस्तो संस्कृतिलाई लोप हुन दिनुको सट्टा यस्ता संस्कृतिको संरक्षण र संवर्द्धनमा सधैँ हामी जुटिरहनुपर्छ भन्ने विचारलाई नै निबन्धकारले यस निबन्धमार्फत् व्यक्त गरेका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धको भाषा सरल रहेको छ । संस्कृतका शब्दहरूको अधिक मात्रामा प्रयोग गरेर लेखिएको यो निबन्ध आत्मपरक रहेको छ । सांस्कृतिक परम्परालाई उजागर गर्न संस्कृतिसम्बन्धी शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको छ । यसरी यस निबन्धमा निबन्धकारले दसैँको टिकोलाई चिनाउँदै टिको शृङ्गार, शुभेच्छा, कामना, उपलब्धि, संस्कार आदि विविध प्रतीक बोकेर हिँडेको छ । टिको संस्कृतिले नै मान्छे आज संसारमा निकट बनेको तथ्यलाई प्रस्तुत गरेका छन् ।

**(२) गुह्येश्वर दर्शन**

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको तिसौँ क्रममा प्रस्तुत निबन्ध रहेको छ । पृष्ठ १८६ देखि १९३ सम्म फैलिएको यो निबन्ध मझौला आयाममा संरचित छ । लामा छोटा २२ वटा अनुच्छेदमा विस्तारित यो निबन्ध यस सङ्ग्रहमा सङ्कलित हुनुपूर्व **किरण** (वर्ष ४, भाद्र,

२०२४) सालमा प्रकाशित भएको पाइन्छ । गुह्येश्वरीलाई प्रस्ट पार्दै यसको दर्शनको महफ्वलाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

**(क) विषयवस्तु**

गुह्येश्वरी एउटा प्रतीकको दुलो हो, जुन हिलो र मैलो, फूल र फल, वसन्त र शरद् ऋतुको स्रोत पनि हो । पृथ्वीको आङमा बनेको विस्मयपूर्ण त्रिकोण, पर्वतीय खोँच र कापको सेपिलो जग्गाजस्तो यो गुह्येश्वरी घिन लाग्ने दुर्ग जस्तो छ । गुह्येश्वरीको मूर्त रूपरङ्ग अद्‌भुत छ । त्यही गुह्येश्वरीमा मान्छे शक्तिलाई साँचेर, सन्तोषलाई सँगालेर र स्नेह सिँचेर प्राण पखाल्छ । गुह्येश्वरी दर्शन मान्छेको लालसाको केन्द्र विन्दु रहेको छ । सृष्टि स्थिति युगदेखि अनन्तसम्म निरन्तर चलिरहेको हुन्छ । प्रत्येक यात्रुहरूले गुह्येश्वरीको दुलोबाट जल सेचन गर्छ, आचमन गर्छ, फूल सिउरिन्छ । मान्छेमा धर्मान्धिता जागेर जागेर यसो भएको हो, यदि धर्मान्धिता जगाग्ने हो भने गुह्येश्वरीको प्रसाद चोखो होइन, फोहोर बन्छ । आज चार दिवालभित्र गुह्येश्वरीको चीरहरण लीला पनि उत्तिकै मच्चिँदै गएको छ । गुह्येश्वरी दर्शनले फ्रायडलाई समेत पगाल्न सकेको थियो । यो एउटा सृष्टिको गुफा हो, सुखको मुहान हो । हिन्दू पुर्खाहरूबाट धार्मिक विश्वासमा निर्माण गरिएको वा कुँदिएको नारी अङ्गको नामकरण पाएको गुह्येश्वरी दुलो हो । अनौठो दुलो गुह्येश्वरीको त्यहीँदेखि मान्छेमा स्नेह, सरिता सलबलाउन थाल्छ । गुह्येश्वरी जीवन र मरणको दर्शृन हो । जो चोखो र फोहोर दुवै छ । गुह्येश्वरी दर्शन एउटा आत्मीयताकै स्रोत बन्दछ । यो गुह्येश्वरी अनौठो छ । प्रगाढ एउटा दार्शनिकको दर्शन जस्तै यसको महिमा पनि अपरम्पार छ । सृष्टि, स्थिति र संहार पनि बोकेको गुह्येश्वरीबाट जीवन सिँगार्न सकिन्छ भन्दै प्रतीकात्मक रूपमा गुह्येश्वरी मन्दिर र नारीको योनिको चर्चालाई नै निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले गुह्येश्वरी दर्शनको महफ्व बताउँदै नारी अङ्गका रूपमा रहेको गुप्ताङ्गलाई प्रतीकात्मक तरिकाले चिनाएका छन् । गुह्येश्वरी नारी अङ्गको प्रतीकका रूपमा रहेको छ जुन त्रिकोण तथा पर्वतीय खोँच र कापको सेपिलो जग्गाजस्तो छ । गुह्येश्वरीको मूर्त रुपरङ्ग अद्‌भुत खालको छ । गुह्येश्वरीमा मान्छे शक्तिलाई साँचेर, सन्तोषलाई सँगालेर र स्नेह सिँचेर प्राण पखाल्छ । गुह्येश्वरी दर्शन मान्छेको लालसको

केन्द्रविन्दु बनेको छ । सृष्टिको सिर्जन गर्ने यो गुह्येश्वरीको दुलोबाट मान्छे जल सेचन गरिरहेको छ । घिनलाग्दो त्यस दुलोबाट मान्छेहरूले पानी सेचन गर्नुको मूल कारण भनेको धर्मप्रतिको अन्ध आस्था हो । यदि मानिसमा धर्मप्रति यस्तो आस्था नभएको भए गुह्येश्वरी धर्मको स्रोत नभएर घिनलाग्दो स्थल हुन पुग्थ्यो । यही गुह्येश्वरीले आज चार दिवालभित्र कैयौँ चीरहरण लीलालाई पनि मच्चाउन सफल भएको छ । यही गुह्येश्वरीको दर्शन गर्न मान्छेका जीवनका कुप्रवृत्ति पनि बढिरहेका छन् । यही गुह्येश्वरीले फ्रायडलाई पनि पगाल्न सामर्थ्य भएको थियो । त्यसैले यसको महिमा अपरम्पार छ । यो एउटा सृष्टिको गुफा हो, सुखको सुन्दर मुहान हो । हिन्दू पुर्खाहरुबाट निर्मित यो गुह्येश्वरीबाट नै संसारको सृष्टिको निरन्तरता बढिरहेको विचार व्यक्त गर्दै निबन्धकारले प्रतीकात्मक रूपमा नारीको यौनाङ्गबारे विश्लेषण गरेका छन् । गुह्येश्वरीको दार्शनिक दृष्टिकोणलाई अनुभूतिका रूपमा व्यक्त गर्नु नै यस निबन्धको मूल भाव हो ।

**(ग) भाषाशैली**

प्रतीकात्मक रूपमा लेखिएको यो निबन्ध यौनजन्य क्रियाहरूका शब्दहरुको प्रयोग गरेर लेखिएको छ । यौनजन्य अश्लील क्रियाहरुको वर्णन पनि निबन्धकारले बढो सरल र सुन्दर ढङ्गबाट गरेका छन् । संस्कृतका शब्दहरुको अधिक मात्रामा प्रयोग गरिएको यो निबन्ध वस्तुपरक शैलीमा लेखिएको छ । तार्किक एवम् विश्लेषणयुक्त भाषाशैलीले निबन्धलाई प्रभावकारी बनाएको छ । यस निबन्धमा गुह्येश्वरीलाई चिनाउँदै निबन्धकारले यो गुह्येश्वरी सृष्टिको गुफा, सुखको सुन्दर मुहान हो, यसैबाट सृष्टिको निरन्तरता चलिहरको विचार व्यक्त गर्दै प्रतीकात्मक रूपमा नारीको यौनाङ्गबारे विश्लेषण गरेका छन् ।

यसरी ग्वंग:ले यस सङ्ग्रहका निबन्धहरूमध्ये दुईटा निबन्धमा मात्र सांस्कृतिक विषयलाई झल्काएका छन् । मूलतः उनी सांस्कृतिक निबन्धकार भए तापनि यस सङ्ग्रहका अधिकांश निबन्धहरूमा उनका आफ्ना विचारहरूलाई प्रस्तुत गरिएको छ । आंशिक रूपमा सांस्कृतिक छटाहरू विचारात्मक निबन्धहरूमा पनि झल्काएका उनले यी निबन्धहरूमा भने संस्कृतिलाई उजागर गर्ने काम गरेका छन् ।

**४.२.६ पहिरन विषयक निबन्धहरू**

पहिरनलाई आधार बनाएर निबन्धकारले समाजका विकृतिहरूलाई देखाउने प्रवृत्ति पनि अँगालेको पाइन्छ । यस्तो प्रवृत्तिलाई अँगालेर निबन्धकारले यस सङ्ग्रहमा एउटा मात्र निबन्ध

'ल्याम्स उल् स्वेटर' निबन्ध रचना गरेका छन् । यस निबन्धको विश्लेषण निम्नानुसार गरिएको छ :

(१) **ल्याम्स्-उल-स्वेटर**

यस सङ्ग्रहको अठारौँ क्रममा रहेको यो निबन्ध रहेको छ । यो निबन्ध यस सङ्ग्रहमा सङ्गृहीत हुनु पूर्व २०३१ सालको माघको **रूपरेखा** वर्ष १५, अङ्क ९, पूर्णाङ्क १६५ मा प्रकाशित भएको देखिन्छ । ३ पृष्ठ ६ वटा अनुच्छेदहरूमा विस्तारित यो निबन्ध लघु संरचनामा संरचित भएको छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धले निबन्धकारको उनी स्वेटरको निजात्मक अनुभूतिलाई व्यक्त गरेकाले यसको प्रस्तुतीकरण प्रथम पुरुष दृष्टिविन्दुमा भएको छ । तीन अङ्ग्रेजी शब्दहरूमा शीर्षक राखिएको यो निबन्ध हास्यव्यङ्ग्यात्मक कोटिमै पर्दछ ।

आफूले निकै वर्ष लगाएको ल्याम्स्-उल-स्वेटर आफूलाई औधी मन परेको थियो । किन मन पराए भन्ने कुरा भने आफूलाई थाहा छैन । खरानी र रातो रङ यस स्वेटरमा मिसिएको छ । रक्ती, आगो, युद्ध, सङ्घर्ष, झुल्के घाम आदिको रङ पनि रातो हुने र यस स्वेटरको पनि रातो भएकाले यो निकै राम्रो थियो । अन्धकारलाई नास्ने सूर्य र काँचोलाई पकाउने आगाको राप पनि रातो हुनाले यसको महफ्व अझ बढेको थियो । त्यसरी नै स्वेटरको पहेँलो भागलाई उनले शान्तिको स्वरूप मानेका छन् । बारीको साग पहेँलो भएपछि त्यागेझैँ पहेँलो त्यागको प्रतीक हो । सेतो चाहिँ स्वच्छ परिवेशमा जीवन धान्नु हो । स्वेटरमा खरानी रंग पनि भएकाले खरानी रंगले आफ्ना पितृहरूको सम्झना हुन्छ । आगोको अन्त पनि खरानीमा हुन्छ । खरानी भन्नु नै विभूति हो । महादेव नै विभूति योगमा वशीभूत परमात्मा हुन् । विभूतिले राप र शीतबाट जोगाउँछ भन्दै पाठे स्वेटर नै आफूले मन पराउनुको मूल कारण हो भनी प्रस्तुत गरेका छन् ।

चारपाँच हिउँद लगाइसकेको यो पाठे स्वेटरको मोहमा आफू भैँडो बन्न पुगेछु र मेरो सम्पूर्ण परिवेश नै भेडिएर वाल्ल र जिल्ल जीवन बिताउन पुगेको सन्दर्भलाई निबन्धकारले जोडेका छन् । भेडाको उनबाट बनेको यो पाठे स्वेटर पनि भेडै भएको छ । आजसम्म यही भेडो ओढेको रहेछु । मान्छेको अस्तित्व नै भेडामा सीमित भएको छ भन्दै भेडाको स्वेटरको प्रतीकका माध्यमबाट निबन्धकारले मान्छेका जीवनका विकृतिहरूलाई पनि विषयवस्तु बनाएर दर्साएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा निबन्धकारले नेपाली समाज र राष्ट्रमा देखापरेका केही विसङ्गतिमाथि कटाक्ष गर्दै व्यङ्ग्य प्रस्तुत गरेका छन् । यसमा निबन्धकारले आफूले लगाउने गरेको पाठाको ऊनको स्वेटरको अनौठो अनुभूतिको चर्चा गर्दै समाजमा बढ्दै गएको भेडोपन र बुद्धिजीवीलाई भेडो सम्झने प्रवृत्ति एवम् अमूर्त लेखनमा पाइने कमजोरीलाई कोमल ढङ्गमा व्यङ्ग्य गरेका छन् । यो यस्ता सामाजिक तथा राष्ट्रिय प्रवृत्तिमाथि आक्रामक नबनी गम्भीर ढङ्गमा प्रस्तुत भई आत्मव्यङ्ग्यका माध्यमले सामाजिक राष्ट्रिय परिवेशका कुसंस्कारमाथि वज्रप्रहार गर्ने एक सुन्दर तथा कलात्मक निबन्ध बनेको छ । मान्छेले आफ्नो स्वभाव र व्यवहार पनि भेडाको जस्तै बनाएको गएकामा निबन्धकार चिन्ता प्रकट गर्दछन् । यसरी सामाजिक विकृतिको चिरफार गर्दै निबन्धकारले आफ्ना निजी अनुभूतिलाई यस निबन्धका विचारका रूपमा प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यो निबन्धमा सरल र प्रवाहमय भाषाको प्रयोग गरिएको छ । निबन्धमा आत्मव्यङ्ग्यात्मक शैली पनि अँगालिएको छ । यसमा कतै कतै नेवारी भाषाका शब्दहरूको प्रयोग पनि गरिएको छ । निबन्धमा प्रतीकात्मक रूपले पहिरनको विषयलाई उठाउँदै सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेर समाजको अग्रगतिको चाहना व्यक्त गरेका छन् । यो यस सङ्ग्रहको एक मात्र पहिरनलाई आधार बनाएर लेखिएको निबन्ध हो । यस निबन्धमा निबन्धकारले आफूले लगाउने पाठे स्वेटरको चर्चा गर्दै वर्तमान समयमा मान्छे भैँडो भन्दै गएको अवस्थाप्रति व्यङ्ग्य गरेका छन् ।

## ४.२.७ व्यक्ति विषयक निबन्धहरू

**(१) महात्मा गान्धीको सम्झनामा**

यो निबन्ध यस सङ्ग्रहको तेत्तीसौँ क्रममा रहेको छ । ४ पृष्ठमा रचना गरिएको यस निबन्धमा महात्मा गान्धीको जीवनलाई विषयवस्तु बनाइएको छ ।

**(क) विषयवस्तु**

मोहनदास कमरचन्द्र गान्धी महात्मा गान्धीको पूर्ण नाम हो । उनी हरेक प्राणीमा माया गर्न सक्थे । उनी सबैका सेवक बन्न चाहन्थे । त्यसैले उनले भारतबासीको मन जित्न सके । बेलायतीहरूको मन पगाले । उनी कर्मशील व्यक्ति थिए । उनको बोली सरस थियो ।

ओठभरिको मुस्कान, धोतीको पहिरन, सुकोमल शरीर, सुन्दर आकृति उनका शारीरिक विशिष्टता थिए । उनका भावनाहरू कमल जस्तै सुन्दर थिए । आज हरेक मान्छेको शिर उनको प्रतिमा अगाडि आफैँ नुहिन्छ भनेर वर्णन गरिएको छ ।

गुजरातमा जन्मिएर विश्वमा नै प्रभाव जमाउन सफल गान्धी स्वावलम्बी थिए । उनमा अवस्थित विशिष्ट स्वभाव र व्यवहारले नै उनी युग जीवनी बने । नाथुराम गोड्सेले गोली हानेर गान्धीलाई मारे तापनि उनी आज अमर रहेका छन् । उनले आज पनि हरेक विश्वका मानवको हृदय पगालिरहेका छन् । उनी सधैँ लौरो लिएर हिँड्थे । लौरो उनको आत्मनिर्भताको प्रतीक हो । हरेक मान्छेलाई उनको सरल स्वभावले आकर्षण गरेको छ । गान्धी सरल जीवन उच्च विचार राख्ने व्यक्ति थिए । गान्धीको महात्माको स्वनामधन्य परिचय हामी सबैले बनाउनु पर्छ । उनी निर्भीक र निडर खालका व्यक्ति थिए । उनले बेलायतको गोलमेच बैठक बहिस्कार, बेलायती भोजमा आफ्नो पहिरन लाएर गरेको प्रवेश, बेलायती भोज, अङ्ग्रेजी सुट र टाईप्रतिको घृणा आदि कार्यबाट उनले दर्साएको देशप्रेम आदिको वर्णन यस निबन्धमा गरिएको छ । अन्त्यमा मानव ज्योतिका रूपमा देखिएका उनी सज्जन हृदय भर्ने प्रेरणा जगाउन आउनेछन् भन्दै निबन्धकारले आशावादी स्वर प्रस्तुत गर्दै निबन्ध टुङ्ग्याएका छन् ।

**(ख) भाव वा विचार**

यसरी यस निबन्धमा निबन्धकारले महात्मा गान्धीको जीवन र दर्शनको सम्झना गरेका छन् । गान्धी स्वतन्त्रताका पुञ्ज, अरुको मन जित्न सक्ने, कर्मशील, सरस वाणी, सुकोमल सुन्दर आकृति, विनयी स्वभाव, शान्त विचार, दृढ अठोट, स्वावलम्बी, धैर्य र त्यागी आदि विशेषताहरूले भरिएका एक उच्च एसियाली व्यक्ति हुन् । उनी सरल जीवन र उच्च विचारका एक आदर्श हुन् । गान्धी मान्छेको दृढतासाथ चालेको परिवर्तनकारी एउटै पाइलाले पनि सयौँ कोसको यात्रा तय गरिदिन्छ भन्ने दूरदर्शी र अहिंसावादी आन्दोलनका महान् योद्धा हुन् । उनी विचार पुञ्जका मानवज्योति र आचरणका उच्चतम परिपालक हुन् । उनका जीवनका यी विशेष सद्गुणहरूले नेपाली धर्ती र मानसिकतामा नयाँ ज्याति सल्लाउन सकून् भन्ने कामना निबन्धकारले यस निबन्धमा गरेका छन्

**(ग) भाषाशैली**

सरल र सहज भाषाको प्रयोग रहेको यस निबन्धमा महात्मा गान्धीका विचारहरू, उनको व्यक्तित्वलाई अत्यन्त सशक्त ढङ्गमा प्रस्तुत गरिएको छ । गान्धीप्रतिको श्रद्धाभावलाई निबन्धकारले आत्मपरक शैलीमा निबन्ध प्रस्तुत गरेका छन् । प्रस्तुत निबन्धमा निबन्धकारले

महात्मा गान्धीको जीवनवृत्ति केलाउँदै उनी आदर्श महापुरुष भएकाले उनको जीवनबाट हामीले प्रेरणा लिएर अगाडि बढ्नु पर्ने विचार व्यक्त गरेका छन् ।

(२) **राजा ! यो बत्ती त औधी उज्यालो**

प्रस्तुत निबन्ध **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहको एक्काइसौँ क्रममा रहेको छ । पृष्ठ १४० देखि १४४ सम्म विस्तारित यो निबन्ध आयामका आधारमा छोटो नै रहेको छ । छोटा छोटा तेह्र वटा अनुच्छेदमा संरचित यस निबन्धमा निबन्धकारले आफ्नी आमालाई निबन्धको विषयवस्तु बनाएका छन् ।

(क) **विषयवस्तु**

आमाको कण्ठबाट प्रस्फुटन भएको राजा ! यो बत्ती त ज्यादै उज्यालो शब्द बाह्र वर्षपछि स्मरण गर्दै यो निबन्ध लेखिरहेको छु भन्दै निबन्ध प्रारम्भ भएको छ । मेरी आमाले मलाई नै औधी उज्यालो बत्ती देखेर यसो भनेको हुन सक्छ तर आज आमा केवल मेरो हृदयबाहेक अरु कतै छैनन् । जिउँदा कष्टप्रद जीवन दिएर मेरी आमा यस लोकबाट बिदा भएकी थिइन्, आज तिनै आमालाई स्मरण गर्दा आफू द्रवीभूत भएको कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

मरेर गए तापनि मेरी आमा मेरो जीवनलोकमा अमर रहेकी छिन् । आमाको जीवन तफ्व सन्ततिमा आत्मसात् भएरै मानिसमा स्नेह र सद्भावना टुसाएको हुन्छ । प्रत्येक जीवनमा मातृअंशको कोपिला पलाएको हुन्छ । बाँचुन्चेल आमाप्रति माया नगर्ने तर मरेपछि पीठोको डल्लो र तिल लिएर आमालाई स्मरण गर्ने परम्पराप्रति निबन्धकार सहमत छैनन् । हामीले उदारतापूर्वक माटोको सेवा गर्नुपर्छ । यही नै जिउँदो जीवनको कार्य हो । जीवन राग, रास र कर्मयोगको वरदान हो । जीवनमा हाँस्न सक्नु नै यसको उपदेयता हो । कृष्णको कर्मयोगले पनि यही सिकाएको छ भन्दै हामीले कर्ममा विश्वास राख्नुपर्छ भन्ने भावलाई विषयवस्तुका रूपमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

माटो र मानिसको सेवामा नै आमाको महान् आकाङ्क्षामा बल पुगी उनलाई शान्ति र सुख मिल्ने कुरा निबन्धकार बताउँछन् । छोरो भएर सबैलाई सुखानुभूति दिन सक्नुपर्छ । माटो र मानिसको सेवामा लागेर बगेको पसिनाले आमाप्रति श्रद्धाञ्जलि दिन सक्नुपर्छ अनि मात्र एउटा छोराको कर्तव्य पूरा हुन्छ । मेरी आमाले म गर्भमा रहँदा कति सपना बटुलेकी थिइन् होला,

यसैकारण मेरी आमाका ती सपनालाई साकार बनाएर आफू बाँचिरहने कुरा पनि निबन्धकार बताउँछन् । आफूभित्रको भएको विश्वास नै आमाबाट पाएको आभा हो । राजा ! यो बत्ती त औधी उज्यालो वाक्यांशले नै देशलाई सिँगारिरहेको छ । मसित बोलेकी मेरी आमाको अन्तिम कण्ठको नाद अब देशको नाद जस्तै लागिरहेछ भन्दै सम्पूर्ण छोराहरूले आफ्नी आमाका सपनाहरू पूरा गर्नुपर्ने विचारलाई नै उनले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्ध आफ्नी आमाको अन्तिम वाक्यलाई स्मरण गर्दै आफ्नी आमाको सम्झना गरेर आमाप्रति छोराले गर्नुपर्ने कर्तव्यलाई निबन्धकारले प्रस्तुत गरेका छन् । जिउँदै हुँदा अनेक कष्ट दिएर मरेपछि पिण्डदान दिएर स्वर्ग पुऱ्याउने कपोलकल्पितमा विश्वास गरेको देखेर निबन्धकार चिन्ता प्रकट गर्दै छोरा भएर जन्मेपछि आफ्नी आमाको सेवा सुश्रूषा जिउँदै गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गर्दछन् । हरेक सन्ततिमा मातृअंशको कोपिला पलाएको हुन्छ । प्रत्येक आत्माले आमाको स्वच्छ र सुन्दर सपनाको साकार रूप मानेर अगाडि बढ्नुपर्छ । जीवन सुन्दरमय र कर्मयोगको वरदान सम्झेर आफ्नी आमाले गर्भमा राख्दा उठेका सपनालाई साकार पार्न प्रत्येक छोराले आफ्नो माटोको सेवा गर्नुपर्छ । परोपकार गर्नुपर्छ । आमाहरू आफ्ना छोराहरू प्रतापी, यशस्वी, कीर्तिशाली बनून् भन्ने चाहन्छिन्, त्यसैले यस्तै बन्न हामीले प्रत्येक कर्महरूमा सफल पाउनका लागि आत्मविश्वास र योगदान दिनुपर्छ । यसैले आमाको आकाङ्क्षामा बल पुग्दा र उनलाई शान्ति एवम् सुख मिल्छ भन्ने विचारलाई निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

आत्मपरक शैलीमा लेखिएको यो निबन्ध सरल भाषामा लेखिएको छ । छोराले गर्नुपर्ने कर्तव्य र आमाप्रतिको श्रद्धालाई जगाउँदै निबन्धकारले सहज भाषामा देशप्रेमको भावनालाई पनि व्यक्त गरेका छन् । नेपालीमा भाषामा प्रचलित तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग गरिएको यस निबन्धमा तत्समजन्य शब्दहरूको मात्रा नै अधिक प्रयोग गरिएको छ । विभिन्न सांस्कृतिक प्रतीकहरूको प्रयोगले निबन्ध अझ रोचक बनेको छ । यस निबन्धमा निबन्धकारले आफ्नी आमाप्रति विश्वास राखेर देशप्रेम झल्काउन सकेमा मात्र हाम्रो जीवन धन्य बन्ने विचारलाई प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहका निबन्धहरूमध्ये व्यक्तिलाई नै विषय बनाएर लेखिएका निबन्ध सङ्ख्यात्मक रूपमा कमै देखिएका छन् । उनका दुई वटा निबन्धहरू मात्र व्यक्तिकेन्द्री रहेका छन् । तीमध्ये एउटा निबन्धमा महात्मा गान्धीलाई विषय बनाइएको छ भने अर्को निबन्ध आफ्नै आमालाई विषय बनाइएको छ । मान्छे मरेर गए पनि उनीहरूले समाजमा फैलाएको दर्शन, विचार आदिलाई हामीले ग्रहण गर्न सकेको खण्डमा हाम्रो जीवन पनि सफल हुन्छ भन्दै निबन्धकारले यी व्यक्तिहरूको महिमा गाएका छन् ।

## ४.३ निष्कर्ष

**अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहमा जम्मा ३४ वटा निबन्धहरू सङ्कलित रहेका छन् । सङ्ग्रहमा समावेश निबन्धहरू विविध विषयमा रचना गरिएका छन् । नवीनता र विविधतालाई अँगालेर रचना गरिएका यी निबन्धहरूमा निबन्धकारले विभिन्न विषयप्रति आफ्नो दृष्टिकोण वा विचार व्यक्त गर्ने काम गरेका छन् । खास गरी यस सङ्ग्रहका निबन्धहरूलाई विषयगत रूपमा सात प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ । निबन्धकला एउटा सौन्दर्यको उपासना हो भन्ने सृजनाधर्मलाई निबन्धकारले राम्ररी बुझेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा विभिन्न सांस्कृतिक विम्ब, प्रतीकका माध्यमबाट निबन्धकारले हाम्रा परम्परा, विश्वास, मूल्य, मान्यता, जीवनपद्धतिजस्ता कुराहरूलाई अवलोकन गरेर जीवनको शाश्वत मूल्य र सत्यको उद्घाटन गरेका छन् । कुनै पनि विषयलाई टिपेर त्यसको सेरोफेरोमा आफ्ना तर्कशील, कल्पनाशील, भावुक तथा प्रतीक बिम्बको गूढ अर्थ खोज्ने नयाँ निबन्ध लेखनको निजात्मक शैलीको विकास गर्नु उनको निबन्ध लेखनको महत्तम उपलब्धि हो । निबन्धकारले निबन्धगत शैली, संरचना, शिल्प प्रविधि आदिमा प्रौढता र कलात्मकताको प्रशस्त प्रयोग गरेका छन् । बौद्धिकता, भावात्मकता, शालीनता र सरसता जस्ता भाषाको प्रयोग उनको निबन्धात्मक लेखनको मूल प्रवत्ति हो । यी निबन्धहरूका माध्यमबाट उनले जीवन र समाजलाई गम्भीर रूपले चिनाउन सफल भएका छन् । दार्शनिक विषयलाई पनि छोटा छोटा वाक्य, क्रियापद विहीन वाक्यबाट अर्थ्याउन सक्नु तेजेश्वरको निबन्धगत अर्को प्रवृत्ति हो ।

समग्रमा तेजेश्वर ग्वंगः एक चिन्तनशील निबन्धकार हुन् । अनेक विषयमा कलम चलाउने उनले आफूले छानेको विषयलाई उदारहणका साथ सकेसम्म प्रस्ट पार्ने काम गरेका छन् । नेपाली संस्कारको संरक्षण र संवर्धनमा नेपालीहरूले महफ्वपूर्ण योगदान दिनुपर्ने धारणा

समेत उनका निबन्धमा व्यक्त भएको छ। जाति, समाज, राष्ट्र, मानवताको उन्नति र आन्तरिक स्वर उनका निबन्धहरूमा अटुट रूपमा प्रवाहित भइरहेको छ । गहनता, चिन्तनशीलता र काव्यात्मकता जस्ता शैलीलाई अँगालेर लेखिएको उनका निबन्धहरू छोटा छोटा वाक्यहरूमा रचित छन् । आलङ्कारिक पदक्रमको ढाँचा, अभिव्यक्तिगत विशिष्टता, हास्यात्मक एवम् व्यङ्ग्यात्मक भाषाको प्रयोग, नेपाली भाषामा प्रचलित तत्सम, तद्भव र आगन्तुक तिनै थरी शब्दहरुको प्रयोग गर्ने निबन्धकार तेजेश्वरका निबन्धहरू प्रायः मझौला आकारका रहेका छन् । प्रथम पुरुष एवम् तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएका उनका निबन्धहरूमा प्रायः प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यी विविध विशेषताहरूले गर्दा तेजेश्वर ग्वंगः नेपाली निबन्ध साहित्यमा सदासर्वदा जीवित, अविस्मरणीय र कालजयी रहिरहने छन् । उनको निबन्ध यात्रा अझैं टुङ्गिएको छैन । उनको निबन्ध लेखन कला, अर्थपेक्षण गर्न सक्ने सहजपन र कल्पनाको उचाइले उनी देवकोटाका एक सक्षम उत्तराधिकारीका रूपमा चिनिएका छन् भन्दा अत्युक्ति नहोला । ग्वंगः नेपाली साहित्यका एक राष्ट्रिय स्तरका प्रथम श्रेणीका निबन्धकारका रूपमा चिनिँदै आएका छन् र भविष्यमा पनि चिनिने छन् ।

# पाँचौं परिच्छेद

## उपसंहार

**पहिलो परिच्छेद** अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**मा तेजेश्वरबाबु ग्वंगःको साहित्यिक जीवनी व्यक्तित्वको परिचय दिइएको छ । तेजेश्वरबाबु ग्वंगःको जन्म वि. सं. १९९२ कार्तिक कृष्ण द्वादशीका दिन वाग्मती अञ्चलअन्तर्गत भक्तपुर जिल्लाको वज्रखाल खौमा टोलमा भएको हो । पिता निरञ्जनलाल ग्वंगः र माता शारदादेवी मल्लका यिनी जेठा छोरा हुन् । यिनको बाल्यकाल जन्मस्थानकै स्थानहरूको वातावरणसँग खेल्दै बितेको देखिन्छ । यिनले भक्तपुरको श्री पद्म स्कुलबाट अध्ययन गर्न सुरु गरेका थिए । २०१० सालमा एसएलसी गरेका उनले केही समय शिक्षण गरे । २०१७ सालमा आई. ए. उत्तीर्ण गरेका ग्वंगःले स्नातक तह भने प्राइवेट रूपमा उत्तीर्ण गरे । विभिन्न बाधा र अड्चनहरुसँग जुध्दै उनको उच्च शिक्षाको यात्रा सुस्तरी अगाडि बढेको पाइन्छ । उनले अमेरिकाको मेसिगन स्टेट युनिभर्सिटीबाट प्रौढ तथा निरन्तर  तथा सांस्कृतिक नृतफ्वशास्त्र विषयमा वि. सं. २०३७ मा एम्. ए. उत्तीर्ण गरेका थिए ।

अत्यन्त सरल र मिजासिलो स्वभावका तेजेश्वरबाबु ग्वंगः इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । उनी कार्यक्षेत्रका दृष्टिले मुख्यतः प्रशासनिक क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् । २०१७ सालबाट सरकारी जागिर खान लागेका उनले झन्डै जीवनको ३४ वर्ष नेपाल सरकारको प्रशासनिक पदमा रहेर कार्य गरेका थिए ।

निम्न मध्यम वर्गीय जीवन बिताइ रहेका ग्वंगःले २०२४ सालमा ध्रुवेश्वरी कायस्थसँग विवाह गरी दाम्पत्य जीवनको सुरुवात गरेका थिए । ग्वंगःका परिवारमा जम्मा पाँच जना सदस्यहरू रहेका छन् । उनले २०१० देखि निबन्ध लेखनको प्रारम्भ गरेका हुन् । उनी कवि तथा

निबन्धकार भए पनि उनको निबन्धकार व्यक्तित्व सबैभन्दा सशक्त रूपमा रहेको छ । उनले नेपाली, नेवारी र अङ्ग्रेजी तिनै भाषामा निबन्धहरूको रचना गरेका छन् । उनका हालसम्म नेपाली भाषामा **संस्कृतिका आयाम** (२०५२) र **अवकाशपछिको आकाश** (२०६७) गरी दुई वटा निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् भने नेवारी भाषामा लेखिएका निबन्ध सङ्ग्रह **संस्कृतिया पलँ** (ने. सं. ११११९) प्रकाशित छ । उनका अङ्ग्रेजी भाषामा लेखिएका निबन्धहरू पनि विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् ।

तेजेश्वरबाबु ग्वंगःका व्यक्तित्व विभिन्न क्षेत्रमा फैलिएको पाइन्छ । उनको व्यक्तित्व शिक्षक-प्रशिक्षक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, सांस्कृतित्वक व्यक्तित्व, बौद्धिक व्यक्तित्व, साहित्यकार व्यक्तित्व, जागिरे व्यक्तित्व, सङ्गठक/संस्थापक व्यक्तित्व, धार्मिक व्यक्तित्व तथा अनुवादक व्यक्तित्व शीर्षकमा अध्ययन गरिएको छ ।

**तेस्रो परिच्छेद** अन्तर्गत तेजेश्वरबाबु ग्वंगंको रचना धर्मिताको अध्ययन गरिएको छ । सर्वप्रथम निबन्धको पूर्वीय र पाश्चात्य दृष्टिकोणको सङ्क्षिप्त परिचय दिई निबन्धका आधुनिक प्रकारहरूका बारेमा चर्चा गरिएको छ । निबन्ध श्रव्य काव्यअर्न्ततका विभिन्न विधामध्ये एक हो । पूर्वीय साहित्यमा निबन्धको विधागत स्वरूप भेटिंदैन । विधागत अस्तित्व नभए पनि विभिन्न गद्यात्मक साहित्यिक ग्रन्थहरूमा निबन्धको संरचना भने भेट्न सकिन्छ । दण्डीको **दशकुमार चरित्र**, वाणभट्टको **कादम्बरी**का साथै पछिल्लो समयमा देखापरेका विभिन्न अर्थटीका, व्याख्या तथा भाष्यहरूमा यसको असचेत प्रयोग अंश लुकेको भेटिन्छ ।

पाश्चात्य साहित्यमा जब फ्रान्सेली साहित्यकार मोन्तेनद्वारा सोह्रौं शताब्दीको अन्त्यतिर स्थापित निबन्ध विधाले विस्तारै क्षेत्रगत विस्तार हाँसिल गरेको पाइन्छ । उनले निबन्धलाई आत्मप्रतिपादन र अहम्ताको अभिव्यक्ति मानेका छन् । यसबाट निबन्धमा वैयक्तिकता र भावनात्मकताले स्थान पाउँछ भन्न सकिन्छ । उनको 'मेरो निबन्धको विषय मै हुँ' भन्ने अभिव्यक्तिले निबन्ध आत्मपरक शैलीमा अभिव्यक्त हुन्छ भन्न सकिन्छ ।

बेलायतका निबन्धकार बेकनको साहित्यिक उपस्थितिपछि निबन्ध वस्तुपरक ढङ्गको पनि देखिन थाल्यो । उनले निबन्धलाई 'विकीर्ण चिन्तन' मानेका छन् । उनका निबन्धहरू तथ्यपूर्ण र ठोस अभिव्यक्तिमा केन्द्रित देखिन्छन् जसको प्रस्तुति तृतीयपुरुष दृष्टिकेन्द्री देखिन्छ ।

तृतीय पुरुषमा अभिव्यक्त रचनामा स्रष्टाको आत्माको उद्‌गार प्रस्तुत हुन सक्दैन, विषयवस्तुहरू चिन्तनप्रधान हुन्छन्, भावनाले भन्दा विचारले प्रश्रय पाएका हुन्छन् । यसैले यस्तो प्रस्तुतिमा अभिव्यक्त बेकनका रचनालाई पछिल्लो समयमा निबन्धको पूर्ण परिभाषामा भन्दा प्रबन्धमा राखिएको पाइन्छ । यसरी विकसित निबन्धले विभिन्न देशमा विस्तारित हुने क्रममा नेपाली साहित्यमा १९ औं शताब्दीमा आएर प्रवेश पायो ।

निबन्धहरू विषय, ग्रहण र प्रस्तुतिका आधारमा तीन प्रकारका मानिएका छन् । आत्मपरक, वस्तुपरक र मिश्रित । आत्मपरक अन्तर्गत विचारात्मक, भावनात्मक, वैयक्तिक उपभेद पर्दछन् भने वस्तुपरकलाई पनि विभिन्न उपविधामा बाँड्न सकिन्छ । आधुनिक निबन्धका तफ्वहरूअन्तर्गत विषयवस्तु, भाषाशैली र उद्देश्यको चर्चा समेत यस परिच्छेदमा गरिएको छ । यसै परिच्छेदमा नेपाली निबन्धको विकास प्रक्रियाको पनि अध्ययन गरिएको छ । १८३१ सालबाट नेपाली निबन्धको थालनी भएको निबन्ध साहित्य लेखन आजसम्म निरन्तर अगाडि बढिरहेको छ । १८३१ देखि १९५७ समयको समयावधिलाई प्राथमिक काल, १९५८ देखि १९९० सम्मको समयावधिलाई माध्यमिक काल र १९९१ देखि हालसम्मको समयावधिलाई आधुनिक कालमा विभाजन गरी अध्ययन गरिएको छ । आधुनिक काल अन्तर्गत पनि १९९१ देखि २००३ सम्मको समयलाई पहिलो चरण, २००४ सालदेखि २०१६ सम्म दोस्रो चरण, २०१७ देखि २०३५ सम्म तेस्रो चरण र २०३६ देखि हालसम्म चौथो चरणका रूपमा विभाजन गरी अध्ययन गरिएको छ । तेजेश्वरबाबु ग्वंगः आधुनिक नेपाली निबन्ध यात्राको चौथो चरणअन्तर्गत रहेर निबन्ध लेख्ने निबन्धकार हुन् । उनी खास गरी सांस्कृतिक निबन्धकारका रूपमा आधुनिक नेपाली निबन्ध यात्राका क्रममा देखिएका छन्  वि.सं. २०३६ पछिको नेपाली निबन्धको समसामयिक चरणमा सांस्कृतिक विश्लेषकका रूपमा ग्वंगःले आफूलाई सशक्तताका साथ उभ्याएका छन् ।

**चौथो परिच्छेद** अन्तर्गत **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको अध्ययन गरिएको छ । **अवकाशपछिको आकाश** निबन्ध सङ्ग्रहमा जम्मा ३४ वटा निबन्धहरू सङ्कलित रहेका छन् । सङ्ग्रहमा समावेश निबन्धहरू विविध विषयमा रचना गरिएका छन् । नवीनता र विविधतालाई अँगालेर रचना गरिएका यी निबन्धहरूमा निबन्धकारले विभिन्न विषयप्रति आफ्नो दृष्टिकोण वा विचार व्यक्त गर्ने काम गरेका छन् । खास गरी यस सङ्ग्रहका

निबन्धहरूलाई विषयगत रूपमा सात प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ । निबन्धकला एउटा सौन्दर्यको उपासना हो भन्ने सृजनाधर्मलाई निबन्धकारले राम्ररी बुझेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा विभिन्न सांस्कृतिक विम्ब, प्रतीकका माध्यमबाट निबन्धकारले हाम्रा परम्परा, विश्वास, मूल्य, मान्यता, जीवनपद्धतिजस्ता कुराहरूलाई अवलोकन गरेर जीवनको शाश्वत मूल्य र सत्यको उद्घाटन गरेका छन् । कुनै पनि विषयलाई टिपेर त्यसको सेरोफेरोमा आफ्ना तर्कशील, कल्पनाशील, भावुक तथा प्रतीक बिम्बको गूढ अर्थ खोज्ने नयाँ निबन्ध लेखनको निजात्मक शैलीको विकास गर्नु उनको निबन्ध लेखनको महत्तम उपलब्धि हो । निबन्धकारले  निबन्धगत शैली, संरचना, शिल्प प्रविधि आदिमा प्रौढता र कलात्मकताको प्रशस्त प्रयोग गरेका छन् । बौद्धिकता, भावात्मकता, शालीनता र सरसता जस्ता भाषाको प्रयोग उनको निबन्धात्मक लेखनको मूल प्रवत्ति हो । यी निबन्धहरूका माध्यमबाट उनले जीवन र समाजलाई गम्भीर रूपले चिनाउन सफल भएका छन् । दार्शनिक विषयलाई पनि छोटा छोटा वाक्य, क्रियापद विहीन वाक्यबाट अर्थ्याउन सक्नु तेजेश्वरको निबन्धगत अर्को प्रवृत्ति हो ।

समग्रमा तेजेश्वर ग्वंगः एक चिन्तनशील निबन्धकार हुन् । अनेक विषयमा कलम चलाउने उनी आफूले छानेको विषयलाई उदारहणका साथ सकेसम्म प्रस्ट पार्ने काम गरेका छन् । नेपाली संस्कारको संरक्षण र संवर्धनमा नेपालीहरूले महफ्वपूर्ण योगदान दिनुपर्ने धारणा समेत उनका निबन्धमा व्यक्त भएको छ । जाति, समाज, राष्ट्र, मानवताको उन्नति र आन्तरिक स्वर उनका निबन्धहरूमा अटुट रूपमा प्रवाहित भइरहेको छ । गहनता, चिन्तनशीलता र काव्यात्मकता जस्ता शैलीलाई अँगालेर लेखिएको उनका निबन्धहरू छोटा छोटा वाक्यहरूमा रचित छन् । आलङ्कारिक पदक्रमको ढाँचा, अभिव्यक्तिगत विशिष्टता, हास्यात्मक एवम् व्यङ्ग्यात्मक भाषाको प्रयोग, नेपाली भाषामा प्रचलित तत्सम, तद्भव र आगन्तुक तिनै थरी शब्दहरुको प्रयोग गर्ने निबन्धकार तेजेश्वरका निबन्धहरू प्रायः मझौला आकारका रहेका छन् । प्रथम पुरुष एवम् तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएका उनका निबन्धहरूमा प्रायः प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यी विविध विशेषताहरूले गर्दा तेजेश्वर ग्वंगः नेपाली निबन्ध साहित्यमा सदासर्वदा जीवित, अविस्मरणीय र कालजयी रहिरहने छन् । उनको निबन्ध यात्रा अझैँ टुङ्गिएको छैन । उनको निबन्ध लेखन कला, अर्थपेक्षण गर्न सक्ने सहजपन र कल्पनाको उचाइले उनी देवकोटाका एक सक्षम उत्तराधिकारीका रूपमा चिनिएका छन् भन्दा अत्युक्ति नहोला । ग्वंगः नेपाली साहित्यका एक राष्ट्रिय स्तरका प्रथम श्रेणीका निबन्धकारका रूपमा चिनिँदै आएका छन् र भविष्यमा पनि चिनिने छन् ।

# सन्दर्भ ग्रन्थ सूची

अधिकारी, टेकिन्द्र (छेत्री), (२०६५), **तेजेश्वरबाबु ग्वंगः का नेपाली निबन्धमा सांस्कृतिक पक्षको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग ।

अर्याल, भैरव (सम्पा.), (२०४९), **साझा निबन्ध,** सातौं संस्करण, ललितपुरः साझा प्रकाशन ।

आप्टे, वामन शिवराम, (सन् १९६९), **'सांस्कृतिक हिन्दी कोश'**, दो.सं., बनारसः मोतीलाल बनारसीदास ।

उपाध्याय, केशवप्रसाद, (२०४९), **साहित्यप्रकाश,** पाँ.स. ललितपुर : साझा प्रकाशन, २०४९ ।

के.सी., उपेन्द्र, (२०५९), 'तेजेश्वरबाबु ग्वंगः को अन्तर्वार्ता' **छलफल**, (साप्ताहिक, वैशाख ८, आइतबार), पृ. ५ ।

गुरागाईं, भोलानाथ, (२०५९), **तेजेश्वरबाबु ग्वंगःका नेपाली निबन्धहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग ।

गौतम देवी प्रसाद र खगेन्द्र प्रसाद लुइटेल, (२०५४), **नेपाली निबन्ध,** काठमाडौँ : नवीन प्रकाशन ।

ग्वंगः, तेजेश्वरबाबु, (२०५२), **संस्कृतिका आयाम,** डा. विजया श्रेष्ठ ।

...................., (२०६७), **अवकाशपछिको आकाश**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

थापा, मोहन हिमांशु, (२०४२), **साहित्य परिचय** दो.सं., ललितपुर : साझा प्रकाशन ।

पौड्याल, कृष्णविलास, (२०५४), **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला,** काठमाडौँः नवीन प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह र अन्य, (२०५४), (सम्पा.), **नेवारी, नेपाली, अङ्ग्रेजी शब्दकोश,** काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, घटराज, (२०५६), **नेपाली लेखक कोश,** काठमाडौँ : लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, जयदेव, (२०५४), **साहित्यकार परिचय र अभिव्यक्ति,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, तारानाथ, (२०२७), **नेपाली साहित्यको इतिहास,** काठमाडौँः अक्षर प्रकाशन ।

श्रेष्ठ र शर्मा, दयाराम र मोहनराज, (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास** चौ. सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, (२०४३), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** ललितपुर : साझा प्रकाशन ।

................., (२०५७/०५८), 'आधुनिक नेपाली निबन्ध शिक्षण', **वाङ्मय**, (वर्ष १०, पूर्णाङ्क १०), पृ. ९-१९ ।

......................., (२०५७), **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, काठमाडौं : पाठ्य सामग्री पसल ।